डि.स.का.द.नं. ६७/०५४/०५५ पान नं. ३०३३६३३९० नेफस्कून आ.नं. २७६/०५४/०५५

"मर्यादित सहकारी : समुन्नत समाज"

२८ औं वार्षिक साधारण सभा २०८२



# वार्षिक प्रतिवेदन

२०८१-२०८२

Annual Report 2024-25

# नवप्रतिभा बचत तथा ऋण सहकारी संस्था लि.

Nawaprativa Saving & Credit Co-operative Ltd.

केन्द्रीय कार्यालय :

आरुङ्गखोला, मध्यबिन्दु-१०, नवलपरासी (ब.सु.पू.), गण्डकी प्रदेश, नेपाल

☎ : ०७८-५५५२९५, ५५५१३४, ५५५३१२

E-mail: nawaprativa6@gmail.com | www.nawaprativa.org.np

"नवप्रतिभाको लक्ष्य, खुसी र समृद्ध सदस्य"

## सञ्चालक समिति २०७९-२०८३



**मोहन सिंह थापा बाकबल**
अध्यक्ष



**कृष्णबहादुर चौधरी**
उपाध्यक्ष



**जोगमाया महतो**
सचिव



**कौशिला सापकोटा**
कोषाध्यक्ष



**होमनाथ पोखरेल**
सह-सचिव



**दुर्गालक्ष्मी पाठक काफ्ले**
सदस्य



**तीर्थराज ढकाल**
सदस्य



**गनबहादुर बाकाबल**
सदस्य



**तारादेवी राना**
सदस्य



**लक्ष्मी खत्री क्षेत्री**
सदस्य



**शुभकान्त सुवेदी**
सदस्य



**सन्जु महतो**
सदस्य



**लेखनाथ भट्टराई**
सदस्य



**रामप्रसाद काफ्ले**
प्रमुख कार्यकारी अधिकृत

## लेखा सुपरिवेक्षण समिति



**विजय प्रसाद पाठक**
संयोजक



**टिका बहादुर बाकाबल**
सदस्य



**तारादेवी भुर्तेल**
सदस्य



डि.स.का. दर्ता नं. ६७/०५४/०५५ (Regd. No. 67/054/055) नेफस्कुन आवद्धता नं. २७६

# नवप्रतिभा
## बचत तथा ऋण सहकारी संस्था लि.
Nawaprativa Saving & Credit Co-operative Ltd.

पत्र संख्या (Ref. No.): २०८२/०८३
चलानी नं. (Ch. No.):
मिति (Date): २०८२/०७/१९

श्री ...................................................... ज्यू

......................................................

**विषय :- २८औं वार्षिक साधारण सभामा उपस्थित हुने सम्बन्धमा ।**

उपरोक्त सम्बन्धमा यस नवप्रतिभा बचत तथा ऋण सहकारी संस्था लि. को मिति २०८२/०७/१८ गतेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार २८औं वार्षिक साधारण सभा तपसिलको प्रस्तावहरुमा छलफल गरी निर्णय पारितका लागि निम्न मिति, समय र स्थानमा एकाइगत रुपमा हुने भएकोले यहाँको गरिमामय उपस्थितीको लागि अनुरोध गर्दछौ । साथै संस्थाको संस्थागत विकासमा शेयर सदस्यहरुको महत्वपूर्ण भूमिका हुने भएकोले समयमा नै उपस्थित भई सक्रिय सहभागिताको लागि हार्दिक अनुरोध गर्दछौं ।

**साधारण सभाका प्रस्तावहरु**

१. आ.व. २०८१/०८२ को प्रगति प्रतिवेदन सम्बन्धमा ।
२. आ.व. २०८१/०८२ को आर्थिक प्रतिवेदन सम्बन्धमा ।
३. आ.व २०८१/०८२ को लेखा परीक्षण प्रतिवेदन सम्बन्धमा ।
४. आ.व. २०८१/०८२ को लेखा सुपरिवेक्षण समितिको वार्षिक प्रतिवेदन सम्बन्धमा ।
५. आ.व. २०८२/०८३ को प्रस्तावित वार्षिक नीति तथा कार्यक्रम सम्बन्धमा ।
६. आ.व. २०८२/०८३ को प्रस्तावित वार्षिक बजेट सम्बन्धमा ।
७. आ.व. २०८२/०८३ को लेखा परीक्षकको नियुक्ति र पारिश्रमिक निर्धारण सम्बन्धमा ।
८. संस्थाको विनियम २०८२ पुनर्लेखन तथा संशोधन सम्बन्धमा
९. आन्तरिक नीति तथा कार्यविधिहरु पारित गर्ने सम्बन्धमा ।
१०. शेयर सदस्यहरुलाई लाभांश र संरक्षित पूंजी फिर्ताकोष वितरण सम्बन्धमा ।
११. सम्पत्ति खरिद तथा व्यवस्थापन सम्बन्धमा ।
१२. कार्यक्षेत्र भित्रका सहकारी एकिकरण सम्बन्धमा ।
१३. सञ्चालक समितिलाई अख्तियारी प्रत्यायोजन सम्बन्धमा
१४. सञ्चालक समितिको निर्णय अनुमोदन सम्बन्धमा ।
१५. साधारण सभाको अन्तिम निर्णय पुस्तिका प्रमाणित गर्न प्रतिनिधि चयन सम्बन्धमा ।
१६. विविध ।

**एकाईगत साधारण सभा हुने मिति, स्थान र समय**

| एकाई नं. | सेवा केन्द्र | मिति | स्थान | समय |
|---|---|---|---|---|
| १ | सर्दी | २०८२ मंसिर २१ गते | सर्दी, बगैंचा पाखापानी | विहानको १०:०० वजे |
| | बर्दघाट, सेमरी, त्रिवेणी | २०८२ मंसिर २२ गते | चौपत्ता, खेलमैदान | विहानको १०:०० वजे |
| २ | रामनगर बुटवल, भुमही, सुनवल | २०८२ मंसिर २३ गते | एसियन पार्टी प्यालेस, लुम्बिनी चिनिमिल सि गेट सुनवल | विहानको १०:०० वजे |
| ३ | पूर्वखोला, बाँसटारी | २०८२ मंसिर २५ गते | पूर्वखोला/बासटारी कार्यालय प्राङ्गण | विहानको १०:०० वजे |
| | मित्याल, डेढगाउँ, बुलिङ्टार, रजघरा | २०८२ मंसिर २६ गते | डेढगाउ कार्यालय प्राङ्गण, रामपुर बेजाड | विहानको १०:०० वजे |
| ४ | गैंडाकोट, रजहर | २०८२ मंसिर २७ गते | द नारायणी पार्टी प्यालेस, देवचुली मा.वि रजहर | विहानको १०:०० वजे |
| ५ | कावासोती, गिरुवारी | २०८२ मंसिर २८ गते | कावासोती मनकामनाटोल, हुप्सेकोट ३ गिरुवारी | विहानको १०:०० वजे |
| ६ | आरुङ्खोला, चोरमारा | २०८२ मंसिर २९ गते | रमा स्मृती रंगशाला, आरुङ्खोला | विहानको १०:०० वजे |

**एकाई प्रतिनिधिहरुको निर्णय पुस्तिका प्रमाणित सभा**
मिति : २०८२ पौष ७ गते सोमबार
समय : बिहान ११:०० बजे
स्थान : नेवा:गुठी आरुङ्खोला

..............................................
मोहन सिंह थापा बाकबल
अध्यक्ष

ठेगाना: मध्यबिन्दु -१०, आरुङ्खोला, नवलपरासी
Address: Madhyabindu -10, Aarungkhola,Nawalparasi
फोन नं. : ०७८-५५५२९५,५५५३१२
Ph.No: 078-555295, 555312
इमेल : nawa_prativa@hotmail.com

## संस्थाले पाएको पुरस्कारः

- एशियाली ऋण महासंघ (ACCU) थाईल्याण्डद्वारा लघुवित्त क्षेत्रमा उल्लेख्य योगदान गरे बापत (CUMI PERFORMANCE AWARD 2013) बाट सम्मानित ।
- लघुवित्त क्षेत्रमा उल्लेख्य योगदान गरे वापत नेफ्स्कूनद्वारा लघुवित्त तर्फ देशकै उत्कृष्ट संस्थाको रुपमा वि.सं. २०६९ मा सम्मानित ।
- राष्ट्रिय सहकारी महासंघबाट गण्डकी प्रदेशस्तरीय उत्कृष्ट सहकारी व्यवसाय पुरस्कार २०८० बाट सम्मानित ।
- राष्ट्रिय सहकारी बैंक लि. ललितपुरबाट शाखास्तरीय उत्कृष्ट कारोवार विधा २०७८ बाट सम्मानित
- जिल्ला बचत तथा ऋण सहकारी संघ लि. बाट विभिन्न विधामा ८ पटकसम्म सम्मानित ।
- आन्तरिक राजस्व कार्यालय कावासोतीबाट आ.व २०७९/०८० र २०८०/०८१ मा आयकर तर्फ सवैभन्दा बढी कर दाखिला गर्ने संस्थाको रुपमा सम्मानित ।
- ह्यावितटाट फर ह्यूम्यानिटि नेपालद्वारा सन् २०१३/०१४ मा बेस्ट स्टोरी रिटर्न एण्ड प्रिजेन्टेसन, प्रोपर डकुमेण्टेसन एण्ड रिपोर्टिङ्ग, वेस्ट अर्गनाइजेसन अफ युथ विल्ड २०१३ द्वारा पुरस्कृत ।
- स्थानीय तह तथा सामाजिक संघ-संस्थाहरूबाट विभिन्न विधामा सम्मानित एवम् पुरस्कृत ।

### सदस्य पहिचान फारम भर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना

नेपाल सरकार सहकारी विभागद्वारा जारी गरिएको सम्पत्ती शुद्धीकरण निवारण सम्बन्धी सहकारी संघ/संस्थाहरूलाई जारी गरिएको निर्देशन (पाँचौं संशोधन-२०८२) अनुसार संस्थामा आवद्ध सम्पूर्ण शेयर सदस्यज्यूहरूको सदस्य पहिचान फारम (KNOW YOUR MEMBER–KYM) भर्ने कार्य भइरहेको र केही सदस्यहरुको फारम भर्न छुट भएकोले आ-आफ्नो सदस्यता कायम रहेको सेवाकेन्द्रमा पुगि फारम भर्नुहुन जानकारी गराइन्छ । पहिलो पटक सदस्य पहिचान फाराम (KYM) भरेका सदस्यहरुले समेत पुन: फारम भर्न संस्थामा सम्पर्क गर्नुहुन समेत सूचित गरिन्छ ।

# २८औँ वार्षिक साधारण सभामा प्रस्तुत अध्यक्षको मन्तव्य



मोहन सिंह थापा बाकबल
अध्यक्ष

यस गरिमामय २८औं वार्षिक साधारण सभाका श्रद्धेय प्रमुख अतिथिज्यू, मञ्च आसीन अतिथिज्यूहरू, सल्लाहकारज्यूहरु, लेखा सुपरिवेक्षण समिति तथा विभिन्न उपसमिति, सम्पूर्ण शेयर सदस्य महानुभावहरूमा सञ्चालक समितिको तर्फबाट हार्दिक स्वागत एवम् सहकारी अभिवादन ।

मुलुकको आर्थिक, सामाजिक लगायतका क्षेत्रमा सृजित असहज परिस्थितिका बीचमा हामी संस्थाको २८ औं वार्षिक साधारण सभा सम्पन्न गर्न जुटिरहेका छौं । संस्था "सहकारी मूल्य मान्यता र सिद्धान्त, प्रचलित सहकारी ऐन, नियम, नीति, विधि र सुशासनको परिधीभित्र रही वित्तीय जोखिमको संवेदनशीलतालाई आत्मबोध गरी सदस्यहरुको आवश्यकता र चाहनालाई उच्च प्राथमिकतामा राख्दै अनेकौं चुनौतीहरुको सामना गर्दै वर्तमान अवस्थासम्म आइपुग्न सफल भएको छ । संस्थालाई यस अवस्थासम्म ल्याई पुऱ्याउन अतुलनीय योगदान पुऱ्याउनुहुने स्थापनाकालदेखि वर्तमानसम्मका अग्रजहरुप्रति उच्च सम्मान तथा हार्दिक आभार व्यक्त गर्दछु । साथै संस्थालाई अगाडि बढाउने क्रममा स्वर्गवास हुनुभएका पूर्व अध्यक्ष ध्रुव बहादुर थापा क्षेत्रीज्यू र उपाध्यक्ष मुक्ति बहादुर थापाज्यूले यस संस्थामा पुऱ्याउनुभएको योगदानको स्मरण गर्दै उहाँहरुको अमर आत्माको कामना गर्दछु ।

सहकारी संस्था समुदायमा आधारित सामाजिक व्यवसाय एवम् गरिबी न्यूनीकरण र समाजवादको लागि संसारकै उत्कृष्ट मोडल हो । सदस्यको विश्वास र सक्रिय सहभागिता भएमा संस्थाको संस्थागत विकाससँगै सदस्यहरुको आर्थिक, सामाजिक, सांस्कृतिक रुपान्तरण सम्भव हुन्छ भन्ने कुरा २०५४ साल पौष १६ गते औपचारिक रुपमा मध्यविन्दु-१०, आरुङ्खोलामा २७ जना युवाहरुको प्रति व्यक्ति रु. ४०० का दरले रु १०८०० बाट स्थापित भई हालसम्म ५१३८० सदस्य माँझ पुगी उत्कृष्ट वित्तीय तथा गैरवित्तीय सेवा प्रदान गर्दै रु. ३ अर्ब ५० करोड ६५ लाख ३७ हजार ५ सय ९० कूल पूँजी सङ्कलन गर्दै राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरबाट पुरस्कृत र सम्मानित भई नेपालकै नमूना संस्थाको रुपमा पुग्न सफल हुनुले पुष्टि गर्दछ ।

**आदरणीय शेयर सदस्यज्यूहरु**

सहकारी ऐन २०७४ ले केही आश्वस्त बनाएपनि सहकारी मैत्री नियमावली जारी हुन नसक्नु, ऐनमा व्यवस्था भएका कर्जा सूचना केन्द्र, कर्जा असुली न्यायधिकरण, सहकारी बचत तथा कर्जा सुरक्षण कोषजस्ता विषयको कार्यान्वयनमा ढिलाई गर्नु, स्थानीय, प्रदेश, संघीय ऐन, सहकारी विभाग र राष्ट्रिय सहकारी नियमन प्राधिकरणबाट जारी फरक फरक मापदण्ड तथा निर्देशन आदिका कारण अभियान र सहकारी संघ संस्थामा अन्यौल सृजना हुनु, केही सहकारी संस्थाहरु नीति, विधि र सुशासनको परिधि भन्दा बाहिर रही सञ्चालन भएका कारण समग्र सहकारी अभियानप्रति नै नकारात्मक सोचको विकास भएको

पाईन्छ । अर्कोतर्फ विश्वव्यापी रुपमा छाएको आर्थिक मन्दी तथा अर्थतन्त्रमा देखा परेका नयाँ नयाँ चुनौतीहरुका कारण सहकारी तथा बैंक वित्तीय संस्थामा अधिकतम पुँजी सञ्चितीको समस्या अहिलेसम्म कायम रहेको छ । देशका उद्योग, कलकारखाना तथा व्यवसाय धरासायी हुदै जानु, बौदिक पलायन, पूँजीको पलायन, उत्पादनको लागि प्राविधिक ज्ञानको अभाव, उत्पादित वस्तुको बजार नहुनु, न्यायोचित मूल्य प्राप्त नहुनु, आदि जस्ता प्रतिकूल परिस्थितिका कारण आ.व. २०८१/०८२ समग्र वित्तीय क्षेत्रका लागि सन्तोषजनक रहन सकेन । गत आ.व.मा संस्थाको लक्ष्य बमोजिमका आर्थिक तथा सामाजिक क्रियाकलापहरु पूर्णरूपमा कार्यान्वयनमा ल्याउन नसकिए तापनि वित्तीय सूचाङ्कको हिसाबले यस वर्ष पनि सन्तोषजनक नै रहेको व्यहोरा सभा समक्ष निवेदन गर्दछु । सहकारी संस्थाको संस्थागत विकास, सुदृढीकरणको लागि सक्षम, योग्य र उच्च नैतिकवान नेतृत्व, अनुभवी, क्षमतावान व्यवस्थापन एवम् वित्तीय रूपमा अनुशासित सदस्यहरूको आवश्यकता पर्दछ । जुन कुरा हाम्रो संस्थाको सबल पक्षको रूपमा रहेको व्यहोरा स्मरण गराउन चाहन्छु ।

संस्थाले “संस्थागत सक्षमता विकास” र “खुशी र समृद्ध सदस्य” मूल ध्येय बनाई उत्कृष्ट वित्तीय सेवा, सदस्य सन्तुष्टि र धन सिर्जनाका क्षेत्रमा काम गर्दै आईरहेका छौं । संस्थाका वित्तीय विवरणहरुलाई प्रचलित कानुन बमोजिम समायोजन गर्दै आ.व २०८१/०८२ को बाह्य लेखापरीक्षण नेपाल वित्तीय मान (NFRS) अनुसार सम्पन्न गरिएको छ । पर्ल्स अनुगमन प्रणाली अनुसार वित्तीय विवरणहरुको विश्लेषण गर्दै आईरहेका छौं । सदस्यको आवश्यकता र चाहना बमोजिमका सेवा प्रवाहको लागि संस्थाका आन्तरिक नीति तथा कार्यविधि निर्माण तथा संशोधन गरिएको छ । सहकारी विभागद्वारा जारी COPOMIS Software मा सदस्यहरुको विवरण तथा समष्टिगत प्रतिवेदन प्रविष्टि र सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी सहकारी संघ संस्थाहरूलाई जारी निर्देशन बमोजिम सदस्यहरूको KYM अद्यावधिक, GoAML System मार्फत सीमा कारोबारको प्रतिवेदन र वार्षिक जोखिम मूल्याङ्कन प्रतिवेदन तोकिएको समयमा पठाइएको छ । राष्ट्रिय सहकारी नियमन प्राधिकरणद्वारा जारी मापदण्ड बमोजिम विवरण क्रमश: अद्यावधिक गर्दै आइरहको छ भने सोही बमोजिम आवश्यक कर्जा जोखिम कोषको व्यवस्था गरिएको छ । सहकारी ऐनमा व्यवस्था भएको सहकारी प्रवर्द्धन कोष र स्थिरीकरण कोषमा नियमित रुपमा रकम जम्मा गरिएको छ । संस्थाको लेखा सुपरिवेक्षण समिति र आन्तरिक कर्मचारीको टिमबाट आन्तरिक लेखा परीक्षण गरिँदै आएकोमा थप प्रभावकारिताका लागि बाह्य फर्मलाई नियुक्त गरी आन्तरिक लेखा परीक्षणको शुरुवात गरिएको छ । संस्थागत पहिचान वृद्धि तथा सदस्यहरूलाई सरल र सहज रुपमा सम्पूर्ण सेवा प्रवाहको लागि सबै सेवा केन्द्रहरूको भौतिक पूर्वाधारको स्तरोन्नति तथा आवश्यक उपकरण एवम् सामग्रीहरूको व्यवस्थापन गर्दै आईरहेका छौं । वित्तीय सेवासँगै गैरवित्तीय सेवा अन्तर्गत सामाजिक तथा साँस्कृतिक रुपान्तरणका लागि स्वास्थ्य, शिक्षा, क्षमता अभिवृद्धि, व्यवसायिकता र उद्यमशीलता विकास सम्बन्धी कार्यक्रमहरु, सामाजिक उत्तरदायित्व अन्तर्गत सदस्य र समुदायमा आपतकालिन अवस्था (बाढी, पहिरो र दुर्घटना) मा राहत, सहयोग र उद्धार गर्ने कार्य गरिरहेको छ । साना आकारका र धितो सुरक्षणका कर्जाहरुलाई प्राथमिकता दिदै कर्जा लगानी गरिएको छ । कृषि र पशुपालन क्षेत्रमा सदस्यहरुलाई थप सेवा प्रवाहका लागि स्थानीय पालिका तथा सामाजिक संघ-संस्थाहरुसँग सहकार्य गरिएको छ । संस्थाको तरलताको अवस्था र वर्तमान

प्रतिस्पर्धी वित्तीय बजार विश्लेषण गरी बचत तथा ऋण सेवाहरु र व्याजदर संशोधन गरिएको छ । सदस्यहरुलाई स्वास्थ्य क्षेत्रमा सहुलियत प्रदान गर्न विभिन्न हस्पिटलहरुसँग सहकार्य गरिएको छ । संस्था र सदस्यबीच विश्वासको वातावरण कायम राख्नका लागि सदस्य शिक्षा, अन्तरक्रिया, विस्तारित मञ्च, वित्तीय साक्षरता, प्रविधि साक्षरता आदि कार्यक्रम न गरिएको छ भने सामाजिक सञ्जालबाट समेत संस्थाका गतिविधि तथा सूचना सम्प्रेषण गरी सदस्यहरुलाई जागृत गराउने कार्य गरिरहेका छौं । सञ्चालक समिति, उपसमिति र कर्मचारीहरूको दक्षता, वृद्धि विकास एवम् क्षमता अभिवृद्धिका कार्यक्रमहरुलाई नियमित रुपमा सञ्चालन गरिरहेका छौं । समुदाय तथा विद्यालयतहमा सामाजिक व्यवसाय अन्तर्गत तीन शून्य 3'0' (0 Poverty, 0 Unemployment, 0 Carbon Emission ) सम्बन्धमा २ वर्षे कार्ययोजना तयार गरी कार्यक्रमहरू सञ्चालन गर्दै आइरहेका छौं । सहकारी ऐनमा भएको व्यवस्था र यस साधारण सभाबाट पारित भए बमोजिम लाभांश र संरक्षित पूँजी फिर्ता एकमुष्ट वितरण गरिने छ । संरक्षित पूँजी फिर्ताकोष संस्थामा नियमित बचत गरेका र भाखा ननघाई ऋणको कारोवार गर्ने सदस्यलाई कारोवारको आधारमा वितरण गरिने भएकोले संस्थासँग ऋण कारोबार गर्ने सदस्यहरुलाई कर्जाको भाखा ननघाई असल कारोबार गर्नहुन आग्रह गर्दछु ।

**आदरणीय शेयरसदस्यज्यूहरू**

चालु आ.व. मा तरलता व्यवस्थापन, दक्ष जनशक्ति व्यवस्थापन, सुरक्षित ऋण लगानी, पूँजी व्यवस्थापन, बैक वित्तीय संस्थाहरुबाट प्राय: व्याजदर शुन्य बनाइनु आदि जस्ता चुनौतीहरुको सामना गर्नुपर्ने अवस्था रहेको छ । यी चुनौतीहरु सामना गर्नका लागि आवश्यक रणनैतिक योजना निर्माण गरिनेछ । संस्थामा रहेको पञ्चवर्षीय व्यवसायिक योजना, नीति, कार्यविधिहरुलाई संशोधन परिमार्जन गरी समयसापेक्ष बनाउदै, संस्थाका सेवाहरुमा विविधीकरण गरी अझ बढी गुणस्तरीय बनाईनेछ । संभाव्यता अध्ययन गरी सेवा विस्तार एवम् सदस्य वृद्धि गरिनेछ । संस्थाको ख्याती वृद्धिका लागि विभिन्न निकायबाट सञ्चालन गरिएका ब्राण्डीङ्ग कार्यक्रममा सहभागी हुने योजना अगाडि सारेको छु ।

सदस्यहरुको सचेतना, क्षमता अभिवृद्धि, र उद्यमशीलता व्यवसायिक विकास, स्वरोजगार सृजनामा जोड दिई आवश्यक कार्यक्रमहरु सञ्चालन गरिनेछ । चालु वर्षमा कृषि क्षेत्र अन्तर्गत पशुपालन, तरकारी खेती, दुध तथा मासुजन्यवस्तु उत्पादन, प्रशोधन, बिक्री वितरण पर्यटन प्रवर्द्धनका कार्यक्रमहरुमा युवाहरुको सहभागीता वृद्धि गर्दै स्वरोजगार बनाइनेछ । यसको सहजीकरण र व्यवस्थापनका लागि प्राविधिक जनशक्तिको समेत व्यवस्था गरिनेछ । कृषि प्रविधि तथा अर्गानिक वस्तु उत्पादनमा जोड दिईनेछ । संस्थाको आन्तरिक श्रोत र सरोकारवाला निकायसँग सहकार्य गरी सञ्चालन गरिएका प्रवर्द्धनात्मक तथा व्याज अनुदान कार्यक्रमहरुलाई थप प्रभावकारी बनाउदै अन्य क्षेत्रमा पनि विस्तार गरिनेछ । निजी क्षेत्र, नागरिक समाज, स्थानीय सरकार र सरकारी/गैरसरकारी निकायसँगको सहकार्यमा समुदाय तथा सदस्यहरुको हित हुने खालका कार्यक्रम सञ्चालनका लागि सहकार्य गरिनेछ । सदस्य राहत कार्यक्रम तथा विगतमा सञ्चालन गरिएका शिक्षा, स्वास्थ्य, सामाजिक उत्तरदायित्व तथा राहत, पुरस्कार, सम्मान, प्रोत्साहन, क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रमलाई निरन्तरता दिइनेछ । सदस्य एवम् वित्तीय शिक्षा, विस्तारित मञ्च, अन्तरक्रिया कार्यक्रमहरुलाई व्यापक बनाई सदस्यहरुको गुनासो तथा पृष्ठपोषण लिई सोको सम्बोधन तथा कार्यान्वयनमा जोड दिइनेछ । संस्थाले धन जमानी, समूह जमानी र धितो सुरक्षणका आधारमा लगानी गरिएका ऋणहरुलाई

थप सुरक्षित र प्रभावकारी बनाईनेछ । कार्यक्षेत्रभित्रका सहकारी संस्थाहरूलाई एकिकरण गरिनेछ। संस्थाको स्रोतसाधनलाई दृष्टिगत गरी कर्मचारीहरूको सेवा सुविधा एवम् सुरक्षाको सुनिश्चतता गरिनेछ । सो का लागि चालु आ.व. देखि कर्मचारी सञ्चय कोष र सामाजिक सुरक्षाकोषमा आवद्ध भइनेछ । हाल भइरहेको १९१ जनशक्तिमा ४ जना थप गरी १९५ पुऱ्याइनेछ । कार्यसम्पादन मूल्याङ्कनका आधारमा राष्ट्रिय, अन्तर्राष्ट्रिय तालिम, गोष्ठीहरुमा सहभागी गराउने र पुरस्कार, सम्मान गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ । सहकारीको सकरात्मक पक्ष अनुसरण एवम् नविनतम सिकाईको लागि विभिन्न प्रकृतिको संघ-संस्था र स्थलहरुको अध्ययन अवलोकन गराइनेछ । परिस्थितिजन्य कारणले ऋण भुक्तानी गर्न नसकेका सदस्यहरुलाई आवश्यक सहजीकरण गरिनेछ भने लामो समय देखि कर्जा भुक्तानीको लागि अनुरोध गर्दा समेत अटेर गरी कर्जा भुक्तानी नगर्ने सदस्यहरुलाई चालु आ.व. मा कानुनी प्रक्रिया अगाडि बढाइनेछ ।

संस्थाको वित्तीय स्थिति सुदृढ भइरहेको अवस्थामा केही ऋणी सदस्यहरूले संस्थालाई तिर्नुपर्ने सावाँ ब्याज समयमा भुक्तानी नगर्दा संस्थालाई व्ययभार थपिदै गएको छ । जसले गर्दा संस्थाले यस आ.व. मा असुल हुने ब्याजको केही अंशलाई जोखिमकोषमा राख्नुपरेको छ । त्यसैले संस्थाबाट लिएको कर्जाको सही सदुपयोग गर्दै नियमित रुपमा किस्ता भुक्तानी गरी संस्था तथा सदस्यहरुलाई उचित प्रतिफल प्रदान गर्ने कार्यमा सक्रिय भूमिका निर्वाह गर्नुहुन र संस्थाका गतिविधि र वित्तीय कारोवार बारे नियमित रुपमा जानकारी लिनुहुन समेत अनुरोध गर्दछु ।

अन्त्यमा,

यस गरिमामय सभासम्म आईपुग्दा हालसम्म अनेकन सफलता प्राप्त गरी उत्कृष्ट संस्था निर्माणका लागि महत्वपूर्ण भूमिका निर्वाह गर्नुहुने सम्पूर्ण शेयरसदस्यज्यूहरू, संस्थापकज्यूहरू, पूर्व सञ्चालकज्यूहरू, वर्तमान सञ्चालकज्यूहरू, लेखा तथा सुपरिवेक्षण समितिका मित्रहरु, सल्लाहकारज्यूहरु, विभिन्न उपसमिति, उच्च व्यवस्थापन एवम् कर्मचारी मित्रहरु साथै संस्थालाई सहयोग गर्ने बैक, वित्तीय संस्था, नियमनकारी निकाय, स्वाबलम्बन विकास केन्द्र, जिल्ला बचत संघ, जिल्ला सहकारी संघ, स्थानीय निकाय लगायत सम्पूर्ण शुभेच्छुकहरुलाई उहाँहरुले संस्थाको प्रगतिका लागि पुऱ्याउनु भएको महत्वपूर्ण योगदानको लागि हार्दिक धन्यवाद प्रकट गर्दछौं । संस्थालाई प्रगति पथमा डोऱ्याउन मौजुदा सञ्चालक समिति अझ बढी जिम्मेवारीपूर्वक कर्तव्यनिष्ठ भई भूमिका निर्वाह गर्नेछ भन्ने यहाँहरु माझ प्रतिबद्धता व्यक्त गर्दै बिदा हुन चाहन्छु ।

धन्यवाद !

## सुझाव तथा सल्लाह टिपोट

तपाईंको सकारात्मक सुझावले संस्थालाई सदैव मार्गदर्शन गर्नेछ तसर्थ आफूलाई लागेका कुराहरू हामीलाई जानकारी गराउनुहुन अनुरोध गर्दछौं ।

# २८औँ वार्षिक साधारण सभामा प्रस्तुत आ.व. २०८१/०८२ को प्रगति प्रतिवेदन तथा चालु आ.व. २०८२/०८३ को प्रस्तावित नीति तथा कार्यक्रम



जोगमाया महतो
सचिव

२८औं वार्षिक साधारण सभाका सभाध्यक्षज्यू, प्रमुख अतिथिज्यू, आमन्त्रित अतिथिज्यूहरु, सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति, सल्लाहकारज्यूहरू, विभिन्न उप-समिति, शेयर सदस्यज्यूहरू, कर्मचारी तथा शुभेच्छुक महानुभावहरूमा सहकारी अभिवादन !

सहकारीको मूल्य मान्यता र सिद्धान्त अनुरूप स्थानीयस्तरमा छरिएका स-साना पूँजीहरूको परिचालन मार्फत सदस्यहरुको आर्थिक, सामाजिक र सांस्कृतिक विकास, गर्दै "**स्वावलम्बी र समृद्ध समाज निर्माण**" गर्ने परिकल्पनाका साथ २०५४/०९/१६ मा स्थापित यस संस्थाले ऐतिहासिक २७ औं वर्ष विभिन्न आरोह-अवरोहको सामना गर्दै सफलतापूर्वक पार गरेको छ । यहाँहरूको अमूल्य पृष्ठपोषण निरन्तर साथ एवम् सहयोगले हामीलाई यस अवस्थासम्म आईपुग्न र अझ थप कार्य गर्न उत्साहित बनाएको छ । ग्रामीण क्षेत्रका विपन्न वर्गलाई पहिलो प्राथमिकतामा राखि "**एकका लागि सबै, सबैका लागि एक**" भन्ने मूल मन्त्रलाई आत्मसात गरी बचत, ऋण र सामाजिक कार्यक्रमहरु सञ्चालन गर्दै आईरहेको छ । संस्थाले एशियाली ऋण महासंघ थाईल्याण्ड, राष्ट्रिय सहकारी महासंघ ललितपुर, नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून), काठमाण्डौ, आन्तरिक राजस्व कार्यालय, कावासोती, राष्ट्रिय सहकारी बैंक एवम् जिल्ला बचत संघ, स्थानीय तह तथा सामाजिक संघ-संस्थाबाट विभिन्न विधामा पुरस्कृत र सम्मानित हुदै सहकारी अभियानमा एक अग्रणी र सक्षम संस्थाको रूपमा आफ्नो ख्याती तथा पहिचान बनाउन सफल भएको छ ।

**आदरणीय शेयर सदस्यज्यूहरु**

आ.व. २०८१/०८२ मा राष्ट्रव्यापीरुपमा व्यापार, व्यवसाय तथा उद्योग क्षेत्रमा छाएको मन्दी तथा युवाहरुको विदेश पलायन, आयात-निर्यातमा असन्तुलन, नीतिगत असहजता, राजनीतिक अस्थिरता, लगानीका क्षेत्रमा सङ्कुचन, विश्वासको कमी आदिका कारण समग्र वित्तीय क्षेत्र र अर्थतन्त्रमा नै नकारात्मक प्रभाव देखा पर्न गयो । सोको प्रभाव स्वरुप आ. व. २०८१/०८२ भरि नै अधिक तरलता, ऋण लगानीमा कमि, बैंकहरुको न्यून व्याजदर आदि कारणले वित्तीय सूचकहरुमा लक्ष्य बमोजिम उपलब्धी हासिल गर्न नसकिएको व्यहोरा अवगत गराउँदछु तथापि संस्थाको सुझबुझपूर्ण निर्णय, सदस्यहरुको साथ, सहयोग र सक्रियताका कारण विषम परिस्थितीको प्रभावलाई समेत न्यून बनाउँदै वर्तमान अवस्थासम्म आउन सफल भएका छौं ।

सहकारी संस्थाहरु सहकारीको मूल्य मान्यता, सिद्धान्त, आचरण र सदस्य केन्द्रित भई सञ्चालन हुनु पर्दछ । उक्त मान्यता विपरित सञ्चालित संस्थाहरुमा उत्पन्न परिस्थितीका कारण समग्र अभियानमा प्रश्न उठेका छन् तर सदस्य केन्द्रित र समुदायमा आधारित भएर सञ्चालन भएका संस्थाहरुमा भने समस्या देखिएको छैन ।

वर्तमान समयमा नेपाल सरकारका विभिन्न निकायबाट बचत तथा ऋण सहकारीहरुलाई मात्र नियमन गर्नका लागि जारी मापदण्ड तथा निर्देशनको परिपालन, समुदायमा सहकारीप्रति देखिएको वितृष्णा, वित्तीय अनुशासनको कमि, निराश तथा परिवर्तित मानसिकता, उपभोग तथा खर्चलाई बढी प्राथमिकतामा राख्ने जस्ता प्रवृतिबाट उत्पन्न हुने परिस्थितिको सामना गर्दै संस्थालाई सुरक्षित रुपमा सञ्चालन गर्नु आजको आवश्यकता तथा चुनौती रहेको छ । यी चुनौतीहरुप्रति सचेत रहदै संस्थामा उपलब्ध श्रोत, साधन र पद्धतीलाई समयसापेक्ष परिमार्जित र परिस्कृत गरी नीति, विधि र प्रविधि मार्फत प्रतिस्पर्धी एवम् गुणस्तरीय सेवा प्रवाह, बचत सुरक्षा र न्यायोचित प्रतिफलका लागि संस्था सदैव क्रियाशिल रहने प्रतिवद्धता व्यक्त गर्दछौं ।

**आदरणीय शेयर सदस्यज्यूहरु**

**अब म २७औं वार्षिक साधारण सभाबाट स्वीकृत नीति तथा कार्यक्रमहरुको प्रगति समीक्षा यहाँहरु समक्ष प्रस्तुत गर्न चाहन्छु ।**

१. संस्थाको वार्षिक बजेट, कार्यक्रमहरू तथा साधारण सभाले निर्देशित गरेका कार्यक्रमहरू कार्यान्वयनको लागि आ.व. २०८१/०८२ मा सञ्चालक समितिको एकल तथा विभिन्न उपसमितिहरुसँगको संयुक्त गरी १३ वटा बैठक सम्पन्न भएको छ । सो बैठकहरुमा संस्था सञ्चालन तथा नीतिगत विषयमा महत्वपूर्ण निर्णयहरू गरिएको छ । संस्थाको कार्य सञ्चालनमा चुस्तता र प्रभावकारीका लागि लेखा सुपरिवेक्षण समिति तथा संस्थाका विभिन्न उपसमितिहरुसँग एवम् व्यवस्थापन र कर्मचारीहरुको औपचारिक तथा अनौपचारिक बैठकसमेत सम्पन्न भएको छ ।

**२) सदस्यता विस्तार तथा पूँजी परिचालन तर्फ**

**संस्थाको कार्यक्षेत्रभित्र र अन्य वित्तीय संघ संस्थामा आवद्ध नरहेका व्यक्तिहरुलाई संस्थामा आवद्ध गराउने संस्थाको नीति बमोजिम सदस्यता वृद्धि गर्दै तपसिल बमोजिमको सदस्यता र पूँजी परिचालन गर्न सफल भएको छ ।**

| विवरण | २०८०।०८१ | २०८१।०८२ | विवरण | २०८०।०८१ | २०८१।०८२ |
|---|---|---|---|---|---|
| शेयर सदस्यता | ४८१३० | ५०६८६ | जगेडा कोष | २३९९०८५४६ | २५०२९७०१९ |
| शेयरपूँजी | ४०७९२५५०० | ४१९७८२३०० | अन्य कोष | ८७८०४७०५ | ६६५१४४०४ |
| बचत बाँकी | २०८३०७९९१३ | २३९१६८०८५८ | बाह्य ऋण | १९०३२४७ | १०४१६६७ |
| ऋण लगानीमा बाँकी | १९८२२५२२५५ | १९८७८८२९८१ | कूल पूँजी | ६८२५६२८७४ | ७०७१६६२३१ |
| ब्याज असुली | २८२३२८०८४ | २७११६२९१४ | कूल आय | ३५२४५२११३ | ३२८४५७९४२ |
| उठ्न बाँकी ब्याज | २२३५५४६१ | २७१७५७९५ | कूल ब्यय | २६९३६६४३४ | २९४५०००८५ |
| भा. ना. ऋण | ६६६७७३३७ | ६५४७३१७० | सञ्चालन बचत | ८३०८५६७९ | ३३९५७८५७ |

**३) आ.व २०८१/०८२ मा सदस्य राहत तथा सामाजिक उत्तरदायित्वतर्फ तपसिल बमोजिमको राहत, सुविधा तथा कर्जा मिनाहा गरिएको छ ।**

| क्र.स. | विवरण | संख्या | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | सदस्य मृत्यु | ६३ | ८९२००० | |

| क्र.स. | विवरण | संख्या | रकम | कैफियत |
|---|---|---|---|---|
| २ | हकवाला मृत्यु | १०५ | ८५४००० | |
| ३ | सुत्केरी सुविधा | २२४ | २४६४०० | |
| ४ | दैवी प्रकोप (बाढी, पहिरो, डुवान) | १३९ | २४३५२० | |
| ५ | दिर्घरोग उपचार | ४ | २५००० | |
| ६ | चिन्तामुक्त कार्यक्रम (ऋण मिनाहा) | २५ | २६६७०४२ | |
| | जम्मा | ५६० | ४९२७९६२ | |

**४. सदस्यहरुको व्यवसाय प्रवर्द्धन, क्षमता अभिवृद्धि सचेतना तथा सुविधा तर्फ**

- उद्यम र उद्यमशीलताका लागि सदस्यहरुलाई उत्प्रेरित गर्दै राष्ट्रियस्तरका कार्यक्रमहरुमा समेत पुरस्कृत र सम्मानित हुने अवसर प्रदान गरिएको छ ।
- सदस्यहरुमा सहकारीप्रतिको बुझाइको विकासका लागि वित्तीय शिक्षा, सहकारी शिक्षा, विस्तारित मञ्च आदि कार्यक्रमहरुलाई व्यापक बनाइएको छ ।
- गैरवित्तीय कार्यक्रम अन्तर्गत विपन्नसँग नवप्रतिभा, सुनौलो बिहानी, पढ्दै कमाउदै, कमाउदै पढ्दै, स्वास्थ्य तथा वातावरण संरक्षण, कृषि, पशुपालन प्रवर्द्धन, सदस्य शिक्षा, प्रविधि शिक्षा, व्यवसायिक शिक्षा, अन्तरक्रिया, पारिवारिक भेला आदि कार्यक्रमहरु नियमित सञ्चालन गरिएको छ ।
- कृषकहरुद्वारा उत्पादित दुग्धजन्य वस्तुको बजारीकरणका लागि सहयोग गरिएको छ।
- व्यवसायिक कृषि क्षेत्रका सदस्यहरुलाई बढी भन्दा बढी सेवा प्रदान गरी कृषि प्रवर्द्धन, उत्पादन वृद्धि र बजारीकरणका लागि स्थानीय पालिकासँग सहकार्य र सम्झौता गरिएको छ ।
- जिल्ला सहकारी संघ, नवलपरासी (ब.सु.प.) द्वारा सञ्चालित शीत भण्डार (Cold Store) मा पहुँच र उत्पादित वस्तुको मूल्य श्रृंखलाका लागि शेयर लगानी गरी उत्पादित वस्तुको स्टोरको थालनी गरिएको ।
- नेपाल सरकारका विभिन्न निकायसँग सहकार्य गरी सहुलियत दरमा कृषि तथा पशुपालन क्षेत्रमा कर्जा लगानी गर्ने कार्यलाई निरन्तरता दिईएको छ ।
- **सो सम्बन्धी आ.व. २०८१/०८२ मा निम्न बमोजिमका कार्यक्रम सम्पन्न गरिएको थियो :**

| क्र.स. | कार्यक्रम | सहभागिता | कार्यक्रम संख्या | आयोजक/ स्थान | लाभान्वित संख्या |
|---|---|---|---|---|---|
| १ | वित्तीय साक्षरता | सेवा केन्द्रका सदस्यहरु | ६१ | नवप्रतिभा साकोस | २१९० |
| २ | सदस्य शिक्षा, विस्तारित मञ्च कार्यक्रम | सेवा केन्द्रका सदस्यहरु | ३२ | नवप्रतिभा साकोस | २६९४ |
| ३ | प्रविधि साक्षरता कार्यक्रम | सेवा केन्द्रका सदस्यहरु | ११ | नवप्रतिभा साकोस | ३१३ |
| ४ | सहकारी शिक्षा तथा अन्तरक्रिया कार्यक्रम | सेवा केन्द्रका सदस्यहरु | २८ | नवप्रतिभा साकोस | २५४२ |

| क्र.स. | कार्यक्रम | सहभागिता | कार्यक्रम संख्या | आयोजक/ स्थान | लाभान्वित संख्या |
|---|---|---|---|---|---|
| ५ | उद्यमशीलता सम्बन्धी अभिमुखिकरण कार्यक्रम | सेवा केन्द्रका सदस्यहरु | ५ | नवप्रतिभा साकोस | २५० |
| ६ | सहकारी अध्ययन अवलोकन भ्रमण | बर्दघाट सेमरी सेवा केन्द्र | २ | जनउत्थान/ वनबाटिका लुम्बिनी | १०२ |
| ७ | कौसी खेती तथा जैविक मल व्यवस्थापन तालिम | बर्दघाट, भुमही सेवा केद्रका सदस्यहरु | ४ | नवप्रतिभा साकोस | १४६ |
| ८ | व्यवसायिक च्याउ खेती | बुलिङ्गटार सेवा केद्रका सदस्यहरु | १ | नवप्रतिभा साकोस | २१ |
| ९ | आलुको विउ वितरण कार्यक्रम | आरुङ्गखोला र मित्याल सेवा केन्द्रका सदस्यहरु | २ | नवप्रतिभा साकोस | २१९ |
| १० | भक्का बनाउने तालिम | आरुङ्गखोला र बर्दघाट सवा केन्द्रका सदस्यहरु | २ | नवप्रतिभा साकोस | २३ |
| ११ | बाद्यवाधन तालिम | चोरमारा सेवा केन्द्रका सदस्यहरु | १ | नवप्रतिभा साकोस | १७ |
| १२ | भैसीपालन व्यवसायमा सहजीकरण | डेढगाउँ सेवा केन्द्रका सदस्यहरु | १ | बौदीकाली गा.पा. तथा नवप्रतिभा साकोस | १९ |
| जम्मा कार्यक्रम र सहभागी संख्या | | | १४९ | | ८५३६ |

**५. संस्थाद्वारा आ.व. २०८१/०८२ मा प्रवर्द्धनात्मक कार्यक्रमहरुतर्फ निम्न बमोजिमका कार्यक्रम सम्पन्न गरिएको थियो ।**

| क्र.स. | कार्यक्रम | सहभागिता | कार्यक्रम संख्या | स्थान | लाभान्वित/ सहभागी संख्या |
|---|---|---|---|---|---|
| १ | खेलकुद प्रवर्द्धनका लागि खेलकुदमा नवप्रतिभा कार्यक्रमबाट सहयोग | ४ वटा युवा क्लव | ४ | गिरुवारी, सर्दी, गैडाकोट | ५५० |
| २ | सामुदायिक बैठक भवन निर्माणका लागि सहयोग | संस्थाका सदस्यहरु | १ | मध्यविन्दु-१४, द्वारी | १०० |
| ३ | संस्कृति जगेर्नाका लागि तीज गित प्रतियोगिता, | सेवा केन्द्र आरुङ्गखोलाका सदस्यहरु | १ | मध्यविन्दु-१० आरुङ्गखोला | ६०० |

| क्र.स. | कार्यक्रम | सहभागिता | कार्यक्रम संख्या | स्थान | लाभान्वित/ सहभागी संख्या |
|---|---|---|---|---|---|
| ४ | रक्त सञ्चार केन्द्र र जिल्ला रेडक्रस कार्यालय कावासोतीसँग सहकार्य गरी रक्तदान कार्यक्रम सञ्चालन | केन्द्रीय कार्यालय तथा सेवा केन्द्र आरुङ्गखोलाका सदस्यहरु | १ | मध्यविन्दु-१० आरुङ्गखोला | ३०० |
| ५ | मध्यविन्दु न.पा १० नं. वडासँग सहकार्य गरी योग ध्यान शिविर सञ्चालन | आरुङ्गखोला क्षेत्रका सदस्य तथा बासिन्दा | १ | मध्यविन्दु-१० आरुङ्गखोला | १२० |
| | जम्मा सहभागी संख्या | | | | १६७० |

**६. सम्मान तथा पुरस्कार**

- आ.व. २०८१/०८२ मा सेवा केन्द्रबाट उत्कृष्ट बचत गर्ने, पूँजी वृद्धिमा योगदान पुऱ्याउने, उत्कृष्ट उद्यमी सदस्य, उत्कृष्ट समूह, सक्रिय सदस्य, सक्रिय उप-समिति, जेहेन्दार विद्यार्थी, जेष्ठ नागरिक र उत्कृष्ट कर्मचारीहरुलाई निम्नानुसार सम्मान तथा पुरस्कृत गरिएको छ ।

**तपसिल**

| क्र.सं. | विधा | संख्या | क्र.सं. | विधा | संख्या |
|---|---|---|---|---|---|
| १ | बचत तर्फ | २६ | ७ | जेष्ठ नागरिक सम्मान तर्फ | ८६ |
| २ | पूँजी वृद्धि तर्फ | १७ | ८ | शैक्षिक सामाग्री (मा.वि. तह) तर्फ | १३८ |
| ३ | व्यवसायी/उद्यमी तर्फ | ३६ | ९ | १०+२ वार्षिक शुल्क | ७ |
| ४ | सक्रिय सदस्य तथा उपसमिति सदस्य | १६ | १० | विक्लाङ्ग उद्यमी सदस्य | ४ |
| ५ | एकल उद्यमी सदस्य | १२ | ११ | उत्कृष्ट कर्मचारी तर्फ | ५ |
| ६ | उत्कृष्ट समूह तर्फ | ३८ | | जम्मा | २४० |
| | जम्मा | १४५ | | कूल जम्मा | ३८५ |

**७.** आ.व. २०८१/०८२ मा सामाजिक व्यवसाय अन्तर्गत गठन भएको 3 "0" क्लवले शुन्य कार्बन, शुन्य गरिबी र शुन्य प्रदुषणका लागि स्थानीय समुदायसँग सहकार्य गरी निम्न बमोजिम कार्य गरिएको छ ।

| क्रियाकलाप तथा कार्यक्रम | सहभागी संख्या /ईकाई | स्थान |
|---|---|---|
| सामाजिक व्यवसाय अन्तर्गत २ वर्षे कार्ययोजना कार्यान्वयन अवलोकन भ्रमण तथा छलफल कार्यक्रम | २ जना | विराटनगर, मोरङ |
| १५औं सामाजिक व्यवसाय दिवस कार्यक्रममा सहभागिता | ८ जना | काठमाण्डौ (संस्थाबाट ३ जना र तीन शून्य क्लवका ५ जना विद्यार्थीहरु) |

| क्रियाकलाप तथा कार्यक्रम | सहभागी संख्या /ईकाई | स्थान |
|---|---|---|
| विद्यालयमा उत्कृष्ट अंक प्राप्त 3 "0" क्लवका विद्यार्थी लगायत अन्य विद्यार्थीहरुलाई पुरुस्कार वितरण | ८ जना | जनता मा.वि. आरुङ्खोला (माथिल्लो) का विद्यार्थीहरु |
| नर्सरी व्यवस्थापन तथा जैविक मल बनाउने कार्यक्रम | ४५ जना | विरेन्द्र मा.वि. द्धारदहका विद्यार्थीहरु |
| सन्तुलित आहार र स्वास्थ्य सम्बन्धि सचेतना कार्यक्रम | ४७४ जना | लिटिल स्टेप एकेडेमी आरुङ्खोला |
| "किशोरीहरुका व्यक्तिगत सरसरफाई तथा स्वास्थ्य सम्बन्धि सचेतना" कार्यक्रम | २१२ जना | विरेन्द्र मा.वि. द्धारदह |
| वातावरण सरसफाई तथा फोहोर व्यवस्थापन सम्बन्धी सचेतना | ४७५ जना | जनता मा.वि., लिटिल स्टेप एकेडेमी तथा विरेन्द्र मा.वि. |
| एच.आई.भी. एड्स तथा अन्य सरुवा रोगहरुको सावधानी सम्बन्धी सचेतना कार्यक्रम | ९७ जना | विनयी त्रिवेणी-४, सर्दी दिपेन्द्र मा.वि. |
| विद्यालयका विद्यार्थीहरुको उचाई तथा तौलको नाप र दृष्टि छनौट परीक्षण अभियान कार्यक्रम | ७१ जना | जनता मा.वि. आरुङ्खोला, |
| "पढ्दै कमाउँदै, कमाउँदै पढ्दै" कार्यक्रम अन्तर्गत 3Zero Club का विद्यार्थीहरुलाई कुखुराको चल्ला वितरण | ३७१ वटा | जनता मा.वि. आरुङ्खोला, दिपेन्द्र मा.वि सर्दी, भानुदय मा.वि. चुकाहा |
| "जलवायु परिवर्तन, वातावरण संरक्षण र पोषण सुधार" का लागि विरुवा (तेज पात, म्याङगोस्टिन, गोल्मोहर, कपुर, नीम, पारीजात, कल्कीफूल, अम्वा, किम्वु, टाँकी, भट्टमासे मेण्डोला) वितरण तथा बृक्षारोपण कार्यक्रम | ८०० वटा | विरेन्द्र मा.वि. द्धारदह, दिपेन्द्र मा.वि. सर्दी र मध्यविन्दु-१३, कोटथरका कृषकहरुलाई |
| **जम्मा सहभागी संख्या** | **१३९२ जना** | |

८) आ.व २०८१/०८२ मा संस्थाका उपसमिति तथा कार्यरत कर्मचारीहरुको क्षमता अभिवृद्धिका लागि तालिम, भ्रमण, गोष्ठी आदि कार्यक्रमहरु सञ्चालन गरिएको थियो ।

| क्र.स | तालिमको नाम | संख्या |
|---|---|---|
| १ | Enhancing Risk and Recovery Mantra-25 | ५ |
| २ | Symposium on Strengthening MFFI in Nepal (CSD) | २ |
| ३ | Effective Recovery Management (ERM) Training | ३ |
| ४ | Loan Recovery Seminar | २ |
| ५ | पर्ल्स मोनिटरिङ्ग सिस्टम तालिम | ९ |
| ६ | सहकारीका साझा सवाल विषयक अन्तरक्रिया | १ |
| ७ | लेखा व्यवस्थापन तालिम | ३ |
| ८ | सामाजिक व्यवसाय सम्बन्धी भ्रमण | २ |

| क्र.स | तालिमको नाम | संख्या |
|---|---|---|
| ९ | सहकारीका समसामयिक विषयमा अन्तरक्रिया | ५ |
| १० | सहकारी व्यवस्थापन तालिम | १ |
| ११ | प्रशिक्षार्थी कर्मचारी अभिमुखिकरण तालिम | ११ |
| १२ | प्रशिक्षार्थी कर्मचारीहरुको अभिमुखिकरण कार्यक्रम | ३० |
| १३ | सदस्यको मन जित्ने अभिमुखीकरण तालिम | ३१ |
| १४ | सम्पत्ति शुद्धीकरण ई टिडिएस, GOAML & CFT तालिम | २ |
| १५ | जिल्ला बचतद्वारा आयोजना असल सिकाई स्थलगत भ्रमण | २ |
| | जम्मा | १०९ |

**९. पहुँच तथा प्रतिनिधित्व**

- राष्ट्रिय सहकारी बैंकको लघुवित्त तथा उद्यम विकास समितिमा प्रतिनिधित्व
- जिल्ला सहकारी संघमा सञ्चालक सदस्य पदमा प्रतिनिधित्व
- जिल्ला बचत संघ नवलपुरमा कोषाध्यक्ष पदमा प्रतिनिधित्व
- सामाजिक व्यवसाय दिवस नेपाल कन्ट्रिफोरमको आयोजक समिति सदस्यमा प्रतिनिधित्व
- राष्ट्रियस्तरका कार्यशाला तथा कार्यक्रमहरुमा स्रोतव्यक्ति, सहजकर्ता, वक्ता तथा प्रशिक्षकको रुपमा सहभागिता
- स्थानीय सहकारी संघसंस्थाहरुमा समेत स्रोत व्यक्तिको रुपमा सहभागिता

१०. आ.व २०८१/०८२ मा सहकारी ऐनको व्यवस्था बमोजिम नेपाल वित्तीय प्रतिवेदन मान (NFRS) अनुसार लेखापरीक्षण गरिएको छ ।

११. राष्ट्रिय सहकारी नियमन प्राधिकरणद्वारा जारी मापदण्ड बमोजिम कर्जा जोखिम कोषको व्यवस्था गरिएको छ ।

१२. संस्था आन्तरिक राजस्व कार्यालय कावासोती नवलपुरबाट २०७९/०८० र २०८०/०८१ मा लगातार सवैभन्दा बढी आयकर दाखिला गर्ने संस्थाको रुपमा सम्मानित हुन सफल भएको छ ।

१३. संस्थाको सेवालाई प्रतिस्पर्धी र वर्तमान वित्तीय बजार अनुरुप बनाउन संस्थाको बचत तथा ऋणमा कायम व्याजदरमा २ पटक संशोधन गरिएको छ भने ऋणका नयाँ शीर्षकहरु थप गरिएको छ ।

१४. संस्थाको ठूलो सम्पत्तिको रुपमा रहेको ऋण लगानीलाई सुरक्षित बनाउन कर्जा विश्लेषण, सदुपयोगिता निरीक्षण र धितो सुरक्षणका कर्जालाई प्राथमिकता दिईएको छ ।

१५. संस्थाको सेवा सुविधा एवम् कार्यक्रमहरुको प्रवर्द्धन तथा बजारीकरणमा जोड दिईएको छ ।

१६. सहकारी विभाग र राष्ट्रिय सहकारी नियमन प्राधिकरणद्वारा जारी मापदण्ड र निर्देशन बमोजिम संस्थाको प्रतिवेदन तोकिएको समयमा सार्वजनिक गर्दै आइरहेको छ ।

१७. सहकारी विभागद्वारा स्थापना गरिएको सहकारी प्रवर्द्धन कोष र संस्थाको सुरक्षा कवजको रुपमा रहेको स्थिरीकरण कोषमा रकम दाखिला गरिएको छ ।

१८. कोपोमिस सफ्टवेयरमा मासिक समष्टिगत प्रतिवेदन तथा सदस्यहरुको विवरण अद्यावधिक गरिएको छ ।
१९. नेपाल राष्ट्र बैंक वित्तीय जानकारी इकाईमा तोकिए बमोजिम प्रतिवेदन पेश गरिएको छ ।
२०. सदस्यहरुमाँझ गुणस्तरीय सेवा पु्याउन नीति, कार्यविधि र निर्देशिका निर्माण तथा संशोधन गरी कार्य गर्दै आइरहेको छ ।
२१. संस्थाको सेवा केन्द्र तथा केन्द्रीय कार्यालयको भौतिक पूर्वाधार तथा संरचनाको स्तरोन्नती गर्ने कार्यलाई निरन्तरता दिएको छ ।
२२. डिजिटल सेवा र रेमिटान्स सेवालाई थप प्रभावकारी बनाउन आवश्यक कार्य गरिदै आएको छ ।
२३. संस्थाका शेयर सदस्यहरुको दुर्घटना विमा तथा स्वास्थ्य सुविधामा सहुलियत प्रदान गर्नका लागि विभिन्न विमा कम्पनी तथा अस्पतालसँगा सहकार्य गरी छुट सेवा सुविधा उपलब्ध गराईएको छ ।
२४. अन्य फर्म तथा कम्पनीसँग सहकार्य गरि आन्तरिक लेखा परीक्षण कार्यलाई थप प्रभावकारी बनाईएको छ ।

**आदरणीय सदस्यज्यूहरु**

विज्ञान र प्रविधिको वर्तमान समयमा सदस्यको ईच्छा र चाहना अनुसारका कार्यक्रम र सेवा, नवप्रतिभाको लक्ष्य खुशी र समृद्ध सदस्य, जन्मदेखि स्वर्गसम्म साथ र सहभागिता, संरक्षण, सम्वर्द्धन, सामाजिक सुरक्षा तथा उत्तरदायित्व, जीवनस्तर सुधार, स्वरोजगार सृजना, आयआर्जनका स्रोतहरुको पहिचान, सदस्यहरुको क्षमता अभिवृद्धि, उद्यम र उद्यमशीलता प्रवर्द्धन, व्यवसायिक विकास, उत्पादित वस्तुको बजार सहजीकरण, सर्वसुलभ वित्तीय स्रोतको सुनिश्चितता, गुणस्तरीय सदस्य सेवा र सन्तुष्टि आदि हाम्रा लागि विशेष महत्वको विषय रहेको हुँदा यसको कार्यान्वयनमा उच्च प्राथमिकता दिइएको छ । साथै वार्षिक नीति तथा कार्यक्रम पनि यसैतर्फ केन्द्रित रहेको अवगत गराउन चाहन्छु । संस्थाले यी लगायत समिति, उप-समिति एवम्, कर्मचारीको दक्षता तथा वृत्ति विकास, नीति, विधि र प्रविधिमा जोड, युवाहरुको सहभागिता, स्थानीय पालिकाहरुसँगको समन्वय र साझेदारी, कृषि तथा पशुपालन क्षेत्रको प्रवर्द्धन आदि कार्यक्रमहरु समावेश गरी आ.व. २०८२/०८३ को लागि प्रस्ताव गरिएका नीति तथा कार्यक्रमहरु क्रमिक रुपमा प्रस्तुत गर्न अनुमति चाहन्छु । साथै उक्त नीति तथा कार्यक्रमहरु छलफल गरी आवश्यक सुझाव सहित यस सभाबाट पारित गरी लक्ष्य प्राप्तीका लागि यहाँहरुले भूमिका निर्वाह गर्दै सहयोग र योगदान गर्नुहुनेछ भन्ने विश्वास एवम् अपेक्षा लिएकी छु ।

**आ.व. २०८२/०८३ का प्रस्तावित नीति तथा कार्यक्रमहरु**

**क. वित्तीय दृष्टिकोणबाट संस्थालाई सवल र सक्षम बनाउन निम्न बमोजिम कार्यहरु गरिनेछ ।**

**१) आ.व. २०८२/०८३ को सदस्यता तथा सेवा विस्तार योजना :-**

संस्थाको सदस्यता वृद्धिलाई नियमित बनाउँदै चालु आ.व.को असार मसान्तसम्ममा ५७५२६ जना सदस्य पुऱ्याउने लक्ष्य लिइएको छ । सो लक्ष्य पुरा गर्नको लागि **सदस्यबाट सदस्यता अभियान** अगाडि सारिएको छ । यस अभियानलाई सफल पार्न सबैले साथ दिनुहुन अनुरोध गर्दछु ।

**२) चालु आ.व. २०८२/०८३ को बचत योजना :**

संस्थामा रहेका सम्पूर्ण सदस्यहरुलाई सक्रिय बनाई नियमति र मासिक बचत तर्फ प्रोत्साहन गरिनेछ । आवश्यकतामा आधारित बचत सेवाहरु वृद्धि गरी चालु आ.व.को असार मसान्तसम्म रू. २ अर्ब ६५ करोड ८९ लाख ६५ हजार ८ सय ९५ बचत पुऱ्याउने लक्ष्य लिइएको छ ।

**३) चालु आ.व. २०८२/०८३ को शेयरपूँजी योजना :**

संस्थाले यस वर्ष न्यूनतम शेयर भएका सदस्यहरुलाई सहकारी संस्थाको महत्व बुझाउदै शेयर पूँजी वृद्धि गर्न प्रोत्साहन गरिनेछ । चालु आ.व. को असार मसान्तसम्म रू. ४५ करोड १९ लाख १४ हजार ९ सय शेयरपूँजी पुऱ्याउने लक्ष्य लिइएको छ ।

**४) चालु आ.व. २०८२/०८३ को लगानी तथा असुली सम्बन्धी योजना :**

वर्तमान समयमा आर्थिक मन्दीबाट प्रभावित भएका सदस्यहरूको व्यवसाय निरन्तरता, उद्यमशीलता विकास, कृषि प्रवर्द्धनमा टेवा पुग्ने खालका ऋण सेवाहरू विकास गरी धितो सुरक्षणका कर्जा, सानो तथा मझौला र नियमित आम्दानी हुने खालका व्यवसायहरुलाई प्राथमिकता दिई सदस्यको आवश्यकता, कर्जा ईतिहास, सामाजिक अवस्था आदि विश्लेषण गर्दै सदस्यहरुलाई यसै संस्थाबाट आवश्यक पर्ने ऋण सेवा सहज रूपमा उपलब्ध गराउने नीति लिइएको छ । चालु आ.व. को असार मसान्तसम्म लगानीमा रहिरहेको ऋण रू. २ अर्ब ५८ करोड ३० लाख ५५ हजार २ सय ४४ पुऱ्याउने लक्ष्य लिएको छ । सेवा केन्द्र व्यवस्थापन उप-समितिको क्षमता अभिवृद्धि गर्दै कर्जा स्वीकृतिको लागि जिम्मेवार बनाइने छ । ऋण लगानीमा संस्थामा नियमित बचत तथा ऋणको कारोवार गरिरहेका असल वर्गमा पर्ने थप व्यवसाय प्रवर्द्धन गर्न चाहने सदस्य एवम् उत्कृष्ट उद्यमी, असल, सम्मानित व्यवसायी, सामाजिक प्रतिष्ठा भएका सदस्यहरुलाई प्राथमिकता दिइनेछ । कृषि र पशुपालन क्षेत्रमा पर्याप्त सम्भावना रहेको, सदस्यको आम्दानीको भरपर्दो आधार कृषि भएकोले कृषि र पशुजन्य वस्तुको उत्पादन, प्रशोधन तथा बजारिकरण जस्ता कार्यमा ऋण लगानीलाई प्राथमिकता दिइनेछ । धितोको स्तर र तिर्न सक्ने क्षमतालाई उच्च प्राथमिकताका साथ विश्लेषण गरी गुणात्मक र सुरक्षित लगानीलाई प्राथमिकतामा राखिनेछ । ऋण लगानी पश्चात् ऋणीले पेश गरेको व्यवसायिक योजना अनुसार निरन्तर सदुपयोगिता निरीक्षण अनुगमन गर्ने कार्यलाई थप प्रभावकारी बनाइनेछ । उत्पादन क्षेत्र, स्वलागत धेरै भएका साना उद्यमी व्यवसायी र उच्च प्रतिफल दर र नियमित आम्दानी दिने व्यवसायमा लगानीलाई प्राथमिकता दिइनेछ । संस्थाबाट ऋण उपभोग गरि संस्थाको ऋण नीति विपरित मासिक साँवा, व्याज नबुझाई भाखा नघाउने निष्कृय ऋणी सदस्यहरुलाई समस्या समाधानका उपाय तथा विकल्प प्रदान गर्दा समेत अटेर गरी ऋण भुक्तानी नगरेमा पर्याप्त सूचना र जानकारी गराई पत्रपत्रिकामा फोटोसहित तिन पुस्ते नाम प्रकाशन र धितो लिलामी प्रक्रिया अगाडि बढाउने नीति लिईएको छ ।

**५) आ.व. २०८२/०८३ को संस्थागत पूँजी वृद्धि योजना**

"जग बलियो भए, घर बलियो हुन्छ" भन्ने अवधारणा बमोजिम संस्थागत सक्षमता, दीगोपनाका लागि संस्थागत पूँजी वृद्धि गरिने छ । चालु आ.व. को असार मसान्तसम्म संस्थागत पूँजी रू. २८ करोड ४० लाख ७८ हजार ६ सय ५० पुऱ्याउने लक्ष्य लिइएको छ ।

**६) आ.व. २०८२/०८३ को वित्तीय लगानीमा वृद्धि योजना**

सहकारीको विश्वव्यापी अभियान प्रति ऐक्यवद्धता, संस्थालाई सञ्जालहरूमा सञ्जालिकृत गराउदै, वित्तीय लगानी (शेयर) वृद्धि गरी रू. ९०,००,०००।- पुऱ्याइनेछ ।

**७) आ.व. २०८२/०८३ को बाह्य ऋणको योजना :**

संस्थाको तरलता व्यवस्थापन एवम् वित्तीय संकट टार्न आवश्यकता बमोजिम बैंक तथा वित्तीय संस्थाहरूको बाह्य कर्जा आ.व २०८२/०८३ को असार मसान्तसम्म शुन्य रहने अनुमान गरिएको छ ।

**८) आ.व. २०८२/०८३ को स्थिर सम्पत्तिको योजना :**

गत वर्ष प्रस्ताव गरिएको केन्द्रीय कार्यालयको भवन निर्माण र सवारी साधन खरिद गर्ने योजना संस्थाको वित्तीय सूचकहरुमा देखिएको कमीका कारण सम्पन्न गर्न नसकिएको हुँदा सो कार्यहरुलाई चालु आ.व. मा पुरा गर्न प्रस्ताव गरिएको छ । संस्थाको सम्पूर्ण कार्यालयलाई व्यवस्थित र सदस्यमैत्री बनाउदै सेवा प्रवाह गर्ने लक्ष्य बमोजिम आफ्नै रंग रोगन, ईमेल ईन्टरनेट, कार्यालय कक्ष, सदस्य सहयोग कक्ष, बैठक कक्ष, प्रतिक्षा कक्ष सहितको भौतिक पूर्वाधार व्यवस्थापन तथा स्तरोन्नती गर्दै सबै सेवा केन्द्रहरुबाट उत्कृष्ट र फरक ढङ्गको सेवा प्रदान गरिनेछ । चालु आ.व. वार्षिक बजेटमा आवश्यक उपकरण र भौतिक सामाग्रीहरु खरिद तथा व्यवस्थापन गरी असार मसान्तसम्म रू. ३ करोड ४४ लाख १९ हजार ४ सय ८९ पुऱ्याउने लक्ष्य लिईएको छ ।

**९) आ.व. २०८२/०८३ को कूल सम्पत्तिको योजना :**

कूल सम्पत्तिमा वृद्धि गरी चालु आ.व. को असार मसान्तसम्म रू. ४ अर्ब ३ करोड ५१ लाख १९ हजार १ सय ५१ पुऱ्याइनेछ ।

**१०) वित्तीय विश्लेषण औजारको रूपमा रहेको पर्ल्स अनुगमन प्रणाली (PEARLS Monitoring System)** को नियमित विश्लेषण गरी सूचकहरू पूरा गर्नको लागि प्रभावकारी रणनीतिहरू अवलम्वन गरिनेछ ।

**११) आन्तरिक नीति तथा कार्यविधि निर्माण र संशोधन :**

संस्थामा सुशासन स्थापित गर्दै नीति, विधि तथा प्रविधिमैत्री, सक्षम र दिगो संस्थाको रुपमा विकास गर्न आवश्यक पर्ने नीति, निर्देशिका, कार्यविधि, साधारण सभाबाट पारित गरि लागु गरिएको छ । हाल संस्थामा ३८ वटा नीति, निर्देशिका कार्यविधि मार्फत सेवा प्रवाह गरिएको छ । चालु आ.व. मा संस्थाको विनियम २०७४, नीति तथा कार्यविधिलाई आवश्यकता अनुसार संशोधन, पुनर्लेखन गरी स्वीकृतिका लागि सभा समक्ष प्रस्तुत गरिएको छ ।

**१२) संस्थागत सुशासन :**

संस्थाले सहकारी विभाग, नियमनकारी निकायद्वारा जारी निर्देशन तथा छाता संघ, आन्तरिक तथा बाह्य लेखा परिक्षकद्वारा प्राप्त सुझाव, मार्गदर्शन र औंल्याएका कैफियत एवम् सुझावहरु माथि गम्भिरता पूर्वक छलफल गर्ने र सुधारका लागी निर्देशन दिने, कार्यान्वयन गर्ने कार्यमा प्रभावकारी भूमिका खेल्दै आइरहेको छ । नियमनकारी निकायबाट जारी ऐन, नियम, मापदण्ड एवम् निर्देशन अनुसार विभिन्न निकायहरुमा पठाउनु पर्ने प्रतिवेदन, सूचना तथा जानकारीहरु तोकिएको समयमा पठाउने गरिएको छ । कार्य र एकीकृत व्यवस्थापन सूचना प्रणाली र सम्पत्ति शुद्धीकरण सम्बन्धी कार्य थप प्रभावकारी ढङ्गबाट गरिनेछ ।

**१३. आन्तरिक नियन्त्रण प्रणाली :**

संस्थाको कारोवारसँगै बढ्दै जाने जोखिम व्यवस्थापन गर्नका लागि संस्थाका सञ्चालक समिति, उच्च व्यवस्थापन तहबाट सबै कार्यालयहरुमा नियमीत निरिक्षण तथा अनुगमन गर्ने गरिएको, त्रैमासिक रुपमा लेखा सुपरिवेक्षण समिति र आन्तरिक लेखा परीक्षण टिम र बाह्य फर्म नियुक्ति गरी लेखा तथा समग्र पक्षको जाँच गरिदै आइरहेकोमा चालु आ.व. मा यस कार्यलाई थप प्रभावकारी बनाई आन्तरिक नियन्त्रण व्यवस्थित र चुस्त बनाइनेछ ।

**१४. जोखिम व्यवस्थापन :**

जोखिम व्यवस्थापनको लागि नियमित रुपमा जोखिम विश्लेषण गरि आवश्यक योजना तथा रणनीतिहरु अवलम्बन गरिनेछ । जोखिम व्यवस्थापनका लागि सिसि टिभी, अग्नि प्रतिरोधि दराज, अग्नि नियन्त्रक, तथा आवश्यक अन्य उपकरण तथा सामग्रीहरुको व्यवस्थापन गरिनेछ ।

**१५. प्रविधि, विप्रेषण र बिल भुक्तानी सेवा :-**

प्रविधिको प्रयोगमा जोड दिदै Online Software मार्फत सवै सेवा केन्द्रहरुबाट ABBS, SMS, Tablet Banking, Mobile Banking , QR Payment, टेलिफोन, विद्युत, पानी महसुल, ईन्टरनेट, मोबाईल, डिसहोम रिचार्ज, हवाई तथा बस टिकट, रेमिट्यान्स सेवाको व्यवस्था मिलाइएको छ । राष्ट्रिय सहकारी बैंकसँग सहकार्य गरी ATM [Coop Card] सिस्टमसँग अद्यावधिक गर्ने काम भइरहेको छ र समय सापेक्ष प्रविधिसँग सम्बन्धित अन्य सेवाहरु समेत जोड्दै प्रभावकारी सेवा प्रदान गरिनेछ ।

**१६. बीमा सेवा :**

संस्थाद्वारा विभिन्न सेवा प्रदायक बीमा कम्पनीहरूसँग सम्झौता गरी जीवन बीमा, सदस्यहरुको दुर्घटना बीमा, म्यादी बीमा, स्वास्थ्य बीमा, पशु बीमा, संस्थाको भल्ट, मार्गस्थन र काउन्टर तथा सवारी साधन बीमाका लागि चालु आ.व. मा समेत सहकार्य गरिनेछ ।

**ख. समिति, उप-समिति, कर्मचारी तथा सदस्यको क्षमता विकास एवम् संस्थालाई सुदृढ र दीगो बनाउन निम्न बमोजिमका कार्यहरू गरिनेछ ।**

**१) शिक्षा, तालिम र सूचना**

संस्थामा आवद्ध सदस्यहरुको अवस्था विश्लेषण गर्दै रोजगारी र आय नभएका कारण किस्ता भुक्तानी गर्न नसकेका सदस्यहरुलाई पहिलो प्राथमिकतामा राखी सीप, उद्यम तथा आय आर्जन वृद्धि हुने खालका तालिम, भ्रमण तथा आवश्यक अन्य क्रियाकलापहरुमा सहभागी गराईनेछ । संस्थाका सदस्यहरुमा सहकारी सम्बन्धी बुझाइको विकास गर्न नियमित रुपमा सहकारी शिक्षा, विस्तारित मञ्च, वित्तीय साक्षरता, स्वास्थ्य, प्रविधि तथा ऋण साक्षरता कार्यक्रम, संस्थाको प्रगति, सेवा सुविधाको जानकारी प्रदान गर्न र पृष्ठपोषण लिनका लागि सदस्यहरुसँग अन्तरक्रिया एवम् क्षमता अभिवृद्धि, तथा क्षमता विकास सम्बन्धी तालिम, कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

**२) सदस्यहरूको अध्ययन, अवलोकन भ्रमण :-**

सदस्यहरूलाई उद्यमशीलता तथा सीप विकास, व्यवसाय प्रवर्द्धन गर्न, सञ्चालित व्यवसायको आधारमा, व्यवसायिक क्षेत्र, सहकारी, कृषि पशुपालन, उत्पादन सम्बन्धी उद्यम तथा धार्मिक, शैक्षिक, पर्यटकीय, भौगोलिक क्षेत्र राष्ट्रिय एवम् अन्तर्राष्ट्रियस्तरका अध्ययन अवलोकन भ्रमणमा सहभागी गराइनेछ ।

**३) यूवा लक्षित कार्यक्रम**

क) **नवप्रतिभा युवा उद्यम विकास कार्यक्रम (निडेप)** :- संस्थामा आवद्ध सदस्य परिवारभित्रका युवा सदस्यहरुलाई व्यवहारिक सिप, तालिम र आवश्यकता अनुसार पूँजी समेत उपलब्ध गराई स्वदेशमा नै स्वरोजगार, उद्यमशील बनाउदै समृद्ध र आत्मनिर्भर बनाउने लक्ष्य अनुरुप विभिन्न प्रकारका तालिम प्रदान गरिनेछ ।

ख) **युवा स्वरोजगार कार्यक्रम** :- नेपाल सरकार युवा तथा साना व्यवसायी स्वरोजगार कोष ललितपुर तथा अन्य निकायहरुसँग सहकार्य गरी थप कर्जा लिई सहुलियत दरमा कर्जा लगानी गरिनेछ ।

**५) कृषि, पशुपालन, दुग्ध व्यवसाय तथा प्रर्वद्धनात्मक कार्यक्रम :-**

कार्यक्षेत्रभित्र बहुमूल्य नगदेबाली जस्तै अलैंची, टिमुर, सुन्तला, गेडागुडी, अदुवा, दालचिनी, अम्रिसो जस्ता उत्पादन हुने हुदा यस्ता उत्पादनहरुको प्रवर्द्धन र बजारीकरणका लागि विशेष भूमिका निर्वाह गरिनेछ । सदस्यहरुलाई कृषि, पशुपालन र दुग्ध व्यवसाय मार्फत उद्यमी र स्वरोजगार बनाउन आवश्यकता बमोजिम तालिम, अवलोकन भ्रमण, अन्तरक्रिया, भेला सम्मेलनमा सहभागी गराउने, औषधि, मल, विउ विजनमा अनुदानका साथै कृषि उपज उत्पादन प्रशोधन र यान्त्रिकीरणका लागि सहयोग तथा प्रोत्साहन एवम् सहुलियत दरको कर्जा प्रवाहको लागि सरोकारवाला निकाय, स्थानीय तथा प्रदेश सरकार, कृषि ज्ञान केन्द्रसँग समन्वय र सहकार्य गरिनेछ ।

**६) उद्यम तथा उद्यमशीलता प्रर्वद्धन कार्यक्रम :-**

चालु आ.व. मा संस्थाबाट उद्यम तथा उद्यमशीलता विकासका कार्यक्रमहरुलाई विशेष प्राथमिकतामा राखी निम्न बमोजिमका कार्यहरु गरिनेछ । संस्थाले न्यून आए भएका, कामदारको रुपमा अरुको व्यवसायमा काम गरिरहेका, बैदेशिक रोजगारबाट फर्किएका र स्वदेशमै वेरोजगार रहेका युवाहरु, आफुसँग सिप तथा क्षमता भएका नमुना उद्यम सञ्चालन गर्ने चाहने सदस्य, विगतदेखि उद्यम सञ्चालन गर्दै आएका विभिन्न कारणले विस्थापीत उद्यमी सदस्यहरुहरुलाई लक्षित गर्दै आवश्यकता अनुसार अन्तरक्रिया, उद्यमशीलता तथा सिपमूलक तालिम तथा अध्ययन अवलोकन भ्रमण जस्ता कार्यक्रम सञ्चालन गरिनेछ । स्थानीयरुपमा उत्पादन हुने वस्तुहरु मार्फत उद्यमशीलता र व्यवसायिक रुपमा रोजगारीको स्थापना गर्न प्रेरित गरिनेछ । सदस्यहरुलाई सहुलियत दरमा कर्जा र ग्रेस पिरीयड उपलब्ध गराउनुका साथै आवश्यक सहयोग गरिनेछ । युवा उद्यमशीलता का लागि विद्यालयसँग सहकार्य गरी पढ्दै कमाउँदै, कमाउँदै पढ्दै कार्यक्रम सञ्चालन गरिनेछ । प्राविधिक

ज्ञानको प्रयोग र व्यवसायिक योजनाको आधारमा गुणस्तरीय वस्तुको उत्पादन गर्न सक्ने प्राविधिक सिप तथा क्षमता विकासमा जोड दिइनेछ । साना उद्योगमा जोड दिदै, कृषि उपजहरुको प्रशोधन जस्ता उद्यम गर्न ईच्छुक सदस्यहरुलाई स्थानीय सरकार तथा सरोकारवाला निकायसँग पहुँच तथा समन्वयको वातावरण तयार गरिनेछ ।

७) **संस्कृति/पर्यटन संरक्षण तथा प्रवर्द्धन कार्यक्रम**

पर्यटन प्रवर्द्धनका कार्यक्रमलाई विशेष कार्यक्रम बनाई अगाडि बढिनेछ । सदस्यहरूलाई आफ्ना धर्म संस्कृति रिती रिवाजहरूको जगेर्ना गर्न बाजा, पोशाक तथा अन्य सामाग्री व्यवस्थापन, विभिन्न प्रतियोगितात्मक कार्यक्रम, दिवस तथा अभियानहरू सञ्चालन गर्न आवश्यकता अनुसार सहयोग गरिनेछ । त्यसैगरी आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धनका लागि जनचेतना अभिवृद्धि तथा अभियानहरू सञ्चालन र होमस्टे प्रवर्द्धनका लागि सहयोग गरिनेछ । आवश्यकता अनुसार घरेलु तथा साना उद्योग कार्यालय, स्थानीय पालिकाहरुसँग समन्वय र सहकार्य गरिनेछ ।

८) **पढ्दै कमाउदै कमाउदै पढ्दै कार्यक्रम** :

कक्षा १० सम्म अध्ययनरत विद्यार्थीहरुलाई शिक्षासँगै कमाई पनि गर्नुपर्छ भन्ने भावना जागृत गर्नका लागी व्यवहारिक सिप प्रदान गर्न र उच्च शिक्षा अध्ययन गरिरहेका विद्यार्थीहरुलाई शिक्षासँगै काममा जोडदै स्वरोजगार बनाउने तथा आय वृद्धि गर्दै स्वदेशमै उद्यम गर्ने वातावरण सृजनाका लागी कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

९) **वातावरण मैत्री नमूना गाउँ निर्माण कार्यक्रम**

ग्रामीण समुदायमा वसोवास गर्ने न्यून तथा मध्यम वर्गका समुदायको सहज जिविकोपार्जनको लागि विभिन्न खालका आर्थिक, सामाजिक र साँस्कृतिक सशक्तिकरणका लागि आधारभुत सिपको प्रयोग मार्फत समाज र वातावरण सुहाँउदो आयमूलक क्रियाकलापहरुमा स्थानीय समुदायहरुलाई स्थानीय तहमै स्वरोजगार बन्न प्रेरित गर्दै र वातावरण संरक्षण गरी कार्वन उत्सर्जन न्यूनीकरण गर्ने उद्देश्य अनुरुप कार्यक्षेत्रभित्रका समुदायहरुमा वातावरण मैत्री गाउँ निर्माणका लागि आवश्यक क्रियाकलापहरु सञ्चालन गरिनेछ र आवश्कता अनुसार विभिन्न निकायहरुसँग समन्वय गरी कार्यक्रम विस्तार गर्दै लगिनेछ ।

१०) **सामाजिक व्यवसाय कार्यक्रम**

सामाजिक दिवसको अवसरमा नेपाल कन्ट्रीफोरमद्वारा तय गरिएको राष्ट्रिय कार्ययोजना बमोजिम उद्यमशीलता विकास, गरिबी न्यूनीकरण र कार्बन ( हरितगृह ग्यास) न्यूनीकरणका लागी गरिएका ९ वटा कार्यक्रम र कार्य योजनालाई निरन्तरता दिईनेछ ।

११) **सामुदायिक विकास कार्यक्रम** :-

संस्थाद्वारा सामुदायिक विकासका लागि "मेरो गाउँ मेरो लगानी कार्यक्रम" सञ्चालन गरिनेछ । यसको लागि सामुदायिक विकास कोषको रकम परिचालन गरिनेछ । जस अन्तर्गत केन्द्र, प्रदेश, जिल्ला समन्वय ईकाई, स्थानीय पालिका, घरेलु तथा साना उद्योग कार्यालय, उद्योग बाणिज्य

संघ, बजार व्यवस्थापन समिति र सरोकारवालासँग लागत साझेदारी, सहकार्य र सहभागितामा संस्थाका कार्यक्षेत्रभित्र रहेका अत्यावश्यक सामुदायिक विकासका क्रियाकलाप, पर्यटन प्रवर्द्धन, सर-सफाई अभियान, शैक्षिक सहयोग, साना भौतिक संरचना निर्माण, स्मार्ट चोक निर्माण लगायत गाउँ शहर सुन्दर बनाउन विभिन्न रचनात्मक कार्यक्रमहरूलाई निरन्तरता दिइनेछ ।

**१२) एक सेवा केन्द्र एक उद्यम**

संस्थाको सेवा केन्द्र अन्तर्गतका सदस्यहरूले सामुहिक व्यवसाय गरी प्रतिफल प्राप्त गर्न यो कार्यक्रम सञ्चालन गरिनेछ । सामूहिक तथा नमूनाको रुपमा सञ्चालन गरिएका उद्यम तथा व्यवसायहरुलाई प्रोत्साहन गरिनेछ ।

**१३) सदस्य सुरक्षा तथा उत्तरदायित्व**

हरेक सदस्यलाई जन्मदेखि मृत्यूसम्म आईपर्ने सुख-दु:खमा साथ दिने उद्देश्यले सदस्य तथा परिवारभित्रका सदस्यहरूको मृत्युमा घरमै उपस्थित भई समवेदना प्रकट गर्ने, विरामी तथा सुत्केरी भेटघाट र जीवन तथा आवास सुविधा, सदस्य राहत, अति विपन्न सदस्य उपचार सहयोग जस्ता कार्यक्रमहरुलाई निरन्तरता दिदै थप प्रभावकारी बनाइनेछ । चिन्तामुक्त कोषमा सहभागी भई संस्थाबाट समूह जमानी तर्फको कर्जा लिने सदस्यको मृत्यू भएमा रू. ५ लाखसम्म लगानी गरिएको कर्जा मिनाहा कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

**१४) शैक्षिक कार्यक्रम**

**क. विपन्नसँग नवप्रतिभा कार्यक्रम**

प्रत्येक सेवा केन्द्रबाट वार्षिक रूपमा विपन्न सदस्यका मा. वि. सम्म अध्ययन गर्ने जेहेन्दार छात्र छात्रालाई शैक्षिक सामग्री वितरण र कक्षा १२ र एस.ई.ई. मा उत्कृष्ट नतिजा ल्याउने छात्र छात्रालाई अध्ययनका लागि वार्षिक शैक्षिक शुल्क प्रदान गरिनेछ ।

**ख. सुनौलो बिहानी कार्यक्रम** :-

संस्थामा बाल तथा युवाहरूको सहभागिता वृद्धि तथा वित्तीय चेतना बढाउन विद्यालयहरुमा वित्तीय साक्षरता कक्षा, सचेतना एवम् क्षमता अभिवृद्धि तथा अतिरिक्त क्रियाकलापहरू सञ्चालन गरिनेछ ।

**१५) जेष्ठ नागरिक सम्मान तथा सम्मान चौतारी कार्यक्रम** :-

- संस्थामा आवद्ध सदस्य तथा परिवारभित्रका जेष्ठ नागरिकहरूलाई सम्मान गर्दै दोसल्ला, पोषणयुक्त सामग्री र सहाराको रूपमा नवप्रतिभाको लोगो अंकित टेक्ने लट्ठी वितरण गरिनेछ ।
- वृद्ध अवस्थामा एक्लो महशुस हुन नदिन आफ्ना कुरा राख्न सेवा केन्द्रहरूमा आवश्यकता अनुसार जेष्ठ नागरिक चौतारी स्थापना गरिनेछ । उक्त चौतारीमा जेष्ठ नागरिकहरु भेला भएर भजन कृतन गरी मनोरञ्जन गर्न सक्नेछन् ।

**१६) एकल महिला प्रोत्साहन कार्यक्रम** :-

एकल महिलाहरुलाई समाजमा अर्थपूर्ण जीवन बिताउन र स्वरोजगार बनाउन आवश्यक सीप, दक्षता र उत्प्रेरणात्मक कार्यक्रमहरू सञ्चालन गरिनेछ । क्षमता वृद्धिका लागि विभिन्न निकायहरुसँग समन्वय, सहकार्य र सहयोग, सञ्जाल गठन आदि कार्यलाई निरन्तरता दिइनेछ ।

**१७) संरक्षण कार्यक्रम :-**

- संस्थाका शेयर सदस्य स्थायी रूपमा पूर्ण असक्त/ अपांग भएको अवस्थामा निजको जीवनयापनका लागि संस्थाले वार्षिक रू. ३ हजार ६ सय उपलब्ध गराउनेछ ।
- शेयर सदस्य बुबा, आमा दुवै जना दुर्घटना मृत्यु भई छोराछोरी अनाथ भएको अवस्थामा बालिग नहुन्जेलको अवस्थासम्म शिक्षा, दिक्षा र पालनपोषणको लागि संस्थाद्वारा सहयोग गरिनेछ ।

**१८) स्वास्थ्य नै सम्पति, सुखी रहौं दम्पति :-**

वर्तमान समयमा मानिसहरूमा नसर्ने तथा प्राणघातक रोगहरूबाट प्रभावित भएको परिवेशमा विषादी रहित उत्पादन र उपभोगका लागि चेतना अभिवृद्धि गर्ने । सदस्यहरूलाई व्यायाम र योगा गर्न प्रोत्साहित गर्दै समन्वय गरी स्वास्थ्य शिविर, वृहत योग शिविर तथा स्वास्थ्य सम्बन्धी अन्य कार्यक्रमहरू सञ्चालन गरिनेर्छ ।

**१९) मेरो खुशी, मेरो नवप्रतिभा :-**

यस कार्यक्रम अन्तर्गत आँखा चेक जाँच, आँखा शिविर, निशुल्क औषधी वितरण र मोतिया बिन्दुको शल्यक्रिया गर्न सहयोग पुऱ्याइनेछ ।

**२०) खेलकुदमा नवप्रतिभा :-**

युवाहरूलाई अनुशासनमा राख्न र खेलको माध्यमबाट संस्थाको पहिचान राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरसम्म पुऱ्याउन स्थानीय सामाजिक संघ-संस्थासँग सहकार्य गरी फुटवल, भलिबल, क्रिकेट, तेक्वान्दो आदि जस्ता खेलहरूको प्रवर्द्धन विकास गर्न र खेलकुद क्षेत्रमा लाग्न युवाहरूलाई प्रोत्साहन गरिनेछ ।

**२१) नवदम्पति /बाल सदस्यता स्वागत कार्यक्रम :**

संस्थाको सदस्यता विस्तारका लागि विवाह भएर आउने नया बेहुलीलाई विवाहकै दिनमा स्वागत र शुभकामना दिई संस्थाबाट सदस्यता प्रदान गर्ने साथै संस्थाका सुत्केरी सदस्य भेटघाट कार्यक्रममा सहभागी भई नवजात शिशुको नाममा बाल बचत खाता खोली बचत गराउने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

**२२) समन्वय, सम्बन्ध विस्तार, सहकार्य तथा साझेदारी :-**

संस्थाको ख्याति तथा पहिचान वृद्धि, सदस्यहरुको क्षमता अभिवृद्धि, सामुदायिक विकास एवम् सामाजिक रुपान्तरणका लागि स्थानीय पालिका, प्रादेशिक र केन्द्रीयस्तरका छाता संघहरु लगायत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विभिन्न संघ संस्थाहरुसँगको सहकार्यलाई अगाडि बढाइएको छ । विभिन्न संघ संस्थाबाट आयोजना गरिने लघुवित्त सम्मेलन, साकोस शिखर गोष्ठी, व्यवसाय तथा कला संस्कृतिको प्रवर्द्धन संरक्षणमा सहयोग पुऱ्याउने खालका कार्यक्रहरुको आयोजक, सह-आयोजक र प्रायोजकको भूमिका निर्वाह गरिनेछ ।

**२३) कार्य सम्पादन मूल्याङ्कन :-**

- सञ्चालक समिति, उप-समितिको स्वमूल्याङ्कनलाई निरन्तरता दिइनेछ । उत्कृष्ट सेवा केन्द्रलाई कार्यसम्पादन मूल्याङ्कनको आधारमा सम्मान तथा पुरस्कृत गरिनेछ ।

- वार्षिक रूपमा कर्मचारीहरूको लक्ष्य अनुसार प्रगतिको कार्यसम्पादन मूल्याङ्कन गरी सम्मान तथा पुरस्कृत गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

**२४) प्रकाशन तथा प्रचार प्रसार**

संस्थाबाट भए गरेका कार्यक्रम, सूचना तथा जानकारीहरु सदस्यहरु माझ पुऱ्याउनका लागि नियमित रुपमा संस्थाको नामबाट सामाजिक सञ्जाल फेसबुकको प्रयोग गरिएको छ । वेभसाइटलाई अद्यावधिक गर्दै रेडियो, टेलिभिजन, यूट्युव जस्ता प्रविधिहरुको प्रयोग गरी संस्थाको सूचना तथा जानकारीहरु प्रकाशन, प्रसारण गरिनेछ । संस्थाको डकुमेण्ट्री भित्तेपात्रो, सदस्य बडापत्र, स्मारिका, ब्रोसर, क्याटलग, फ्लेक्स प्रिन्ट, झोला, किरिङ्ग, लोगो अंकित छाता, टिसर्ट लगायतका सामाग्री व्यवस्थापन, प्रकाशन तथा वितरण कार्यलाई निरन्तरता दिइनेछ ।

**२५) संस्थागत दिगोपना तथा जनशक्ति व्यवस्थापन** :

क) सञ्चालक, लेखा समिति र उप-समिति, कार्यदल तथा कर्मचारीहरुको क्षमता विकास गरि थप क्रियाशील बनाउन आन्तरिक र विभिन्न अन्य संस्थाबाट आयोजना गरिएका राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका तालिम, गोष्ठी, भ्रमण र अन्तरक्रियामा सहभागी गराइनेछ ।

ख) सञ्चालक, उप-समिति तथा कार्यदलहरुको बैठकमा सक्रियता र सहभागितालाई थप प्रभावकारी बनाइनेछ । संस्थाका सबै समिति एवम् उप-समितिका पदाधिकारीहरुलाई नेतृत्वदायी भूमिका निभाउनका लागि अभिप्रेरित गरिनेछ ।

ग) शेयर सदस्यको विशेषज्ञताको आधारमा संस्थामा आवश्यक उप-समितिहरु गठन गरी परिचालन गरिनेछ ।

घ) समिति तथा उप-समितिहरुको वार्षिक रुपमा स्वमूल्याङ्नको आधारमा क्षमता विकास सम्बन्धी योजनाहरु तय गरिनेछ ।

ङ) कर्मचारीहरुलाई संस्थाको वित्तीय विश्लेषण, संस्थाको क्षमता, प्रतिस्पर्धी बजार एवम् विद्यमान नियम कानुन बमोजिम सेवा सुविधाहरु थप गर्दै लगिनेछ ।

च) कर्मचारीको विभागीय संरचना बमोजिम २०८२ असार मसान्तसम्म १९१ जना कर्मचारी रहेकोमा संस्थाको सेवा विस्तार वित्तीय तथा अन्य कार्यक्रमको आवश्यकताको आधारमा ४ जना थप गरि २०८३ असार मसान्तसम्म १९५ जनाको दरबन्दी कायम रहनेछ ।

**२६) महामारी, संक्रमण तथा विपद व्यवस्थापन कार्यक्रम** :-

विगत वर्षहरुमा जस्तै माहामारी, संक्रमण देखापर्ने तथा प्राकृतिक विपद आईपर्न सक्ने सम्भावनालाई मध्यनजर गर्दै महामारी, संक्रमण तथा विपद व्यवस्थापनका लागि पूर्वतयारी गरिनेछ । साथै सो घटनाहरुबाट प्रभावित सदस्यहरुलाई राहत तथा सुविधा प्रदान गरिनेछ ।

**२७) सहकारी एकीकरण** :-

सहकारी क्षेत्रलाई अझ प्रतिस्पर्धी र बलियो बनाउदै सदस्यहरुलाई सम्पूर्ण वित्तीय समाधान सहितको गुणस्तरिय सेवा प्रदान र दोहोरो सदस्यता न्यूनीकरण गर्न कार्यविधि अनुरुप एकीकरण गरिनेछ ।

**अन्य**

- संस्थाको दिगोपना र ख्याती वृद्धिका लागि विभिन्न निकायबाट सञ्चालन गरिएका ब्राण्डीङ्ग कार्यक्रममा सहभागिता जनाइनेछ ।
- संस्था तथा सेवा केन्द्रहरुको स्थापना दिवसमा विविध कार्यक्रमहरु गरी मनाइनेछ ।
- बढ्दो विकृती र विसङ्गति न्यूनीकरण गर्न सचेतनामुलक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- संस्थाले पुऱ्याएको योगदान, सदस्यहरुमा आर्थिक उन्नतिमा पुगेको प्रभावको विश्लेषण तथा उपलब्धीहरुको लेखाजोखाका लागि खोज तथा अनुसन्धान गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- सहभागीतामूलक वार्षिक योजना तथा बजेट, रणनितिक व्यवसायिक योजनाहरु निर्माण तथा समय समयमा पुनरावलोकन एवम् समीक्षा गरी लक्ष्य तथा उद्देश्य हाँसिल गर्न थप कार्यहरु सञ्चालन गरिनेछ ।

**अनुमान गरिएका चुनौती तथा जोखिमहरूः**

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रुपमा हुने आर्थिक मन्दी, ऐन नियमावली तथा नीति परिवर्तन हुँदा सिर्जना हुन सक्ने सम्भावित जोखिमहरु, विपद, प्राकृतिक प्रकोप तथा महामारीबाट सृजना हुने जोखिमहरु, राजनैतिक अस्थिरता, सुरक्षा जोखिम, सम्भावित बजारको संङ्कुचन, अधिक तरलता र कर्जा लगानीमा कमी, बैंक तथा वित्तीय संस्थाहरुको न्यून व्याजदर, गलत मनसायले सञ्चालित सहकारी संस्थाहरुमा देखिएका समस्या, सदस्यहरुको आम्दानीका स्रोतहरुमा अनिमियतता, परिवर्तित मानसिकताका आदि जस्ता जोखिम तथा चुनौतीका कारण संस्थाको आम्दानी खर्चमा प्रभाव पर्न सक्ने, भाखा नाघेको कर्जा वृद्धि हुन सक्ने, आदिका कारणले संस्थाको समग्र वित्तीय प्रगतिमा पर्न सक्ने असरबारे सचेत रहदै सम्भावित हानी नोक्सानी तथा जोखिम न्यूनीकरण गर्न प्रस्तावित बजेट तथा कार्यक्रम निर्माण गर्दा विशेष ध्यान दिइएको छ ।

अन्त्यमा संस्थाको विकास र प्रगतिमा सहयोग गर्नुहुने नियामक निकाय, छाता संघहरू, सञ्चार जगत, सरोकारवाला संघ- संस्था, सहकारी अभियन्ताहरू, संस्था र सदस्यको सेवामा समर्पित पूर्व सञ्चालक, वर्तमान सञ्चालक समिति, उप-समितिका सहकर्मी साथीहरू, अग्रपंक्तिमा खटिने कर्तव्यनिष्ठ कर्मचारी वर्ग, वित्तीय अनुशासन र इमान्दारीतामा रही आफ्नो र संस्थाको हितमा कटिबद्ध सदस्य महानुभावहरूप्रति हार्दिक आभार एवम् कृतज्ञता ज्ञापन गर्दछु । आगामी दिनमा संस्थालाई आउन सक्ने समस्या एवम् चुनौतीमा साथ दिई संस्थालाई सुरक्षित तथा व्यवस्थित रूपमा सञ्चालनका लागि सम्पूर्ण सदस्यहरूज्यूहरूलाई सक्रिय भूमिका निर्वाह गर्नुहुन अनुरोध गर्दै मेरो प्रतिवेदन अन्त्य गर्दछु ।

धन्यवाद ! जय नवप्रतिभा ! जय सहकारी !

# २८औं वार्षिक साधारण सभामा प्रस्तुत आर्थिक प्रगति प्रतिवेदन, एवम् प्रस्तावित लक्ष्य तथा बजेट आ.व. २०८२/०८३



कौशिला सापकोटा
कोषाध्यक्ष

२८ औं वार्षिक साधारण सभाका श्रद्धेय सभाध्यक्षज्यू, हाम्रो आतिथ्यतालाई स्वीकार गरी पाल्नुहुने प्रमुख अतिथिज्यू, अन्य अतिथिज्यूहरू, शेयर सदस्यज्यूहरू एवम् सञ्चालक समिति तथा विभिन्न उप-समितिका पदाधिकारीज्यूहरू लगायत शुभचिन्तक महानुभावहरूमा न्यानो सहकारी अभिवादन टक्रयाउँदछु । साथै सम्पूर्णमा सुख, शान्ति एवम् सु-स्वास्थ्यको कामना गर्दछु ।

तत्कालीन जिल्ला सहकारी कार्यालय नवलपरासीबाट वि.सं. २०५४/०९/१६ गते औपचारिक रुपमा दर्ता भई २७ जना युवाहरूबाट शुरुवात गरिएको यस संस्था विभिन्न आरोह-अवरोहको सामना गर्दै सफलतापूर्वक यस अवस्थासम्म आइपुगेको छ । यस गरिमामय सभा समक्ष कोषाध्यक्षको हैसियतले अ.व. २०८१/०८२ को वित्तीय विवरणहरू प्रस्तुत गर्न पाउँदा अत्यन्त हर्षित भएकी छु ।

**आदरणीय शेयर सदस्यज्यूहरू**

विश्वव्यापी कोरोना महामारी पश्चात अर्थतन्त्रमा प्रत्येक वर्ष देखा परेका राजनैतिक, आर्थिक एवम् सामाजिक उतार चढाव तथा नयाँ नयाँ चुनौतीहरुका कारण समग्र अर्थतन्त्र लामो समय देखि लयमा फर्किन सकिरहेको छैन । देशमा उद्योग, रोजगार तथा व्यवसाय धरासायी भई आर्थिक मन्दी छाउनु, उत्पादनको लागि प्राविधिक ज्ञान नहुनु, उत्पादित वस्तुको बजार नहुनु, न्यायोचित मूल्य प्राप्त नहुनु, सहकारी तथा बैंक वित्तीय संस्थामा अधिकतम पुँजी संचित हुनु, सहकारी क्षेत्रको सन्दर्भमा केही सहकारी संस्थाहरु सिद्धान्त र मूल्य मान्यता विपरीत सञ्चालित भई समस्याग्रस्त हुनु र सहकारी तथा वित्तीय क्षेत्रका विषयमा नकरात्मक एवम् भ्रामक प्रचार प्रसार आदि जस्ता घटना तथा परिघटनाको प्रभाव स्वरुप हामीले आ.व २०८१/०८२ का लागि तय गरेका केहि वित्तीय सूचांकहरुमा कमी हुन पुगेको छ । तथापी अत्यन्त प्रतिकूल अवस्थामा समेत हाम्रा सदस्यहरुले देखाउनुभएको सद्भाव, अटुट माया, सक्रियता, ईमान्दारिता र संस्थाप्रतिको कार्यबोधले हामी आन्तरिक स्रोतमा दरिलो बन्दै वित्तीय स्थिरता कायम गर्न सफल भएका छौं । संस्था सञ्चालनका क्रममा सहकारी मूल्य-मान्यता, सिद्धान्त तथा  वर्तमान समयमा विभिन्न तहका नियमनकारी निकायद्वारा जारी मापदण्ड, निर्देशन बमोजिम संस्थाका नीति विधि, र सुचांकहरुको व्यवस्थापन गर्दै लगिरहेका छौं । वित्तीय क्षेत्रमा गरिएका असल अभ्यासहरुलाई रचनात्मक तथा सृजनात्मक ढङ्गबाट अनुसरण गरी समग्र सदस्य र समुदायको स्तरमाथि उठाउन निरन्तर प्रयासरत छौं । संस्थाका सम्पूर्ण आर्थिक क्रियाकलापहरुलाई सकेसम्म मितव्ययी, चुस्त दुरुस्त, पारदर्शी एवम् सुरक्षित बनाईराख्न संस्थागत सुशासन कायम गर्दै नीतिगत व्यवस्था गरेका छौं । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रभावबाट उत्पन्न परिणामको व्यवस्थापनका लागि संस्थाका नेतृत्ववर्ग सदैव सजग रहँदै आएका छौ । संस्थाको संस्थागत विकास एवम् वित्तीय सक्षमता र सदस्यहरूको आर्थिक, सामाजिक र सांस्कृतिक रुपान्तरणका लागि जोड दिईएको छ ।

संस्थाका वित्तीय विवरणलाई प्रचलित कानुन र राष्ट्रिय तथा अन्तराष्ट्रिय अभ्यास अनुसार समायोजन गर्न आ.व २०८१/०८२ को लेखापरीक्षण नेपाल वित्तीय मान (NFRS) बमोजिम गरिएको छ भने मासिक रुपमा पर्ल्स अनुगमन प्रणाली र राष्ट्रिय सहकारी नियमन प्राधिकरणद्वारा जारी मापदण्ड बमोजिम वित्तीय विवरणहरु विश्लेषण र अद्यावधिक गर्दै आइरहेको छ । प्रतिस्पर्धी वित्तीय बजार र सदस्यहरुलाई सुविधा प्रदान गर्न बचत तथा ऋण सेवा, व्याजदर, सेवा शुल्क संशोधन र परिमार्जन गरिएको छ ।

**आदरणीय शेयर सदस्यज्यूहरु**

आ.व. २०८१/०८२ मा हासिल गरिएका उपलब्धीहरूलाई समीक्षा गर्दै यसलाई सकारात्मक रूपमा ग्रहण गर्नुहुनेछ भन्ने आशा लिएकी छु ।

**आ.व. २०८१/०८२ को आर्थिक समीक्षा**

| क्र.स. | विवरण | २०८१ असार | वृद्धि (%) | २०८२ असार |
|---|---|---|---|---|
| १ | बचत | २०८३०७९९१३ | १४।८१ | २३९१६८०८५८ |
| २ | शेयरपूँजी | ४०७९२५५०० | २।९१ | ४१९७८२३०० |
| ३ | लगानीमा रहिरहेको रकम | १९८२२५२२५५ | ०।२८ | १९८७८८२९८१ |
| ४ | स्थिर सम्पत्ति | १९२०४८७६ | (५।६४ | १८१२१३८४ |
| ५ | कर्जा सुरक्षण कोष | ७८४१४४०८ | ४१।५० | ११०९५३७४९ |
| ६ | कूल आम्दानी | ३५२४५२११३ | (६।८१ | ३२८४५७९४२ |
| ७ | कूल खर्च | २६९३६६४३४ | ९।३३ | २९४५०००८५ |
| ८ | सञ्चालन नाफा | ८३०८५६७९ | (५९।१३ | ३३९५७८५७ |
| ९ | कूल सम्पत्ति | ३१८६३८२०४३ | १०।०५ | ३५०६५३७५९० |

संस्थाले हालसम्म प्राप्त गरेका उपलब्धीहरूलाई अझ गुणात्मक बनाउदै, ख्याती तथा पहिचान र कोषहरूको वृद्धि गरी संस्थालाई समग्र दृष्टिकोणबाट दरिलो बनाउदै सेवा विस्तार गर्ने योजना अगाडि सारिएको छ । सदस्य सेवा र सन्तुष्टि वृद्धिका लागि संस्थाका नीति, विधि तथा सेवा सुविधाहरुलाई समय सापेक्ष परिमार्जन र विविधीकरण गरीनेछ । उद्यमशीलता तथा व्यवसाय प्रवर्द्धन, स्वरोजगार सृजना एवम् प्रविधियुक्त सेवाका लागि कार्यक्रमहरुलाई केन्द्रीत गरिनेछ । प्रतिस्पर्धी वित्तीय बजारसँग समायोजन हुने गरी व्याजदर संशोधन गरिनेछ । सदस्यहरुलाई बढी भन्दा बढी सेवा तथा सुविधाका लागि विभिन्न निकायहरूसँग सहकार्य तथा साझेदारी गरिनेछ । सदस्यमैत्री कार्यालय, जग्गा भवन तथा सवारी साधन, आवश्यक फर्निचर, फिक्चर्स, विद्युतीय सामग्री आदि जस्ता भौतिक पूर्वाधार निर्माण, खरिद तथा व्यवस्थापन गर्ने योजना अगाडि सारिएको छ । सचिव ज्यूद्वारा आ.व.२०८२/०८३ को प्रस्तावित वार्षिक नीति तथा कार्यक्रमको अधिनमा रहि प्रस्तावित लक्ष्य र बजेट तय गर्दा वर्तमान अवस्थाको सिकाई, अनुभव, समाजका बुद्धिजिवी र प्रतिष्ठित व्यक्तिहरुसँग समेत अन्तरक्रिया र सुझाव संकलन गरी सदस्यहरुको मनोभावना सम्बोधन हुने कार्यलाई प्राथमिकता दिदै, वर्तमान अवस्थाको विश्लेषण, विगत वर्षको प्रगति समीक्षा, सदस्यहरूको आवश्यकता, माग र चाहना, संस्थाको कार्यक्षेत्र, र सेवा विस्तार योजना, कार्यक्षेत्रभित्रको जनसंख्या पेशा, व्यवसाय र अवस्थाको अध्ययन, बचत तथा ऋण अभियान र प्रतिस्पर्धी बजार, अन्य

निकायबाट उपलब्ध हुन सक्ने सहयोग, एकिकरण सम्भावना र त्यसको प्रभावहरुको अध्ययन विश्लेषण गरी तयार पारिएको छ । र यहाँहरुले दिनुभएको मार्गदर्शन तथा सल्लाह सुझाववाट तय गरिएको आगामी वर्षको अनुमानित वार्षिक बजेट यहाँ प्रस्तुत गर्न गईरहेकी छु । साथै यसको कार्यान्वयनमा हामीलाई रचनात्मक सल्लाह सुझाव प्रदान गर्नुहुनेछ भन्ने अपेक्षा लिएकी छु ।

**आ.व. २०८१/०८२ को अनुमानित लक्ष्य, वास्तविक अवस्था र आ. व. २०८२/०८३ को प्रस्तावित**

| क्र.स. | विवरण | अनुमानित आ.व. २०८१/०८२ (रकम रु. मा) | वास्तविक आ.व. २०८१/०८२ (रकम रु. मा) | प्रस्तावित आ.व. २०८२/०८३ (रकम रु. मा) |
|---|---|---|---|---|
| १ | बचत | २४५४९५१९३४ | २३९१६८०८५८ | २६५८९६५८९५ |
| २ | शेयरपूँजी | ४६०८०८४०० | ४१९७८२३०० | ४५१९१४९०० |
| ३ | लगानीमा रहिरहेको रकम | २५१५९७८३२० | १९८७८८२९८१ | २५८३०५५२४४ |
| ४ | लगानी | ८००००००० | ७०७२५०० | ९०००००० |
| ५ | संस्थागत पूँजी | २७७३२८३७९ | २६३४८७२४३ | २८४०७८६५० |
| ६ | बाह्य ऋण | ० | १०४१६६७ | ० |
| ७ | स्थिर सम्पत्ति | ३६१२३७५६ | १८१२१३८४ | ३४४१९४८९ |
| ८ | कूल सम्पत्ति | ३८४६७६६३२१ | ३५०६५३७५९० | ४०३५११९१५१ |

**आ.व. २०८१/०८२ को वित्तीय प्रगति तथा आ.व. २०८२/०८३ को अनुमानित आय व्यय विवरण**

| क्र. स. | विवरण | अनुमानित आ.व. २०८१/०८२ | वास्तविक आ.व. २०८१/०८२ | प्रतिशत | प्रस्तावित आ.व. २०८२/०८३ |
|---|---|---|---|---|---|
| १ | **कुल आम्दानी** | ४४३५५७११९ | ३२८४५७९४२।०० | ७४ | ४०९३७६०९४ |
| | ऋणमा ब्याज आम्दानी | ३६१०४३२०९ | २७११६२९१४ | | ३१९९८६२४८ |
| | अन्य आम्दानी | ८२५१३९१० | ५७२९५०२८ | | ८९३८९८४६ |
| २ | **कुल खर्च** | ३३३५५१५६९ | २९४५०००८४।६६ | ८८ | ३१८८२५९६८ |
| क | **कर्मचारी खर्च** | ८३७८०५०० | ६२५२९२२६।०० | ७५ | ८२१७०१०० |
| | तलब भत्ता तथा अन्य सुविधा | ७६३९४००० | ५८८४७०१० | | ७१६३५५०० |
| | कर्मचारी पोशाक खर्च | ६६०००० | ४३२०१० | | ७२६००० |
| | कर्मचारी बिदाकोष खर्च | २५७४५०० | १२४६४७७ | | २५९३००० |
| | उपदान कोष खर्च | ३६००००० | ० | | ३६००००० |
| | दुर्घटना/स्वास्थ्य उपचार खर्च | ५५२००० | २००३७२९ | | ३६१५६०० |
| ख | **कार्यालय सञ्चालन खर्च** | २४१९२१४५ | १२३९५९४४।५७ | ५१ | १९०१३१०० |
| | घरभाडा/लिज ब्याज खर्च | ७४७५८४० | २३७५४४४ | | २५४४४०० |

| क्र. स. | विवरण | अनुमानित आ.व. २०८१/०८२ | वास्तविक आ.व. २०८१/०८२ | प्रतिशत | प्रस्तावित आ.व. २०८२/०८३ |
|---|---|---|---|---|---|
| | सञ्चार खर्च | ३२६९०० | १०८१८५ | | ३०७४०० |
| | इण्टरनेट खर्च | ४१०९०० | २८६२८९ | | ३८८५०० |
| | विद्युत तथा पानी खर्च | ६४८८०० | ५०७५१४ | | ६२६१०० |
| | यातायात तथा इन्धन खर्च | २३५९६०० | १७८५४७१ | | २४११४०० |
| | छपाई तथा मसलन्द खर्च | २४९१५०५ | २२२६६३० | | २४७८४०० |
| | कर्मचारी भर्ना खर्च | ९०००० | ८४६९० | | १५०००० |
| | अनुगमन तथा सुपरिवेक्षण खर्च | ४४६५०० | २८२९०० | | ४४६५०० |
| | सदस्यता शुल्क | २५२००० | ११७५६० | | २०४००० |
| | बीमा खर्च (नगद मार्गस्थन, सदस्य, कर्मचारी) | १३४१४०० | ८१८९८५ | | ११५३६०० |
| | सम्पत्ति/सवारी साधन बीमा/नवीकरण खर्च | १०८०० | २९५७९ | | २९०४०० |
| | लेखा परीक्षण शुल्क/खर्च (आन्तरिक, बाह्य) | ४००००० | ३००००० | | ४००००० |
| | बैंक दस्तुर खर्च | ३३९०० | ५४७७ | | ३२९०० |
| | कार्यालय सरसफाई खर्च | ६४१६०० | १११३९० | | ४१६५०० |
| | बैठक तथा समन्वय खर्च | १७३६८०० | ७९२८९० | | १६९६००० |
| | मेष सञ्चालन खर्च | १९११०० | १३९३०० | | १८६१०० |
| | आवास तथा भ्रमण खर्च | ८०४००० | २२०५६५ | | ८७३००० |
| | क्लोजिंग खर्च | ५७५०० | ४१८०० | | ५३००० |
| | अतिथि सत्कार खर्च | ६२५००० | १६२१४९ | | ५१५५०० |
| | मर्मत सम्भार खर्च | ७७९६०० | ४६५९८५ | | ७६११०० |
| | ज्याला तथा ढुवानी खर्च | ३९२१०० | २४३५५ | | ४२४१०० |
| | फुटकर फर्निचर तथा मेस सामान खरिद खर्च | २३४००० | ३६३२८ | | २२६९०० |
| | सफ्टवेयर सेवा तथा सर्वर शुल्क | १५२०००० | १२७९८६० | | १४६२००० |
| | अन्य/व्यवसायिक कर खर्च | १९५७०० | १२७५० | | १९५७०० |
| | भैपरी खर्च | ३०१५०० | | | २९६५०० |

**आ.व. २०८१/०८२ को वित्तीय प्रगती तथा आ.व. २०८२/०८३ को अनुमानित आय व्यय विवरण**

| क्र.स. | विवरण | अनुमानित आ.व. २०८१/०८२ | वास्तविक आ.व. २०८१/०८२ | प्रतिशत | प्रस्तावित आ.व. २०८२/०८३ |
|---|---|---|---|---|---|
| | मोबाईल बैंकिङ्ग खर्च | ३२९१०० | १७९८४९ | | ३२३१०० |
| | कानुनी परामर्श खर्च | ९६००० | | | १५०००० |
| ग. | **वित्तीय खर्च** | १८८१८४४६६ | १७४९८०७७९ | ९३ | १७८०४३९४९ |
| | ऋणपुँजीमा ब्याज खर्च | १२९०९४ | ८६४१७ | | ४१६६७ |
| | बचतमा ब्याज खर्च | १८८०५५३७२ | १७४८९४३६२ | | १७८००२२८२ |
| | सेवा शुल्क खर्च | | | | ० |
| घ | **कार्यक्रम खर्च** | २१६३४१०० | ५०१२७७७ | २३ | २०६३०००० |
| | क्षमता अभिवृद्धि तालिम खर्च | ९३०००० | ४५६६५२ | | १२७८००० |
| | विपन्नसँग नवप्रतिभा (शैक्षिक) कार्यक्रम खर्च | ५००४०० | २०३१७१ | | ४६५००० |
| | वातावरण संरक्षण कार्यक्रम खर्च | २९४००० | | | ३००००० |
| | सदस्यलाइ आय आर्जन तालिम खर्च | १३७२८०० | | | १३०२००० |
| | तालिम/गोष्ठी अन्तरक्रिया खर्च | १८३०००० | ३७८४ | | १९९०००० |
| | सहकारी शिक्षा/वित्तीय साक्षरता खर्च | ६५१००० | ६६८६२ | | ६०४००० |
| | राष्ट्रिय/अन्तर्राष्ट्रिय भ्रमण खर्च | १७३४००० | | | २१५४००० |
| | आयोजक/प्रायोजक तथा एकिकरण खर्च | ४८३००० | | | ५४९००० |
| | अनुसन्धान तथा विकास खर्च | १४४००० | | | १४४००० |
| | युवा उद्यम विकास प्रबर्द्धन खर्च | ५७६००० | | | ५६४००० |
| | वार्षिक साधारण सभा खर्च | ३९४२००० | ३०७९९५८ | | ३२५२००० |
| | प्रकोप/विपद व्यवस्थापन कोष खर्च | २५५६०० | | | २५५६०० |
| | महामारी व्यवस्थापन खर्च | ३३५६०० | | | ८३००० |
| | सुनौलो विहानी कार्यक्रम खर्च | २७८००० | | | २५७००० |
| | सेवा विस्तार खर्च | २४०००० | | | २४०००० |
| | स्वास्थ्य कार्यक्रम खर्च | १४५५००० | २०४५० | | १०८९००० |
| | पुरस्कार तथा प्रोत्साहन तथा सम्मान खर्च | ७३२००० | ३०९१०७ | | ६०२४०० |
| | सेवा केन्द्र वार्षिक उत्सव खर्च | ३१२००० | ५५५२१ | | ३१२००० |
| | सेवा केन्द्र उद्घाटन खर्च | १५०००० | ० | | ० |
| | दिवस तथा र्‍याली कार्यक्रम | ३१८००० | | | ३१२००० |
| | पारिवारिक भेला/अभिभावक उत्प्रेरणा खर्च | ५०४००० | | | ५०४००० |
| | राहत खर्च | १०५०१०० | २०५१८२ | | ९३१६०० |
| | संस्कृति तथा पर्यटन प्रवर्द्धन कार्यक्रम खर्च | ६६७२०० | १७१६४० | | ६७३२०० |
| | खेलकुद प्रवर्द्धन कार्यक्रम खर्च | ४२३००० | २५२३५ | | ४२३००० |
| | आवास निर्माण प्रवर्द्धन कार्यक्रम खर्च | २४२४०० | | | ४८००० |

| क्र.स. | विवरण | अनुमानित आ.व. २०८१/०८२ | वास्तविक आ.व. २०८१/०८२ | प्रतिशत | प्रस्तावित आ.व. २०८२/०८३ |
|---|---|---|---|---|---|
| | सामाजिक व्यवसाय कार्यक्रम | ८४५००० | १६८९१८ | | ५४०००० |
| | जेष्ठ नागरिक सम्मान खर्च | ४४६००० | ८८९९० | | ३३३२०० |
| | सामुदायिक विकास खर्च | १९८००० | | | २१९००० |
| | कृषि प्रवर्द्धनात्मक कार्यक्रम खर्च | ७२५००० | १५७३०७ | | १२०५००० |
| | **अप्रत्यक्ष खर्च** | १५,५१७,६५८ | ३९,५५५,०६९ | २५५ | १८,७३१,१२० |
| | कर्जा जोखिम कोष खर्च | १२१३९८१६ | ३२५३९३४१ | | १११७७२२५ |
| | ह्रासकट्टि र परिशोधन खर्च | ३१६७८४२ | ६८९३५०८ | | ७३४३८९५ |
| | अपलेखन खर्च | २१०००० | १२२,२२० | | २१०००० |
| | **अन्य खर्च** | २४२७०० | २६२८९ | ११ | २३७७०० |
| | विविध खर्च | २४२७०० | २६२८९ | | २३७७०० |
| | **कर र बोनस अघिको खुद नाफा** | ११०,००५,५५० | ३३,९५७,८५७ | ३१ | ९०५५०१२६ |
| | **बोनस खर्च व्यवस्था** | १००००५०५ | ३०८७०७८ | | ८२३१८३० |
| | **आयकर अघिको खुद बचत** | १००,००५,०४६ | ३०,८७०,७७९ | | ८२,३१८,२९६ |
| | **यस वर्षको कर व्यवस्था** | १००००५०५ | ३१४४३३७ | | ८२३१८३० |
| | **स्थगन कर** | | १०१८४५।९३ | | |
| | **आय करपछिको खुद बचत हिसाव** | ९०,००४,५४१ | २७,८२८,२८८ | | ७४,०८६,४६६ |

**आदरणीय शेयर सदस्यज्यूहरू**

सहकारी संस्थाका मालिकको रुपमा रहनुभएका शेयर सदस्यहरुज्यूहरुले गर्नुभएको सम्पूर्ण वित्तीय कारोबारले संस्थाको दिगोपना र संस्थागत विकास हुने हुदा सम्पूर्ण शेयर सदस्यहरुलाई निर्धक्क भई सम्पूर्ण आर्थिक कारोवार आफ्नै संस्थामा गर्नुहुन अनुरोध गर्दछु । अनपेक्षित विषम परिस्थितिमा हाम्रा वित्तीय लक्ष्य तथा योजनाहरूलाई चुस्त, दुरुस्त र उपलब्धीमूलक बनाइराख्न ईमान्दारिता तथा सक्रियतापूर्वक भूमिका निर्वाह गरी अतुलनीय योगदान र सहयोग गर्नुहुने सम्पूर्ण सदस्यज्यूहरू, लक्ष्य नबिर्सी अहोरात्र काममा खटिने लगनशील कर्मचारी लगायत जिम्मेवारीबोधले निरन्तर क्रियाशील समिति, उप-समिति, सम्बद्ध सबैमा हार्दिक कृतज्ञता ज्ञापन गर्दै आगामी दिनमा समेत यस्तै साथ र सहयोग प्राप्त हुने अपेक्षा राखेको छु । अब म २७ औं वार्षिक साधारण सभाद्वारा नियुक्त गरिएका सि.पि. एसोसिएट्स चार्टर्ड एकाउन्टेन्ट्सका लेखा परीक्षक वरिष्ठ चार्टर्ड एकाउण्टेन्ट श्री छविलाल पोखेलद्वारा लेखा परीक्षण गरिएको आर्थिक प्रतिवेदन र चालु आ.व. २०८२/०८३ को अनुमानित वित्तीय लक्ष्य तथा बजेट अध्ययन गरेर रचनात्मक सल्लाह सुझाव सहित सर्वसम्मतीबाट पारित गरिदिनुहुनका लागि यस सम्मानित साधारण सभा समक्ष हार्दिक अनुरोध गर्दै मेरो प्रतिवेदन यही अन्त्य गर्दछु ।

धन्यबाद ! जय नवप्रतिभा ! जय सहकारी !

COP Nepal : 609
ICN Member :747

C. P. Associates
Chartered Accountants

Mob. 9851196147
071-549491
Sifal, Kathmandu, Nepal
Email:cachhabiPokhrel@gmail.com

**नवप्रतिभा बचत तथा ऋण सहकारी संस्था लि.**

**मध्यविन्दु-१०, आरुङ्गखोला, नवलपरासी (ब. सु. पू)**

**सदस्य महानुभावहरु समक्ष स्वतन्त्र लेखापरीक्षकको प्रतिवेदन**

**श्री सदस्य महानुभावहरु,**

१. हामीले **नवप्रतिभा बचत तथा ऋण सहकारी संस्था लिमिटेड, मध्यविन्दु-१०, आरुङ्गखोला, नवलपरासी (ब. सु. पू)** यसै साथ संलग्न ३२ असार २०८२ को वासलात, सोही मितिमा समाप्त आर्थिक बर्षको नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण, इक्वीटीमा भएको परिवर्तन सम्बन्धी विवरण तथा लेखा नितिहरु को लेखापरीक्षण सम्पन्न गरेका छौं । वित्तिय विवरणहरु प्रतिको उत्तरदायित्व व्यवस्थापनमा रहेको छ । व्यवस्थापनले तयार गरेको ती वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा आफ्नो मन्तव्य जारी गर्नु हाम्रो उत्तरदायित्व हो ।

२. हामीले लेखापरीक्षण गर्दा लेखाको सर्वमान्य सिद्धान्त, नेपाल लेखामान तथा प्रचलित ऐनको आधारमा लेखापरीक्षण सम्पन्न गरेका छौं । ***प्रस्तुत वित्तीय विवरणहरु नेपाल वित्तीय प्रतिवेदनमान (NFRS) अनुरुप तयार भएको छ । वित्तीय प्रतिवेदनको ढाँचा परिवर्तन हुदाँ संक्रमणकालिन व्यवस्था अनुरुपको वित्तीय विवरणहरु तयार गरिएको छ । सो व्यवस्था अनुरुप नयाँ लेखानीतिहरुका आधारमा वित्तीय सुचनाको पहिचान, पुर्नस्थापना, प्रस्तुतिकरण र खुलासाको आवश्यकता पर्दछ ।*** वित्तीय विवरण सारभूत रुपमा गलत आंकडारहित छ भन्ने कुरामा विश्वस्त हुनका लागि ती लेखापरीक्षण मानअनुसार योजना तयार गरि तदनुसार लेखापरीक्षण सम्पन्न गर्नु पर्दछ । वित्तीय विवरणहरुमा उल्लेखित रकम र खुलाइएका विवरणहरुलाई पुष्ट्याई गर्न प्रमाणको छड्के परिक्षण समेत लेखापरीक्षणमा समावेश हुन्छ । संस्थाले अवलम्वन गरेका लेखा सिद्धान्त, व्यवस्थापन गरेका महत्वपूर्ण अनुमान एवं वित्तीय विवरण प्रस्तुतीको समग्र स्थितिको मुल्याङ्कन पनि लेखापरीक्षणमा समावेश हुन्छ । लेखापरीक्षणले हाम्रो मन्तव्यलाई पर्याप्त आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौं ।

३. उपरोक्त अनुसार वित्तीय विवरणहरुको परिक्षण गरी देहाय बमोजिम प्रतिवेदन पेश गर्दछौं :

क) हामीले लेखापरीक्षणको सिलसिलामा आवश्यक ठानेका सुचना एवम् स्पष्टिकरणको साथै माग गरेका विवरणहरु यथासिघ्र तथा सन्तोषजनक रुपमा प्राप्त भएका छन ।

C. P. Associates * Chartered Accountant * Kathmandu Nepal

ख) यस प्रतिवेदन सँग सम्बन्धित वासलात, सोही मितिमा समाप्त आर्थिक वर्षको नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण, इक्वीटीमा भएको परिवर्तन सम्बन्धि विवरण तथा लेखा नीतिहरु नेपाल लेखामान, सहकारी विभागबाट जारी भएका निर्देशनहरु एवं प्रचलित कानुन बमोजिम ठीकसँग राखिएका छन ।

ग) वासलात, सोही मितिमा समाप्त आर्थिक बर्षको नाफा नोक्सान हिसाब, नगदप्रवाह विवरण, इक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण तथा लेखा नीतिहरु एवम् तत्सम्बन्धी अनुसूचीहरुमा संस्थाले राखेका लेखासंग दुरुस्त रहेका छन ।

घ) हामीलाई प्राप्त जानकारी तथा स्पष्टीकरण र हामीले परीक्षण गरेका श्रेष्ताहरुबाट सञ्चालक समिति, कुनै सदस्य वा संस्थाका कुनै कर्मचारीले कानुनी व्यवस्था विरुद्ध कामकाज वा हानी नोक्सानी गरेको, संस्था, निक्षेपकर्ता तथा सदस्यहरुको हक वा सुरक्षा विपरित हुने कुनै काम गरेको पाइएन ।

४. हाम्रो राय तथा हामीलाई प्राप्त सूचना तथा दिइएका स्पष्टीकरण अनुसार वित्तीय विवरणहरुले २०८२ असार ३२ गतेको वित्तीय स्थिति, सोहि मितिमा समाप्त भएको आर्थिक बर्षको सञ्चालन नतिजा, इक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण र नगद प्रवाह स्थितिको उचित एवम यथार्थ चित्रण गरेको छ ।

अन्तमा लेखापरीक्षण कार्यमा सहयोग गर्नु हुने कर्मचारी, लेखासमिति, अध्यक्ष लगायत सबैलाई धन्यबाद दिदै संस्थाको उत्तरोत्तर प्रगतीको कामना गर्दछु ।

**UDIN: 251113CA00747BnQZQ**

C.P Associates
Kathmandu
Nepal
Chartered Accountant

**सि.ए. छविलाल पोखेल**
सि.पि एसोसिएट्स
चार्टर्ड एकाउन्टेन्ट्स

मिति : २०८२।०६।२८

## नवप्रतिभा बचत तथा ऋण सहकारी संस्था लिमिटेड
मध्यविन्दु-१०, आरुङ्गखोला, नवलपरासी (ब. सु. पू)

### वित्तीय अवस्थाको विवरण (वासलात)
२०८२ साल असार मसान्त

| विवरण | टिप्पणी | आ.व. २०८१/८२ | आ.व. २०८०/८१ | आ.व. २०७९/८० |
|---|---|---|---|---|
| **सम्पत्ति** | | | | |
| नगद तथा नगद समान | ४ | ९९०,०९५,७४३.०० | ९३१,७२२,०८९.०० | ६८७,७६१,४३७.०० |
| मुद्दती मौज्दात | ५ | ४६७,०००,०००.०० | २१०,०००,०००.०० | ५५,०००,०००.०० |
| सदस्यलाई दिएको ऋण सापटी | ६ | १,९८५,९४३,१६२.०० | १,९८२,२५२,२५५.०० | १,९९७,०००,०५६.०० |
| कर्मचारीलाई दिएको ऋण सापटी | ७ | १,९३९,८१९.०० | - | - |
| लगानी | ८ | ७,७९८,१७४.०० | ७,१४४,९८७.०० | ७,०८१,५८६.०० |
| आयकर सम्पत्ति | ९ | ६,५८६,८४७.३७ | ३,७३२,४५९.०० | ३,४९२,६५९.०० |
| लगानी सम्पत्ति (गैर बैकिङ्ग सम्पत्ति) | १० | - | - | - |
| सम्पत्ति तथा उपकरण | ११ | १७,८७१,०८८.०० | १८,८९२,०११.०० | २०,३३७,२०३.०० |
| अदृश्य सम्पत्ति | १२ | २५०,२९६.०० | ३१२,८६५.०० | ३९१,०८३.०० |
| उपयोगको अधिकार सम्पत्ति | १३ | २१,३६९,८१५.४६ | २५,६४३,७७८.५५ | - |
| अन्य सम्पत्तिहरु | १४ | ७,४२८,५८७.०४ | ६,५२९,३८६.०० | १०,३८८,७८८.०० |
| स्थगन कर सम्पत्ति | १५ | २५४,०५८.३९ | १५२,२१२.४६ | - |
| **कुल सम्पत्ति** | | **३,५०६,५३७,५९०.२६** | **३,१८६,३८२,०४३.०१** | **२,७८१,४५२,८१२.००** |
| **दायित्व** | | | | |
| तिर्न बाँकी बाह्य ऋण | १६ | १,०४१,६६७.०० | १,९०३,२४७.०० | १३,१४६,७७१.०० |
| सदस्यबाट संकलन गरेको बचत | १७ | २,३९१,६८०,८५८.०० | २,०८३,०७९,९१३.०० | १,५२६,७२८,९७७.०० |
| आयकर दायित्व | ९ | - | - | - |
| पट्टा दायित्व | १८ | २३,७५४,४३८.३९ | २७,१९५,८५५.८१ | - |
| अन्य दायित्वहरु | १९ | २४४,६६२,८३०.९२ | २६१,५४६,७३८.०० | ५०१,८३६,२६३.०० |
| स्थगन कर दायित्व | १५ | - | | २७,१२३.०० |
| **जम्मा दायित्वहरु** | | **२,६६१,१३९,७९४.३०** | **२,३७३,७२५,७५३.८१** | **२,०४१,७३९,१३४.००** |
| **इक्विटी** | | | | |
| शेयर पूंजी | २० | ४१९,७८२,३००.०० | ४०७,९२५,५००.०० | ३६६,०४५,०००.०० |
| साधारण जगेडा कोष | २१ | २५०,२९७,०१८.९३ | २३९,९०८,५४६.०० | १७८,६४१,८७४.०० |
| अन्य कोषहरु | २२ | ६६,५१४,४०३.७५ | ८७,८०४,७०५.०० | १२९,७६४,५६७.०० |
| ऋण नोक्सानी व्यवस्था | २३ | ११०,९५३,७४९.०० | ७८,४१४,४०८.०० | ६५,२६२,२३७.०० |
| एन.एफ.आर.एस. समायोजन कोष | २४ | (२,१४९,६७५.७३) | (१,३९६,८६९.८०) | - |
| **कुल पूंजी** | | **८४५,३९७,७९५.९५** | **८१२,६५६,२८९.२०** | **७३९,७१३,६७८.००** |
| **कुल पूंजी तथा दायित्व** | | **३,५०६,५३७,५९०.२६** | **३,१८६,३८२,०४३.०१** | **२,७८१,४५२,८१२.००** |

आजको मितिको संलग्न प्रतिवेदन अनुसार

मोहन सिंह थापा बोकवल
अध्यक्ष

विजय प्रसाद पाठक
संयोजक, लेखा सुपरिवेक्षण समिति

कौशिला सापकोटा (कडेल)
कोषाध्यक्ष

सी.ए छविलाल पोखरेल
सि.पि एशोसिएट्स
चार्टर्ड एकाउण्टेन्टस

C.P Associates
Kathmandu
Nepal
Chartered Accountant

राम प्रसाद काफ्ले
प्रमुख कार्यकारी निर्देशक

जोगमाया महतो
सचिव

सुरेश यादव
वरिष्ठ अधिकृत

मिति :२०८२।०६।२८
स्थान : काठमाण्डौ

# नवप्रतिभा बचत तथा ऋण सहकारी संस्था लिमिटेड

**मध्यविन्दु-१०, आरुङ्खोला, नवलपरासी (ब. सु. पू)**

## नाफा वा नोक्सान विवरण

**२०८१ श्रावण १ गतेदेखि २०८२ असार मसान्तसम्मको**

| विवरण | टिप्पणी | यस वर्ष | गत वर्ष |
|---|---|---|---|
| ब्याज आम्दानी | २४ | ३०७,५६२,३९७.०० | ३२९,५८९,४६२.०० |
| ब्याज खच | २५ | १७४,९८०,७७९.०० | १६७,३४२,७९६.०० |
| **खुद ब्याज आम्दानी** | | **१३२,५८१,६१८.००** | **१६२,२४६,६६६.००** |
| शुल्क तथा कमिशन आम्दानी | २६ | १७,८५६,७८७.०० | १९,४५२,५८९.०० |
| शुल्क तथा कमिशन खर्च | २७ | - | - |
| **खुद ब्याज, शुल्क तथा कमिशन आम्दानी** | | **१५०,४३८,४०५.००** | **१८१,६९९,२५५.००** |
| अन्य सञ्चालन आम्दानी | २८ | ३,०३८,७५८.०० | ३,४१०,०६२.०० |
| **कुल सञ्चालन आम्दानी** | | **१५३,४७७,१६३.००** | **१८५,१०९,३१७.००** |
| ऋण तथा अन्य सम्पत्तिमा नोक्सानीको जोखिम व्यवस्था/(फिर्ता) | २९ | ३२,५३९,३४१.०० | १३,१५२,१७१.०० |
| **खुद सञ्चालन आम्दानी** | | **१२०,९३७,८२२.००** | **१७१,९५७,१४६.००** |
| **सञ्चालन खर्च** | | | |
| कर्मचारी खर्च | ३० | ६०,५२५,४९७.०० | ६३,५५४,७०८.०० |
| प्रशासनिक खर्च | ३१ | १९,५६०,९५९.८४ | १८,९२६,५७४.५८ |
| ह्रासकट्टी र परिशोधन खर्च | ३२ | ६,८९३,५०८.०९ | ७,२२२,७३०.०९ |
| **कर र बोनस अघिको खुद नाफा** | | **३३,९५७,८५७.०७** | **८२,२५३,१३३.३३** |
| बोनस खर्च व्यवस्था | | (३,०८७,०७८) | (७,५५३,२४४) |
| **आयकर अघिको नाफा** | | **३०,८७०,७७९.१५** | **७४,६९९,८८९.३३** |
| आयकर खर्च | | ३,२४६,१८२.५६ | ७,७४६,८६६.४६ |
| चालु आयकर | | ३,१४४,३३६.६३ | ७,५६७,५३१.०० |
| स्थगन कर आम्दानी/(खर्च) | | १०१,८४५.९३ | १७९,३३५.४६ |
| **खुद नाफा/(नोक्सान)** | | **२७,८२८,२८८.४५** | **६७,३११,६९३.७९** |

आजको मितिको संलग्न प्रतिवेदन अनुसार

मोहन सिंह थापा बाक्बल
अध्यक्ष

विजय प्रसाद पाठक
संयोजक, लेखा सुपरिवेक्षण समिति

कौशिला सापकोटा (कंडेल)
कोषाध्यक्ष

सी.ए छविलाल पोखेल
सि.पि एशोसिएट्स
चार्टर्ड एकाउन्टेन्ट्स

धर्म प्रसाद काफ्ले
प्रमुख कार्यकारी निर्देशक

जोगमाया महतो
सचिव

सुरेश यादव
वरिष्ठ अधिकृत

मिति : २०८२।०६।२८
स्थान : काठमाण्डौ

# नवप्रतिभा बचत तथा ऋण सहकारी संस्था लिमिटेड

मध्यविन्दु-१०, आरुङ्गखोला, नवलपरासी (ब. सु. पू)

## इक्वीटीमा भएको परिवर्तन सम्बन्धी विवरण

२०८१ श्रावण १ गतेदेखि २०८२ असार मसान्तसम्मको

| विवरण | शेयर पूँजी | साधरण जगेडा कोष | अन्य कोष | जम्मा |
|---|---|---|---|---|
| **१ श्रावण, २०८१ सालको मौज्दात** | ४०७,९२५,५००.०० | २३९,९०८,५४६.०० | १६४,८२२,२४३.२० | ८१२,६५६,२८९.२० |
| समायोजन | - | - | - | - |
| **१ श्रावण, २०८१ सालको समायोजित मौज्दात** | ४०७,९२५,५००.०० | २३९,९०८,५४६.०० | १६४,८२२,२४३.२० | ८१२,६५६,२८९.२० |
| यस वर्षको आय विवरणबाट | - | ७,०३३,८०५.९३ | ५३,६४०,७५८.७९ | ६०,६७४,५६४.७२ |
| कोष समायोजन | - | ३,३५४,६६७.०० | (४२,३९१,७१९.००) | (३९,०३७,०५२.००) |
| NFRS समायोजन कोष | - | | (७५२,८०५.९७) | (७५२,८०५.९७) |
| फेयर भ्याल्युमा मुल्याङ्कन गरिएका इक्विटी उपकरणको लगानीबाट भएको नाफा/(नोक्सान) | - | - | - | - |
| पुनर्मुल्याङ्कनबाट भएको नाफा/(नोक्सान) | - | - | - | - |
| परिभाषित लाभ योजनाबाट विमाङ्किक नाफा/(नोक्सान) | - | - | - | - |
| नगद प्रवाहको हेजिङ्गबाट गरिएको नाफा/(नोक्सान) | - | - | - | - |
| विदेशी विनिमय संचालनको वित्तीय सम्पत्ति विनिमयबाट भएको सटही नाफा/(नोक्सान) | - | - | - | - |
| शेयर पूँजीमा वृद्धि/(कमी) | ११,८५६,८००.०० | | | ११,८५६,८००.०० |
| **३२ असार, २०८२ सम्मको मौज्दात** | ४१९,७८२,३००.०० | २५०,२९७,०१८.९३ | १७५,३१८,४७७.०२ | ८४५,३९७,७९५.९५ |

# नवप्रतिभा बचत तथा ऋण सहकारी संस्था लि.

मध्यविन्दु-१०, आरुङ्खोला, नवलपरासी (ब. सु. पू.)

## इक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण

२०८२ साल असार ३२ (जुलाई १६, २०२५)

| विवरण | शेयर पूँजी | जगेडा कोष | कर्जा जोखिम व्यवस्था | अन्य कोषहरू | जम्मा |
|---|---|---|---|---|---|
| शूरू मौज्दात | ४०७,९२५,५०० | २३९,९०८,५४६ | ७८,४१४,४०८ | ८७,८०४,७०५ | ८१४,०५३,१५९ |
| समायोजन | - | - | - | - | - |
| परिवर्तित शुरूको मौज्दात | ४०७,९२५,५०० | २३९,९०८,५४६ | ७८,४१४,४०८ | ८७,८०४,७०५ | ८१४,०५३,१५९ |
| यस वर्षको आय विवरणबाट | - | ७,०३३,८०६ | ३२,५३९,३४१ | २१,१०१,४१८ | ६०,६७४,५६५ |
| शेयर लाभांश कोषबाट सदस्यलाई भुक्तानी | | | | (२६,५८३,०४२) | (२६,५८३,०४२) |
| संरक्षित पूँजी फिर्ता कोषबाट सदस्यलाई भुक्तानी | | | | (१०,९०२,४४६) | (१०,९०२,४४६) |
| सहकारी शिक्षा कोषबाट खर्च | | | | (८७६,४३२) | (८७६,४३२) |
| सामुदायिक विकास कोषबाट खर्च | | | | (२०,७३०) | (२०,७३०) |
| स्थिरीकरण कोष | | १,५००,००० | | (१,८९९,४४४) | |
| सहकारी प्रबर्द्धन कोष | | | | (२५४,९५८) | |
| यस वर्षको अन्य समायोजन | | १,८५४,६६७ | | (१,८५४,६६७) | - |
| शेयर पूँजी | ११,८५६,८०० | - | - | - | ११,८५६,८०० |
| अन्तिम मौज्दात | ४१९,७८२,३०० | २५०,२९७,०१९ | ११०,९५३,७४९ | ६६,५१४,४०४ | ८४७,५४७,४७२ |

आजको मितिको हाम्रो प्रतिवेदनको आधारमा

मोहन सिंह थापा बाकबल
अध्यक्ष

विजय प्रसाद पाठक
संयोजक, लेखा सुपरिवेक्षण समिति

कौशिला सापकोटा (कंडेल)
कोषाध्यक्ष

सी.ए छविलाल पोखेल
सि.पि एशोसिएट्स्
चार्टर्ड एकाउण्टेन्टस्

C.P Associates ★ Kathmandu Nepal ★ Chartered Accountant

राम प्रसाद काफ्ले
प्रमुख कार्यकारी निर्देशक

जोगमाया महतो
सचिव

सुरेश यादव
वरिष्ठ अधिकृत

मिति : २०८२।०६।२८
स्थान : काठमाण्डौ

# नवप्रतिभा बचत तथा ऋण सहकारी संस्था लिमिटेड

## मध्यविन्दु-१०, आरुङ्गखोला, नवलपरासी (ब. सु. पू)

### नाफाको बाँडफाँड हिसाव

### २०८१ श्रावण १ गतेदेखि २०८२ असार मसान्तसम्मको

| विवरण | प्रतिशत | यस वर्षको | गत वर्षको |
|---|---|---|---|
| यस वर्षको मुनाफा | | २७,८२८,२८८.४५ | ६७,३११,६९३.७९ |
| जोडने : स्थगनकर | | (८३,२५४.९३) | (१५५,२०७.४६) |
| घटाउने : NFRS समायोजन कोष | | (३९०,१९०.२०) | (८३२,५४५.६७) |
| **वितरणयोग्य मुनाफा** | | **२८,१३५,२२३.७२** | **६७,९८९,०३२.००** |
| साधारण जगेडा कोष | २५ | ७,०३३,८०५.९३ | १६,९९७,२५८.०० |
| **संरक्षित पूँजी फिर्ता कोष र सहकारी प्रर्वद्धन कोषमा नाफा बाँडफाँड अगाडीको नाफा** | | **२१,१०१,४१७.७९** | **५०,९९१,७७४.००** |
| **बाँडफाँड** | | | |
| संरक्षित पूँजी फिर्ता कोष | २५ | ५,२७५,३५४.४५ | १२,७४७,९४३.५० |
| सहकारी प्रर्वद्धन कोष | ०.५ | १०५,५०७.०९ | २५४,९५८.८७ |
| **अन्य कोषमा बाँडफाँड अगाडीको नाफा** | | **१५,७२०,५५६.२५** | **३७,९८८,८७१.६३** |
| **अन्य कोषको बाँडफाँड** | | | |
| शेयर लाभांश कोष | ७० | ११,००४,३८९.३८ | २६,५९२,२०७.३८ |
| सहकारी शिक्षा कोष | ५ | ७८६,०२७.८१ | १,८९९,४४४.०४ |
| घाटापूर्ति कोष | ५ | ७८६,०२७.८१ | १,८९९,४४४.०४ |
| स्थिरीकरण कोष | ५ | ७८६,०२७.८१ | १,८९९,४४४.०४ |
| सहकारी विकास कोष | ५ | ७८६,०२७.८१ | १,८९९,४४४.०४ |
| सामुदायिक विकास कोष | ५ | ७८६,०२७.८१ | १,८९९,४४४.०४ |
| अन्य जोखिम व्यवस्थापन कोष | ५ | ७८६,०२७.८१ | १,८९९,४४४.०४ |
| **जम्मा** | **१००** | **१५,७२०,५५६.२५** | **३७,९८८,८७१.६३** |

आजको मितिको संलग्न प्रतिवेदन अनुसार

मोहन सिंह थापा बाकबल
अध्यक्ष

विजय प्रसाद पाठक
संयोजक, लेखा सुपरिवेक्षण समिति

कौशिला सापकोटा कण्डेल
कोषाध्यक्ष

सी.ए छविलाल मिखेल
सि.पि एशोसिएट्स
चार्टर्ड एकाउण्टेन्टस्

राम प्रसाद काफ्ले
प्रमुख कार्यकारी निर्देशक

जोगमाया महतो
सचिव

सुरेश यादव
वरिष्ठ अधिकृत

मिति : २०८२।०६।२८
स्थान : काठमाण्डो

# नवप्रतिभा बचत तथा ऋण सहकारी संस्था लिमिटेड

मध्यविन्दु-१०, आरुङ्खोला, नवलपरासी (ब. सु. पू)

११ सम्पत्ति तथा उपकरण

| विवरण | जग्गा | भवन | फर्निचर तथा कार्यालय उपकरण | सवारी साधन | अन्य उपकरण | जम्मा मूल्य |
|---|---|---|---|---|---|---|
| **सम्पत्तिको विवरण** | | | | | | |
| **श्रावण १, २०८० को मौज्दात** | ७,२१६,९५०.०० | २,५७२,२८७.०० | १६,२८९,४४२.०० | २१२,०००.०० | ३,३१९,७६०.०० | २९,६१०,४३९.०० |
| यस वर्ष थप | - | २८,०२४.०० | १,३२४,६४७.०० | - | २१३,८४०.०० | १,५६६,५११.०० |
| पुन:मूल्याङ्कन | - | - | - | - | - | - |
| यस वर्षको विक्री/डिस्पोजल | - | - | (११०,९०२.००) | | (३०,२५२.००) | (१४१,१५४.००) |
| **असार मसान्त २०८१ को मौज्दात** | ७,२१६,९५०.०० | २,६००,३११.०० | १७,५०३,१८७.०० | २१२,०००.०० | ३,५०३,३४८.०० | ३१,०३५,७९६.०० |
| यस वर्ष थप | - | १६२,३३५.०० | १,२८७,६४४.०० | - | २०८,२९४.०० | १,६५८,२७३.०० |
| पुन:मूल्याङ्कन | - | - | - | - | - | - |
| यस वर्षको विक्री/डिस्पोजल | - | - | (९६,६५६.००) | - | (२५,५६४.००) | (१२२,२२०.००) |
| **असार मसान्त २०८२ को मौज्दात** | ७,२१६,९५०.०० | २,७६२,६४६.०० | १८,६९४,१७५.०० | २१२,०००.०० | ३,६८६,०७८.०० | ३२,५७१,८४९.०० |
| **ह्रासकट्टी तथा हानी नोक्सानी** | | | | | | - |
| **श्रावण १, २०८० को मौज्दात** | - | ७६३,८४७.०० | ७,४५९,३७६.०० | १४०,९५२.०० | ९०९,०६१.०० | ९,२७३,२३६.०० |
| यस वर्षको ह्रासकट्टी | | ९१,१२३.०० | २,२७१,७५०.०० | १४,२०९.०० | ४९३,४६७.०० | २,८७०,५४९.०० |
| यस वर्षको हानी नोक्सानी | - | | | | | - |
| यस वर्षको विक्री/डिस्पोजल | - | | | | | - |
| **असार मसान्त २०८१ को मौज्दात** | - | ८५४,९७०.०० | ९,७३१,१२६.०० | १५५,१६१.०० | १,४०२,५२८.०० | १२,१४३,७८५.०० |
| यस वर्षको ह्रासकट्टी | | ८९,२९६.०० | २,०४०,७७८.०० | ११,३६८.०० | ४१५,५३४.०० | २,५५६,९७६.०० |
| यस वर्षको हानी नोक्सानी | - | - | - | - | - | - |
| यस वर्षको विक्री/डिस्पोजल | - | | | | | - |
| **असार मसान्त २०८२ को मौज्दात** | - | ९४४,२६६.०० | ११,७७१,९०४.०० | १६६,५२९.०० | १,८१८,०६२.०० | १४,७००,७६१.०० |
| **खुद किताबी मूल्य** | | | | | | |
| **असार मसान्त २०८१ को मौज्दात** | ७,२१६,९५०.०० | १,७४५,३४१.०० | ७,७७२,०६१.०० | ५६,८३९.०० | २,१००,८२०.०० | १८,८९२,०११.०० |
| **असार मसान्त २०८२ को मौज्दात** | ७,२१६,९५०.०० | १,८१८,३८०.०० | ६,९२२,२७१.०० | ४५,४७१.०० | १,८६८,०१६.०० | १७,८७१,०८८.०० |

सम्पत्ति र उपकरण लागत मूल्यमा देखाइएको छ। पछि आउने खर्चहरू सम्पत्तिको मूल्यमा त्यसबेला मात्र समावेश गरिन्छ जब उक्त खर्चले सम्पत्तिबाट भविष्यमा प्रवाह हुने आर्थिक लाभ सार्थक रुपमा मापन गर्न सकिन्छ। अन्य मर्मत र सुधार खर्च भएका छन् भने वित्तीय अवधिको अन्य संचालन खर्चमा देखाइन्छ।

## नवप्रतिभा बचत तथा ऋण सहकारी संस्था लिमिटेड

मध्यविन्दु-१०, आरुङ्खोला, नवलपरासी (ब. सु. पू)

६.१ ऋणको प्रकारका आधारमा सदस्यलाई दिएको ऋण सापटीको विश्लेषण

| विवरण | यस वर्षको | गत वर्षको |
|---|---|---|
| साधारण ऋण हिसाब | १,४९४,०९६,४६७.०० | १,५१०,६३३,८४३.०० |
| मौसमी ऋण हिसाब | २७,५०२,१२१.०० | २७,३३१,२७८.०० |
| आपतकालिन ऋण हिसाब | २०१,९८७.०० | ३७३,४९२.०० |
| लघुउद्यम ऋण हिसाब | १९२,४५८,२६०.०० | १८२,७७९,३११.०० |
| आवास ऋण हिसाब | २४७,८२२,२७५.०० | २४९,०१६,१५५.०० |
| हायर पर्चेज ऋण हिसाब | ३,५११,६८६.०० | ७,५८८,५९२.०० |
| युवा उद्यम विकास ऋण हिसाब | १,६४०,३६९.०० | २,६३३,७७४.०० |
| युवा स्वरोजगार ऋण हिसाब | १,०२८,६०३.०० | १,८९५,८१०.०० |
| उद्यम व्यवसाय प्रवर्द्धन ऋण हिसाब | १६,४१२,६४४.०० | - |
| पशु तथा कृषि व्यवसाय प्रवर्द्धन ऋण हिसाब | १,२६८,७५०.०० | - |
| जम्मा | १,९८५,९४३,१६२.०० | १,९८२,२५२,२५५.०० |

६.२ सदस्यलाई दिएको ऋण सापटीमा हानी/नोक्सानी व्यवस्था

| विवरण | यस वर्षको | गत वर्षको |
|---|---|---|
| **एकल व्यवस्था** | | |
| श्रावण १ को मौज्दात | ७८,४१४,४०८.०० | ६५,२६२,२३७.०० |
| यस वर्षको हानी नोक्सानी | | |
| ऋण नोक्सानीको जोखिम व्यवस्था/(फिर्ता) | ३२,५३९,३४१.०० | १३,१५२,१७१.०० |
| अपलेखन | - | - |
| **असार अन्त्यको मौज्दात** | ११०,९५३,७४९.०० | ७८,४१४,४०८.०० |
| **सामूहिक हानी नोक्सानी व्यवस्था** | | |
| श्रावण १ को मौज्दात | - | - |
| यस वर्षको हानी नोक्सानी | | |
| ऋण नोक्सानीको जोखिम व्यवस्था/(फिर्ता) | - | - |
| अपलेखन | - | - |
| **असार अन्त्यको मौज्दात** | - | - |
| **हानी नोक्सानीको लागि जम्मा व्यवस्था** | ११०,९५३,७४९.०० | ७८,४१४,४०८.०० |

७ कर्मचारीलाई दिएको ऋण सापटी

| विवरण | यस वर्षको | गत वर्षको |
|---|---|---|
| कर्मचारीलाई दिएको ऋण सापटी | १,९३९,८१९.०० | - |
| फेयर भ्याल्यु मूल्याङ्कन गर्दाको कर्मचारी लाभ समायोजन | - | - |
| जम्मा | १,९३९,८१९.०० | - |
| घटाउने : हानी/नोक्सानी व्यवस्था | | |
| सामूहिक व्यवस्था | - | - |
| एकल व्यवस्था | - | - |
| जम्मा | १,९३९,८१९.०० | - |

यसरी लगानी भएको ऋणको ब्याज दर जोखिम नभएको बजार दर भन्दा तल छैन ।

C.P Associates
Kathmandu Nepal
Chartered Accountants

## नवप्रतिभा बचत तथा ऋण सहकारी संस्था लिमिटेड

मध्यविन्दु-१०, आरुङ्खोला, नवलपरासी (ब. सु. पू)

### १६ तिर्न बाँकी बाह्य ऋण

| विवरण | यस वर्षको | गत वर्षको |
|---|---|---|
| नेपाल सरकार | १,०४१,६६७.०० | १,९०३,२४७.०० |
| बैंक तथा वित्तीय संस्था | - | - |
| अन्य | - | - |
| **जम्मा** | १,०४१,६६७.०० | १,९०३,२४७.०० |

तिर्न बाँकी सापटी भनेको सहकारीद्वारा स्वीकृत दायित्वहरु हुन् जसको निर्धारित अथवा निर्धारण योग्य भुक्तानीहरु हुन्छन् । प्रारम्भिक मान्यताको लागि, यी वित्तीय उपकरणहरु, प्रोदभावी ब्याजदर (EIR) प्रयोग गरी अपलेखित लागतमा पहिचान गरिन्छ । यी सापटीहरु सरकारी वा वित्तीय संस्थाहरुबाट हुन सक्छ ।

### १७ सदस्यबाट संकलन गरेको निक्षेप

| विवरण | यस वर्षको | गत वर्षको |
|---|---|---|
| नियमित बचत | ६७५,२६६,३७२.०० | ५२२,३५२,४२८.०० |
| ऐच्छिक बचत | ४१३,६३३,११४.०० | ३०४,०१८,७३३.०० |
| उपकार बचत | १४,३५७,३२२.०० | १३,०२०,३४०.०० |
| बाल बचत | ११९,८२७,१५१.०० | ११०,७०२,५२६.०० |
| पर्व/बिबाह बचत | १२,१३७,०२९.०० | ११,७३१,२०२.०० |
| आवास बचत | ४९,५०१,८८१.०० | ५२,३२४,३२७.०० |
| शिक्षा बचत | ७९४,८९३,४९८.०० | ७०८,८६४,९२७.०० |
| नारी कल्याणकारी बचत | ६६,६९४,२७६.०० | ५९,०२५,३१७.०० |
| आवधिक बचत | १६६,६९५,२१७.०० | २२१,९९६,७००.०० |
| समृद्धि बचत | ७८,६७४,९९८.०० | ७९,०४३,४१३.०० |
| **जम्मा** | २,३९१,६८०,८५८.०० | २,०८३,०७९,९१३.०० |
| जोड्ने : भुक्तानी दिन बाँकी ब्याज खर्च | | |
| **जम्मा** | २,३९१,६८०,८५८.०० | २,०८३,०७९,९१३.०० |

### १८ पट्टा दायित्व

| विवरण | यस वर्षको | गत वर्षको |
|---|---|---|
| चालु दायित्व | ३,८८७,२८८.१६ | ३,४४१,४१७.४२ |
| दिर्घकालिन दायित्व | १९,८६७,१५०.२३ | २३,७५४,४३८.३९ |
| **जम्मा** | २३,७५४,४३८.३९ | २७,१९५,८५५.८१ |

C.P. Associates Kathmandu Nepal Chartered Accountants

# नवप्रतिभा बचत तथा ऋण सहकारी संस्था लिमिटेड

मध्यविन्दु-१०, आरुङ्खोला, नवलपरासी (ब. सु. पू)

## १९ अन्य दायित्वहरु

| विवरण | यस वर्षको | गत वर्षको |
|---|---|---|
| भुक्तानी दिन बाँकी लेखापरीक्षण शुल्क/खर्च | २९७,०००.०० | १७८,४००.०० |
| भुक्तानी दिन बांकी ब्याज कर | २,१७०,८०१.०० | २,२४८,६६३.०० |
| भुक्तानी दिन बांकी घरभाडा कर | ६२,३३७.०० | २५,८२०.०० |
| भुक्तानी दिन बांकी टि. डि. एस. | ८८,२२५.०० | १०२,०४८.०० |
| शिक्षा बचत ब्याज व्य. कोष | २०,८३२,२०५.०० | ४८,९३३,४२२.०० |
| नारी कल्याणकारी ब्याज व्य. कोष | ६,१८४,८६१.०० | ६,५३९,३४६.०० |
| जिवन तथा आवास सु.यो.को. | १२,७१८,७५८.०० | १०,९९९,१२९.०० |
| स्वास्थ्य उपचार कोष | १,९१७,१४९.०० | - |
| चिन्तामुक्त कार्यक्रम | १४१,०२३,४९२.०० | १३०,८९८,०९८.०० |
| सदस्य राहत कोष | १६,३२१,०२६.०० | १३,५०१,६२६.०० |
| उपदान कोष | २६,००५,७१२.०० | २६,४१४,०२५.०० |
| विपद व्यवस्थापन कोष | १,५१२,३९७.०० | १,६२४,१३९.०० |
| घुम्ति कोष | - | २५,०००.०० |
| युवा उद्यम प्रवर्द्धन कोष | ३,१७९,१३४.०० | ३,२४७,६४४.०० |
| कर्मचारी विदा कोष | ४,२९०,५२६.०० | ५,८९९,६५१.०० |
| क. स. कोष | २,५५५,६२३.०० | १,२७५,४८३.०० |
| कर्मचारी बोनस व्यवस्था | ३,०८७,०७७.९२ | ७,५५३,२४४.०० |
| धरौटी हिसाब (कर्मचारी) | ३६०,०००.०० | - |
| कर्मचारी वृति विकास तथा कल्याणकारी कोष | २,००६,५०७.०० | २,०३१,०००.०० |
| धरौटी हिसाब (मूल्याङ्कनकर्ता) | ५०,०००.०० | ५०,०००.०० |
| **जम्मा** | **२४४,६६२,८३०.९२** | **२६१,५४६,७३८.००** |

## १९.१ साहु र दिन बाँकी विवरण

| विवरण | यस वर्षको | गत वर्षको |
|---|---|---|
| भुक्तानी दिनुपर्ने खर्चहरु | - | - |
| Retention रकम | - | - |
| **जम्मा** | - | - |

## २० शेयर पूँजी

| विवरण | यस वर्षको | गत वर्षको |
|---|---|---|
| शेयर पूँजी | ४१९,७८२,३००.०० | ४०७,९२५,५००.०० |
| **जम्मा** | **४१९,७८२,३००.००** | **४०७,९२५,५००.००** |

साधारण शेयर पूँजीले, जारी साधारण शेयरको पार (par) मूल्यको प्रतिनिधित्व गर्दछ।

C.P Associates Chartered Accountant Kathmandu Nepal

# नवप्रतिभा बचत तथा ऋण सहकारी संस्था लिमिटेड

**मध्यविन्दु-१०, आरुङ्खोला, नवलपरासी (ब. सु. पू)**

## २१ साधारण जगेडा कोष

| विवरण | यस वर्षको | गत वर्षको |
|---|---|---|
| श्रावण १ को मौज्दात | २३९,९०८,५४६.०० | १७८,६४१,८७४.०० |
| जोड्ने: अन्य कोषहरुबाट रकमान्तर भएको | ३,३५४,६६७.०० | ४४,२६९,४१४.०० |
| जोड्ने: यस वषको खुद नाफाको २५% रकम | ७,०३३,८०५.९३ | १६,९९७,२५८.०० |
| **जम्मा** | **२५०,२९७,०१८.९३** | **२३९,९०८,५४६.००** |

सहकारी ऐन २०७४ को दफा ६८ मा भएको व्यवस्था अनुसार, प्रत्येक वर्षको खुद मुनाफाको कम्तीमा २५% बराबरको रकम साधारण जगेडा कोषमा स्थानान्तरण गरिन्छ।

## २२ अन्य कोषहरु

| विवरण | यस वर्षको | गत वर्षको |
|---|---|---|
| संरक्षित पूंजी फिर्ता कोष | ५,२७५,३५४.४५ | १२,७४७,९४३.५० |
| सहकारी प्रर्वद्धन कोष | १०५,५०७.०९ | २५४,९६०.०३ |
| शेयर लाभांश कोष | ११,००४,३८९.३८ | २६,५९२,२०७.३८ |
| सहकारी शिक्षा कोष | ९,५९१,४७१.३६ | ९,६८१,८७७.६४ |
| घाटापुर्ति कोष | १३,१९०,२२४.३२ | १२,४०४,१९६.५१ |
| स्थिरीकरण कोष | ७८६,०२७.८१ | १,८९९,४४४.०४ |
| सामुदायिक विकास कोष | २,६६४,७४१.८५ | १,८९९,४४४.०४ |
| सहकारी विकास कोष | २,६८५,४७१.८५ | १,८९९,४४४.०४ |
| अन्य जोखिम व्यवस्थापन कोष | २१,२११,२१५.६२ | २०,४२५,१८७.८१ |
| **जम्मा** | **६६,५१४,४०३.७५** | **८७,८०४,७०५.००** |

## २३ एन.एफ.आर.एस. समायोजन कोष

| विवरण | यस वर्षको | गत वर्षको |
|---|---|---|
| स्थगन कर | २३४,९४७.२० | १५५,२०७.४६ |
| पट्टा दायित्व NFRS संरचना | (२३८४६२२.९३) | (१५५२०७७.२६) |
| **जम्मा** | **(२१४९६७५.७३)** | **(१३९६८६९.८०)** |

## २४ सम्भावित दायित्व तथा प्रतिवद्धता

| विवरण | यस वर्षको | गत वर्षको |
|---|---|---|
| संम्भावित दायित्व | - | - |
| वितरण नगरिएको सुविधाहरु | - | - |
| **जम्मा** | - | - |

सम्भावित दायित्वहरु सम्भाव्य दायित्व हुन् जुन विगतका घटनाले सिर्जना हुन्छ र जसको पहिचान, बैंकका नियन्त्रणमा नभएका भविष्यका अनिश्चित घटनाहरु, घट्दा या नघट्दा हुन्छ। यी पहिचान नगरिएका विगतको घटनाका कारणका वर्तमान दायित्व पनि हुन सक्दछ, जसको दायित्वको पहिचान हुने विश्वसनीय आधार छैन। आर्थिक लाभ हुने श्रोत बाहिरिने सम्भाबना न्युन छ। सम्भावित दायित्वहरुलाई NAS 37 "Provisions, Contingent Liabilities and Contingent Assets" बमोजिम मूल्याङ्कन गरिन्छ।

C.P Associates
Kathmandu
Nepal
Chartered Accountants

# नवप्रतिभा बचत तथा ऋण सहकारी संस्था लिमिटेड

मध्यविन्दु-१०, आरुङ्खोला, नवलपरासी (ब. सु. पू)
२०८१/२०८२

| क.सं. | विवरण | गत आ.व. को | खर्च | आन्तरीक कोषवाट थप | जम्मा बाँकी | यस आ.व को थप | जम्मा रकम |
|---|---|---|---|---|---|---|---|
| १ | जगेडा कोष २५% | २३९,९०८,५४६.०० | - | ३,३५४,६६७.०० | २४३,२६३,२१३.०० | ७,०३३,८०५.९३ | २५०,२९७,०१८.९३ |
| २ | संरक्षित पूँजि फिर्ता कोष (२५%) | १२,७४७,९४३.५० | १०,९०२,४४६.२८ | (१,८४५,४९७.२२) | (०.००) | ५,२७५,३५४.४५ | ५,२७५,३५४.४५ |
| ३ | सहकारी प्रवर्धन कोष ०.५०% | २५४,९६०.०३ | २५४,९६०.०३ | - | - | १०५,५०७.०९ | १०५,५०७.०९ |
| ४ | ऐन अनुसारका अन्य कोषहरु (१००%) | ७२,९०२,३५६.९५ | २७,८७९,६४९.९८ | (१,५०९,१६५.०५) | ४३,५१३,५४१.९२ | १४,९३४,५२८.४४ | ५८,४४८,०७०.३६ |
| क) | शेयर लाभांस कोष ७०% | २६,५९२,२०६.९० | २६,५८३,०४१.८५ | (९,१६५.०५) | ०.०० | ११,००४,३८९.३८ | ११,००४,३८९.३८ |
| ख) | सहकारी शिक्षा कोष ५% | ९,६८१,८७७.६४ | ८७६,४३४.०९ | - | ८,८०५,४४३.५५ | ७८६,०२७.८१ | ९,५९१,४७१.३६ |
| ग) | घाटापुर्ति कोष ५% | १२,४०४,१९६.५१ | - | - | १२,४०४,१९६.५१ | ७८६,०२७.८१ | १३,१९०,२२४.३२ |
| घ) | स्थिरीकरण कोष ५% | १,८९९,४४४.०४ | ३९९,४४४.०४ | (१,५००,०००.००) | ०.०० | ७८६,०२७.८१ | ७८६,०२७.८१ |
| ङ) | सामुदायिक विकास कोष ५% | १,८९९,४४४.०४ | २०,७३०.०० | - | १,८७८,७१४.०४ | ७८६,०२७.८१ | २,६६४,७४१.८५ |
| च) | अन्य जोखिम व्यवस्थापन कोष ५% | २०,४२५,१८७.८१ | - | - | २०,४२५,१८७.८१ | ७८६,०२७.८१ | २१,२११,२१५.६२ |
| ५ | दिर्घकालिन संस्थागत प्रयोजन कोष | १,८९९,४४४.०४ | - | - | १,८९९,४४४.०४ | ७८६,०२७.८१ | २,६८५,४७१.८५ |
| क) | सहकारी विकास कोष ५% | १,८९९,४४४.०४ | - | - | १,८९९,४४४.०४ | ७८६,०२७.८१ | २,६८५,४७१.८५ |
| | जम्मा अन्य कोष समेत | ३२७,७१३,२५०.५२ | ३९,०३७,०५६.२९ | ४.७३ | २८८,६७६,१९८.९६ | २८,१३५,२२३.७२ | ३१६,८११,४२२.६८ |

C.P Associates
Chartered Accountant
Kathmandu Nepal

# नवप्रतिभा बचत तथा ऋण सहकारी संस्था लिमिटेड

मध्यविन्दु-१०, आरुङ्गखोला, नवलपरासी (ब. सु. पू)

२४ ब्याज आम्दानी

| विवरण | यस वर्षको | गत वर्षको |
|---|---|---|
| सदस्यलाई दिएको ऋण सापटीको ब्याज आम्दानी | २७१,१६२,९१४.०० | २८२,३२८,०८४.०० |
| बैंकबाट प्राप्त ब्याज आम्दानी | ३६,३९९,४८३.०० | ४७,२६१,३७८.०० |
| जम्मा | ३०७,५६२,३९७.०० | ३२९,५८९,४६२.०० |

नगद प्रवाहको अनिश्चितताका कारण सहकारीले कर्जाको प्रोदभावी ब्याज आम्दानी पहिचान गरेको छैन ।

२५ ब्याज खर्च

| विवरण | यस वर्षको | गत वर्षको |
|---|---|---|
| सदस्यबाट संकलन गरेको निक्षेपमा ब्याज खर्च | १७४,८९४,३६२.०० | १६६,७२१,८७४.०० |
| बैंक तथा वित्तीय संस्थालाई तिरेको | ८६,४१७.०० | ६२०,९२२.०० |
| जम्मा | १७४,९८०,७७९.०० | १६७,३४२,७९६.०० |

२६ शुल्क तथा कमिशन आम्दानी

| विवरण | यस वर्षको | गत वर्षको |
|---|---|---|
| ऋण व्यवस्थापन शुल्क आम्दानी | १७,३८५,५४८.०० | १८,७६९,११३.०० |
| अन्य शुल्क र कमिशन | ४७१,२३९.०० | ६८३,४७६.०० |
| जम्मा | १७,८५६,७८७.०० | १९,४५२,५८९.०० |

२७ शुल्क तथा कमिशन खर्च

| विवरण | यस वर्षको | गत वर्षको |
|---|---|---|
| ऋण व्यवस्थापन शुल्क खर्च | - | - |
| अन्य शुल्क र कमिशन | - | - |
| जम्मा | - | - |

C.P Associates Kathmandu Nepal Chartered Accountant

# नवप्रतिभा बचत तथा ऋण सहकारी संस्था लिमिटेड

मध्यविन्दु-१०, आरुङ्खोला, नवलपरासी (ब. सु. पू)

२८ अन्य आम्दानी

| विवरण | यस वर्षको | गत वर्षको |
|---|---|---|
| कार्यक्रम सञ्चालन आम्दानी | ५,०००.०० | ३६,०००.०० |
| प्रवेश तथा सदस्यता शुल्क आम्दानी | ५२५,२००.०० | ६१९,०००.०० |
| कर्मचारी आवेदन शुल्क | ९९,८००.०० | २१,१००.०० |
| पासबुक शुल्क आम्दानी | ७५,०३०.०० | - |
| खाताबन्द शुल्क हि. खा. | ८००.०० | - |
| शेयर लाभाँश आम्दानी | - | ९८,४०५.०० |
| मोवाइल बैंकिंग तथा एटिएम संचालन आम्दानी | ७५,९००.०० | २,७००.०० |
| विविध आम्दानी | २,२५७,०२८.०० | २,६३२,८५७.०० |
| **जम्मा** | ३,०३८,७५८.०० | ३,४१०,०६२.०० |

२९ ऋण तथा अन्य सम्पत्तिको नोक्सानको लागि नोक्सानी व्यवस्था/फिर्ता

| विवरण | यस वर्षको | गत वर्षको |
|---|---|---|
| सदस्यलाई दिएको ऋण सापटीमा | ११०,९५३,७४९.०० | ७८,४१४,४०८.०० |
| सम्पत्ति तथा उपकरणमा क्षयिकरण | - | - |
| अदृश्य सम्पत्ति क्षयिकरण | - | - |
| **जम्मा** | ११०,९५३,७४९.०० | ७८,४१४,४०८.०० |

३० कर्मचारी खर्च

| विवरण | यस वर्षको | गत वर्षको |
|---|---|---|
| कर्मचारी तलब तथा ग्रेड खर्च | ५८,८४७,०१०.०० | ५९,४२६,१२४.०० |
| उपदान कोष खर्च | - | १,५६१,५३९.०० |
| कर्मचारी पोशाक खर्च | ४३२,०१०.०० | २८६,२०७.०० |
| कर्मचारी बिदा कोष खर्च | १,२४६,४७७.०० | २,२७९,१२८.०० |
| दुर्घटना उपचार खर्च | - | १,७१०.०० |
| **जम्मा** | ६०,५२५,४९७.०० | ६३,५५४,७०८.०० |

C.P Associates
Kathmandu Nepal
Chartered Accountants

# नवप्रतिभा बचत तथा ऋण सहकारी संस्था लिमिटेड

मध्यविन्दु-१०, आरुङ्गखोला, नवलपरासी (ब. सु. पू)

३१ प्रशासनिक खर्च

| विवरण | यस वर्षको | गत वर्षको |
|---|---|---|
| इन्टरनेट महसुल खर्च | २८६,२८९.०० | २८३,२२९.०० |
| संचार खर्च | १०८,१८५.०० | १५६,७६१.०० |
| मोबाईल बैंकिंग एपिआई शुल्क | - | ३३,९००.०० |
| मोबाईल बैंकिंग शुल्क | १७१,८४५.०० | १५८,०५९.०० |
| विद्युत महशुल खर्च | ५०७,५१४.०० | ५१९,१६५.०० |
| डकुमेन्ट्री खर्च | - | २४,४९८.०० |
| यातायात/इन्धन खर्च | १,७८५,४७१.०० | २,११९,४५७.०० |
| मसलन्द तथा स्टेसनरी खर्च | २,२२६,६३०.०० | २,०५१,५५५.०० |
| सफ्टवेयर नवीकरण शुल्क | ९५२,०२५.०० | ९३१,०८०.०० |
| सफ्टवेयर सर्वर खर्च | ३२७,८३५.०० | ३४५,७८०.०० |
| एसएमएस चार्ज | ८,००४.०० | - |
| अनुगमन तथा सुपरिवेक्षण खर्च | २८२,९००.०० | १३६,६८६.०० |
| परामर्श खर्च | - | ४५,६००.०० |
| विविध खर्च | २६,२८९.०० | ४५,६८१.०० |
| सदस्यता शुल्क | ११७,५६०.०० | १३५,३१५.०० |
| व्यवसायिक कर खर्च | १२,७५०.०० | ८,०००.०० |
| वाह्य लेखा परीक्षण शुल्क | २२६,०००.०० | १८०,८००.०० |
| आन्तरिक लेखा परीक्षण खर्च | ७४,०००.०० | - |
| आवास तथा भ्रमण खर्च | २२०,५६५.०० | ४००,२२७.०० |
| बैठक तथा समन्वय खर्च | ७९२,८९०.०० | १,०२५,७१५.०० |
| कर्मचारी भर्ना खर्च | ८४,६९०.०० | ६९,६१५.०० |
| काउन्टर तथा मार्गस्थान विमा खर्च | ३६०,११३.०० | ३६१,८३७.०० |
| सदस्य/कर्मचारी विमा खर्च | ४५८,८७२.०० | ४८५,८२६.०० |
| सम्पत्ति विमा खर्च | २१,४१५.०० | - |
| सवारी साधन विमा खर्च | २,८६४.०० | ३,३७२.०० |
| सवारी साधन नविकरण शुल्क | ५,३००.०० | ५,३००.०० |
| साधारण सभा खर्च | ३,०७९,९५८.०० | ३,४९८,९२६.०० |
| वार्षिक उत्सव खर्च | ५५,५२१.०० | २८,२१०.०० |
| दिवस तथा र्‍याली खर्च | - | ४,६४०.०० |
| क्लोजिंग खर्च | ४१,८००.०० | ५४,७७०.०० |
| बैंक दस्तुर खर्च | ५,४७७.०० | ६,७८६.०० |
| सम्पत्तीमा अपलेखन खर्च | १२२,२२०.०० | १४१,१५४.०० |

C.P. Associates Kathmandu Nepal

# नवप्रतिभा बचत तथा ऋण सहकारी संस्था लिमिटेड

मध्यविन्दु-१०, आरुङ्गखोला, नवलपरासी (ब. सु. पू)

| | | |
|---|---|---|
| मर्मत सम्भार खर्च | ४६५,९८५.०० | ५४७,८३९.०० |
| कार्यालय सरसफाई खर्च | १११,३९०.०० | १११,६०५.०० |
| ज्याला तथा ढुवानी खर्च | २४,३५५.०० | ४९,८००.०० |
| अतिथि सत्कार खर्च | १६२,१४९.०० | ११३,०४९.०० |
| मेष सञ्चालन खर्च | १७५,६२८.०० | १७८,१४५.०० |
| राहत खर्च | २०५,१८२.०० | १९५,९४०.०० |
| सामाजिक व्यवसाय खर्च | १६८,९१८.०० | ३,०४०.०० |
| तालिम गोष्ठी खर्च | ४५६,६५२.०० | ७२९,१३४.०० |
| कार्यक्रम प्रायोजक खर्च | - | ११०,६४५.०० |
| सदस्य पुरस्कार/विपन्नसंग नवप्रतिभा खर्च | ५१२,२७८.०० | ४३४,२४७.०० |
| अन्तरक्रिया कार्यक्रम खर्च | ३,७८४.०० | १८,०५५.०० |
| उद्यमशीलता विकास तालिम खर्च | - | ८४,५३०.०० |
| सहकारी सचेतना/वित्तीय साक्षरता खर्च | ६६,८६२.०० | १६,९५५.०० |
| संस्कृति प्रबर्द्धन खर्च | १७१,६४०.०० | ९८,९४१.०० |
| खेलकुद प्रवर्द्धन खर्च | २५,२३५.०० | ६६,०९५.०० |
| कृषि प्रवर्द्धन खर्च | १५७,३०७.०० | ४५,५१८.०० |
| स्वास्थ्य उपचार खर्च | २,००३,७२९.०० | - |
| स्वास्थ्य नै सम्पत्ति, सुखी रहौं दम्पत्ति | २०,४५०.०० | - |
| जेष्ठ नागरिक सम्मान खर्च | ८८,९९०.०० | १४१,५०७.०० |
| लिज ब्याज खर्च एनएफआरएस | २,३७५,४४३.८४ | २,७१९,५८५.५८ |
| **जम्मा** | **१९,५६०,९५९.८४** | **१८,९२६,५७४.५८** |

३२ ह्रासकट्टि र परिशोधन खर्च

| विवरण | यस वर्षको | गत वर्षको |
|---|---|---|
| सम्पत्ति र उपकरणमा ह्रासकट्टी | २,५५६,९७६.०० | २,८७०,५४९.०० |
| अदृश्य सम्पत्तिमा परिशोधन | ६२,५६९.०० | ७८,२१८.०० |
| उपयोग अधिकार सम्पत्तिको ह्रासकट्टी | ४,२७३,९६३.०९ | ४,२७३,९६३.०९ |
| **जम्मा** | **६,८९३,५०८.०९** | **७,२२२,७३०.०९** |

C.P. Associates Kathmandu Nepal Chartered Accountants

# नवप्रतिभा बचत तथा ऋण सहकारी संस्था लि

मध्यविन्दु-१०, आरुङ्खोला, नवलपरासी (ब. सु. पू)

आ.व २०८१/२०८२

## लेखा सम्बन्धी नीतिहरु :

### १. लेखाका आधारहरु

१.१ संस्थाको वित्तीय विवरण तथा लेखाहरु नेपाल वित्तिय प्रतिवेदनमान (Nepal Financial Reporting Standards) अनुसार राखिएको छ।

१.२ वित्तीय विवरण ऐतिहासिक लागत अवधारणाको आधारमा तयार गरिएको छ।

१.३ वित्तीय विवरण ब्याज आम्दानी बाहेक प्रोदभावी (Accrual) आधारमा तयार गरिएको छ।

### २. ब्याज आय

आर्थिक वर्ष भित्र नगद प्राप्त ब्याज सोहि वर्षको आयमा समावेश गरिएको छ। उठ्न बाँकी कर्जा तथा सापटीको ब्याजलाई ब्याज मूल्तवी हिसावमा जम्मा गर्ने नीति लिएको छ।

### ३. लगानी सम्बन्धी नीति

शेयरमा गरिएको लगानीलाई खरिद मुल्य (परल मूल्य) मा देखाइएको छ।

### ४. ह्रासकट्टी नीति

स्थिर सम्पत्तिको ह्रसकट्टी आयकर ऐन तथा नियमवालीले निर्दिष्ट गरे अनुसार घट्दो ह्रास प्रणाली अनुसार गरिएको छ।

### ५. खुद बचतको बाँडफाँड सम्बन्धी नीति

संस्थाले आयकर तथा जगेडा कोष पछिको नाफालाई संस्थाको विनियममा तोकिए बमोजिमको आधारमा बाँडफाँड गर्ने नीति लिएको छ।

### ६. वित्तीय विवरणको ढाँचा

संस्थाको वित्तीय विवरणहरु गत बिगतको ढाँचामा तयार गरिएको छ।

### ७. आयकर

आयकर व्यवस्था आयकर ऐन बमोजिम गरिएको छ।

C.P Associates
Kathmandu Nepal
Chartered Accountants

**८. जगेडा तथा अन्य कोषहरु :**

खुद बचतलाई २५ प्रतिशत जगेडा कोषमा राखिएको र सो पछिको बाँकी बचतलाई २५ प्रतिशत संरक्षित पुंजी कोषको व्यवस्था गरिएको र सहकारी प्रर्वद्धन कोषमा ०.५% प्रतिशत र सो पछिको बाँकी बचतलाई संस्थाको बिनियम अनुसार निम्न बमोजिम कोषहरुमा विनियोजन गरिएको छ ।

| | |
|---|---|
| शेयर लाभांश कोष | ७० प्रतिशत |
| सांमुदायिक विकास कोष | ५ प्रतिशत |
| सहकारी शिक्षा कोष | ५ प्रतिशत |
| घाटापूर्ति कोष | ५ प्रतिशत |
| स्थिरीकरण कोष | ५ प्रतिशत |
| सहकारी विकास कोष | ५ प्रतिशत |
| अन्य जोखिम व्यवस्थापन कोष | ५ प्रतिशत |

- नेपाल राष्ट्र बैंक द्वारा मिति २०८१।१२।२१ मा जारी निर्देशन तथा मापदण्ड अनूसार ऋण नोक्सानी व्यवस्था गरिएको छ ।

| ऋण वर्गीकरण | ऋण नोक्सानी व्यवस्था | ऋण रकम | जम्मा ऋण नोक्सानी व्यवस्था |
|---|---|---|---|
| असल | १ प्रतिशत | १,८७,५७,६२,९९९।७२ | १८७५७६२९।९९ |
| कमसल | २५ प्रतिशत | २९,९१,७१६ | ७,४७,९२९ |
| शंकास्पद | ५० प्रतिशत | ३,५३,६०,१४९।९७ | १,७६,८०,०७४।९८ |
| खराव | १०० प्रतिशत | ७,३७,६८,११५।९८ | ७,३७,६८,११५।९८ |
| जम्मा | | १,९८,७८,८२,९८१।६७ | ११,०९,५३,७४९।९५ |

**८. अंकको पुनः वर्गीकरण**

गत वर्षका अंकहरु आवश्यकतानुसार पुनःवर्गीकरण गरिएका छन ।

C.P Associates * Kathmandu Nepal * Chartered Accountant

**छबिलाल पोखेल, सि.ए.**
सि पि एसोसिएट्स
चार्टर्ड एकाउन्टेन्टस्






२७ औं वार्षिक साधारण सभाको उद्घाटन गर्नुहुदै प्रमुख अतिथि गण्डकी प्रदेश कृषि, भूमि व्यवस्थापन तथा सहकारी मन्त्री श्री पदमा जि.सी. श्रेष्ठज्यू, र अन्य अतिथि एवम् शेयर सदस्यज्यूहरु



जेष्ठ नागरिकहरुलाई सम्मान गर्नुहुदै प्रतिनिधि सभा सदस्य नवलपुर क्षेत्र नं. २ माननीय विष्णु कुमार कार्कीज्यू र अन्य अतिथि एवम् शेयर सदस्यज्यूहरु



विद्यार्थीहरुलाई शैक्षिक सामग्री प्रदान गर्नुहुदै बुटवल उप-महानगरपालिकाका उपप्रमुख श्री सावित्रा देवी अर्यालज्यू र अन्य अतिथि एवम् शेयर सदस्यज्यूहरु



संस्थाका उत्कृष्ट युवा उद्यमी सदस्यलाई सम्मान गर्नुहुदै रामपुर नगर पालिकाका नगर प्रमुख श्री रमण बहादुर थापाज्यू



जेष्ठ नागरिकहरुलाई सम्मान पश्चात् सामुहिक तस्बिरमा सुनवल नगरपालिकाका नगर उप-प्रमुख श्री सुर्य प्रसाद दुवेज्यू, अन्य अतिथि एवम् शेयर सदस्यज्यूहरु



विपन्नसँग नवप्रतिभा कार्यक्रमबाट १०+२ मा अध्ययनरत विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्दै बौंदिकाली गाउँपालिकाका अध्यक्ष श्री प्रकाश ओभ्झाज्यू र अन्य अतिथि एवम् शेयर सदस्यज्यूहरु



संस्थाका विकलाङ्ग उद्यमी सदस्यलाई सम्मान गर्नुहुदै बुलिङ्गटार गाउँपालिकाका अध्यक्ष श्री दिपेन्द्र सुनारीज्यू




२७ औं वार्षिक सधारण सभालाई सम्बोधन गर्नुहुँदै प्रतापपुर गाउँपालिका अध्यक्ष श्री उमेश चन्द्र यादवज्यू



संस्थाका उत्कृष्ट बचतकर्ता सदस्यलाई सम्मान गर्नुहुँदै मध्यविन्दु नगरपालिकाका सामाजिक विकास शाखा प्रमुख श्री विष्णु प्रसाद शर्माज्यू एवम् संस्थाका पदाधिकारीज्यूहरु



संस्थाका उत्कृष्ट दुग्ध व्यवसायी सदस्यलाई सम्मान गर्नुहुँदै अतिथि एवम् संस्थाका पदाधिकारीज्यू



संस्थाको उत्कृष्ट केन्द्र प्रमुख सदस्यलाई सम्मान गर्नुहुँदै संस्थाका अध्यक्ष एवम् अन्य अतिथिहरु






जनता मा.वि. मध्यविन्दु-१०, टाँडीमा ३ जिरो क्लवका विद्यार्थीहरुलाई कुखुराका चल्ला वितरण गर्नुहुँदै मध्यविन्दु नगर प्रवक्ता एवम् वडा नं. १० का वडा अध्यक्ष श्री रण बहादुर थापा क्षेत्रीज्यू, वीरेन्द्र मा.वि. मा चल्ला वितरण पश्चातको समुहिक तस्विर





वीरेन्द्र मा.वि. मध्यविन्दु-११, द्वारदहका ३ जिरो क्लव विद्यार्थीहरु जैविक मल र नर्सरी व्यवस्थापन तालिममा सहभागी हुँदै



लिटिल स्टेप एकेडेमी, मध्यविन्दु-१०, आरुङ्खोलामा ३ जिरो क्लवका विद्यार्थीहरु सन्तुलित भोजन सम्बन्धी अभिमुखीकरणमा सहभागी हुँदै




भानुदय मा.वि. विनयी त्रिवेणी-५, चुकाहाका ३ जिरो क्लवका विद्यार्थीहरुद्वारा सरसफाई सचेतना सम्बन्धी अभिमुखीकरण



खेलकुदमा नवप्रतिभा कार्यक्रमद्वारा खेलकुद प्रवर्द्धनमा सहयोग



सदस्यद्वारा उत्पादित खाद्य सामाग्रीहरुको बजारीकरणका लागि मध्यविन्दु कृषि प्रविधि प्रर्दशनी तथा रैथाने खाना महोत्सव २०८१ मा संस्थाका सदस्यहरुको स्टल



सदस्यहरुको शिप विकासका लागी १५ दिने वाद्यबादन तालिम




सदस्यहरुको उद्यमशिलता विकासका लागी कौशी खेती तालिम





सरसफाई सचेतनाका लागि डस्टबिन हस्तान्तरण एवम् वातावरण संरक्षण पोषण सुधारका लागि सदस्यहरुलाई फलफूल र घाँसका बिरुवा वितरण




वित्तीय तथा प्रविधि शिक्षा कार्यक्रम




वित्तीय साक्षरता कार्यक्रम




सहकारी शिक्षा कार्यक्रम



समूह पदाधिकारीहरुको अन्तरक्रिया तथा विस्तारित मञ्च कार्यक्रम



सदस्यहरुको उद्यमशिलता विकासका लागि अध्ययन अवलोकन भ्रमण



कर्मचारीहरुको क्षमता विकासका लागि सदस्यको मन जित्ने तालिम

# सदस्यहरूद्वारा व्यवसायिक रूपमा सञ्चालन गरिएका उद्यम तथा व्यवसायहरू



गाईपालन



भैंसीपालन



वंगुरपालन



बाख्रापालन



बर्दघाट १४, तेलाहामा सञ्चालित बासबाट उत्पादित सामग्रीहरु उद्योग



कुखुरा पालन

# सदस्यहरूद्वारा व्यवसायिक रूपमा सञ्चालन गरिएका उद्यम तथा व्यवसायहरू



माछापालन



कात्रा खेती



तरकारी खेती



टमाटर खेती



ड्रागन फ्रुट



अलैची खेती

# दश वर्षीय शेयर पूँजी

रु. ०००



## दश वर्षीय बचत


रु. ०००
३०००००० २५००००० २०००००० १५००००० १०००००० ५००००० ०
२०७२/०७३ ३०६५५९
२०७३/०७४ ४०१४२१
२०७४/०७५ ५३६७५९
२०७५/०७६ ७००३६३
२०७६/०७७ ९१११५७
२०७७/०७८ ११७५२९४
२०७८/०७९ १३५२६४१
२०७९/०८० १५२६७२९
२०८०/०८१ २०८३०८०
२०८१/०८२ २३९१६८१

## दश वर्षीय लगानीमा रहिरहेको ऋण



## दश वर्षीय कूल सम्पत्ति

रु. ०००



## दश वर्षीय कुल आम्दानी



# दश वर्षीय कूल खर्च

रु. मा



# दश वर्षीय सञ्चालन बचत

रु. मा



## आ.व. २०८०/०८१ र आ.व. २०८१/०८२ मा संस्थाबाट राहत प्रदान संख्या



## आ.व. २०८०/०८१ र आ.व. २०८१/०८२ मा संस्थाबाट राहत प्रदान रकम



# २८औं वार्षिक साधारण सभामा लेखा सुपरिवेक्षण समितिद्वारा प्रस्तुत वार्षिक प्रतिवेदन



विजय प्रसाद पाठक
प्रस्तुतकर्ता

यस नवप्रतिभा साकोसको २८औं गरिमामय वार्षिक साधारण सभाका श्रद्धेय सभाध्यक्ष श्री मोहन सिंह थापा बाकबलज्यू, प्रमुख अतिथिज्यू, अन्य अतिथिगणहरु, संस्थाको बृहत्तर हित एवम् यस साधारण सभालाई भव्यताका साथ सफल पार्न अहोरात्र लागी पर्नुभएका सञ्चालक एवम् विभिन्न उप समितिका कर्मठ सदस्यज्यूहरु तथा लगनशील पदाधिकारी मित्रहरु, कर्मचारी साथीहरु, उपस्थित सम्पूर्ण शेयर सदस्यज्यूहरु, सम्मानित हुनुहुने सदस्यहरु लगायत उपस्थित सम्पूर्ण महानुभावहरुमा लेखा सुपरीवेक्षण समिति एवम् मेरो व्यक्तिगत तर्फबाट न्यानो सहकारी अभिवादन टक्रयाउन चाहन्छु ।

नवलपरासी बर्दघाट सुस्ता पूर्वको मध्यबिन्दु नगरपालिका साविक नयाँबेलहानी गा.वि.स. वडा नं. ८, आरुङ्गखोलामा सहकारी क्षेत्रकै गहनाको रुपमा रहेको यस नवप्रतिभा बचत तथा ऋण सहकारी संस्था स्थापना भएको २८ औं बसन्त पार भइसकेको छ । स्थानीयस्तरमा छरिएर रहेको पूँजीलाई संगठित तथा परिचालन गर्दै सदस्यहरुको आर्थिक सामाजिक तथा सांस्कृतिक रुपमान्तरणमा संस्थाले खेलेको भूमिका सराहनीय एवम् प्रशंसायोग्य छ । "**एकका लागि सबै र सबैका लागि एक**" भन्ने मूल भावना र अनेकतामा एकताको सिद्धान्त अनुरुप सहकारी र सहकार्यको माध्यमबाट मात्रै मानिसको सम्पूर्ण आवश्यकता पुरा हुन सक्दछ भन्ने कुरा सर्वत्र महसुस गरिएको विषय भएकोले तदनुरुपको लक्ष्य तथा योजनालाई सार्थक पार्न संस्था निरन्तर क्रियाशिल रहेको छ । सदस्यहरुले संस्थाप्रति दर्शाउनुभएको अटुट विश्वास, सर्मपण र जिम्मेवारीबोधले संस्थाको निरन्तर वृद्धि, विकास सम्भव भएको देखिन्छ ।

विगतका वर्षहरुदेखि नै राष्ट्रियस्तरमा देखिएको आर्थिक संकुचन, अस्थिर राजनीति, लगानीका लागि बजार विस्तार हुन नसक्नु, अस्वभाविक निक्षेप वृद्धि, युवा जनशक्ति तथा पूँजीको पलायन, बढ्दै गएको व्यक्तिवादी स्वेच्छाचारिता लगायतका गतिविधिले समग्र वित्तीय क्षेत्रमा परेको प्रभावका कारण यस आर्थिक वर्षमा पनि संस्थाको लक्ष्य बमोजिमका केही वित्तीय सूचकहरुमा कमि देखिए तापनि सञ्चालक, उपसमिति एवम् व्यवस्थापनले समसामयिक परिस्थीतिलाई मध्यनजर गर्दै नीतिगत रुपमा गरिएका निर्णयको परिणाम स्वरुप आ.व. २०८१/०८२ को अवस्था सन्तोषजनक देखिन्छ ।

**आदरणीय शेयर सदस्य महानुभावहरु**

हामीलाई प्रदान गर्नुभएको जिम्मेवारी र विश्वासप्रति जवाफदेही रहदै यस नवप्रतिभा बचत तथा ऋण सहकारी संस्था लि. को आर्थिक वर्ष २०८१/०८२ को लेखा अभिलेख परीक्षण गर्ने क्रममा संस्थाको आन्तरिक लेखा परीक्षणका लागि जिम्मेवारी प्राप्त आन्तरिक लेखापरिक्षक र संस्थाबाट नियुक्त लेखापरीक्षण फर्मले गरेका निरिक्षण अनुगमनहरुको बारेमा समीक्षा एवम् संस्थाको साधारण सभाबाट अनुमोदन गरिएका संस्था सञ्चालन सम्बन्धी नीति, नियम एवम् कार्यविधि, सञ्चालक समितिका निर्णयहरु, नियमनकारी निकाय तथा छाता संघहरुबाट जारी मापदण्ड, परिपत्र र निर्देशन कार्यान्वयनको अवस्था,

संस्थाको सम्पत्ति एवं जायजेथा पूँजी तथा दायित्व, नाफा नोक्सानको अवस्था, नगद प्रवाह, संस्थाद्वारा विभिन्न क्षेत्रमा गरिएका ऋण लगानी र असुलीको अवस्था, संस्थाका सामाजिक क्रियाकलाप तथा सेवा केन्द्रहरुको स्थलगत अनुगमन तथा निरीक्षण, संस्थाको आन्तरिक तथा बाह्य प्रभावको विश्लेषण जस्ता सरोकारका क्षेत्रहरु लगायत समग्र पक्षहरुको सूक्ष्मरुपले लेखा परीक्षण गरी हाम्रो ज्ञान र क्षमताले भ्याएसम्म संस्थाको समग्र अवस्थाको जानकारी सहितको यर्थाथ चित्रण एवम् राय सहितको प्रतिवेदन पेश गर्ने जमर्को गरेका छौं । यस क्रममा संस्थामा संलग्न पदाधिकारी एवम् कर्मचारीहरुबाट कहीं कतै संस्था तथा सदस्यको हित प्रतिकूल हुने गरी कार्य नगरेको कुरा यस सम्मानित साधारण सभामार्फत सम्पूर्ण शेयर सदस्यहरु समक्ष जानकारी गराउन चाहन्छौं ।

१. २७ औं वार्षिक साधारण सभाबाट भएका निर्णयहरू मध्ये ८५% कार्यान्वयन भएको देखिन्छ ।

२. आ.व. २०८१/०८२ मा सञ्चालक समितिको एकल तथा संयुक्त बैठक १३ विभिन्न उप-समितिहरूको कार्यविधि अनुरूप बैठक बसेको पाइयो । बैठकमा संस्थाको प्रचलित नीति, नियम, निर्देशिका तथा कार्यविधि अनुसार नै निर्णय र सोको कार्यान्वयन गरेको देखिन्छ ।

३. रू. ५ लाखसम्मका कर्जाहरू ऋण व्यवस्थापन उपसमितिबाट स्वीकृत गर्ने गरिएको पाइयो ।

- संस्थाले रू. १० लाख भन्दा कम मूल्यका धितो ऋणको मूल्याङ्कन धितो मूल्याङ्कन उपसमितिबाट र सो भन्दा माथिका सम्पूर्ण कर्जाहरूको धितो मूल्याङ्कन बाह्य परामर्शदाता इन्जिनियरबाट मूल्याङ्कन गरी प्राप्त प्रतिवेदनका आधारमा ऋण उप-समितिबाट स्वीकृत गरी लगानी गर्ने सुरक्षित उपायलाई अपनाएको देखिन्छ ।
- संस्थाबाट धितो सुरक्षणमा लगानी गरिने सम्पूर्ण ऋण सम्बन्धित मालपोत कार्यालयबाट धितोबन्धक रोक्का राखी लगानी गर्ने गरिएको छ ।
- लेखा परीक्षणका क्रममा ऋण फाईलहरू अध्ययन गर्दा ऋण सम्बन्धी आवश्यक कागजात, लगानी प्रक्रिया, ऋण सुरक्षण, धितोको अवस्था, आम्दानीको स्रोत आदिको मूल्याङ्कन गरी ऋण स्वीकृत गर्ने गरेको पाइयो ।
- ऋण व्यवस्थापन उपसमिति र ऋण उपसमितिबाट स्वीकृत भएका ऋणहरु सञ्चालक समितिबाट मासिक रुपमा अनुमोदन गर्ने गरिएको पाइयो ।

४. सहकारी विभागद्वारा जारी गरिएका मापदण्ड निर्देशन तथा परिपत्रहरू सम्बन्धमा सञ्चालक समितिमा छलफल एवम् निर्णय गरी कार्यान्वयन गरिरहेको देखिन्छ भने राष्ट्रिय सहकारी नियमन प्राधिकरणद्वारा जारी मापदण्ड क्रमश: कार्यान्वयन गर्दै लगेको देखिन्छ ।

- सहकारी विभागद्वारा जारी गरिएको कोपोमिस सफ्टवेयरमा तोकिएको मितिभित्र मासिक समष्टिगत प्रतिवेदन र शेयर सदस्यको विवरण अद्यावधिक गर्ने कार्यलाई निरन्तरता दिइरहेको पाइयो ।
- सहकारी विभागद्वारा जारी निर्देशन बमोजिम वार्षिक जोखिम मूल्याङ्कन प्रतिवेदन तथा मासिक प्रतिवेदनहरू तोकिएको मितिभित्र सार्वजनिक गरेको पाइयो ।

- सम्पति शुद्धीकरण ऐनको पालना गर्दै नेपाल राष्ट्र बैंक वित्तीय जानकारी ईकाईमा GOAML मार्फत तोकिएको मितिमा प्रतिवेदन TTR र चौमासिक प्रतिवेदन वार्षिक जोखिम मूल्याङ्कन प्रतिवेदन पेश गरिएको पाइयो ।
- सहकारी प्रवर्द्धन कोष र सहकारीको सुरक्षा कवजको रुपमा रहेको स्थिरीकरण कोषमा रकम जम्मा गरिएको छ ।

५. संस्था सञ्चालनका लागि सहकारी विभाग, छाता संघ, राष्ट्रिय सहकारी बैंक तथा अन्य सम्बन्धित निकायसँग पनि राय सुझाव लिने दिने गरेको पाइयो ।

६. नियमित मासिक बैठक भत्ता सञ्चालक समितिलाई सत्र सय, उप-समितिलाई छ सय र बैठक बस्दा खाजा सुविधा मात्र दिने गरिएको छ ।

७. कर्मचारी प्रशासन सम्बन्धी व्यवस्थाहरू

- समय सापेक्ष परिमार्जित कर्मचारी सेवा शर्त नीति बमोजिम पदपूर्ति समितिले विज्ञापन प्रकाशन गरी लिखित, मौखिक परीक्षा लिई करार, अस्थायी, स्थायीको व्यवस्था अनुसार कर्मचारी भर्ना गरिएको हुँदा प्रतिस्पर्धी र पारदर्शी भएको देखिन्छ ।
- संस्थाका कर्मचारीहरुको तलव तथा सुविधा सञ्चालक समितिको बैठकबाट पारित गराई साधारण सभाबाट स्वीकृत बजेटको सीमाभित्र रही प्रचलित कर्मचारी सेवा शर्त नीति अनुसार प्रदान गरिएको देखिन्छ ।
- कर्मचारीहरूको क्षमता अभिवृद्धिका लागि आन्तरिक रुपमा तालिम, गोष्ठी, सञ्चालन गरिएको र अन्य संघ-संस्थाबाट आयोजना गरिएका तालिम गोष्ठी, भ्रमण, अन्तरक्रिया कार्यक्रममा सहभागी गराइएको पाइयो ।

८. लेखा सुपरिवेक्षण समितिले दिएको राय एवम् सुझावहरू सञ्चालक समितिले पालना तथा कार्यान्वयन गर्ने गरेको पाइयो ।

९. लेखा समितिले उल्लेख गर्न चाहेका अन्य विवरणहरू :-

- संस्थाका सदस्यहरुले बचत फिर्ता मागेको बखत तुरुन्त फिर्ता गर्न सक्षमता (तरलता) कूल बचतको (४१.४०%) रहेको पाइयो ।
- आ.व २०८१/०८२ को लेखापरीक्षण नेपाल वित्तीय प्रतिवेदन मान (NFRS) अनुरुप गरेको पाइयो ।
- संस्था आन्तरिक राजस्व कार्यालय कावासोती नवलपुरबाट २०७९/०८० र २०८०/०८१ लगातार सवैभन्दा बढी आयकर दाखिला गर्ने संस्थाको रुपमा सम्मानित हुन सफल भएको छ ।
- सदस्यहरुले गरेका उत्कृष्ट कार्यहरुलाई राष्ट्रियस्तरका कार्यक्रमहरुमा प्रस्तुत गर्दै सम्मान तथा पुरस्कृत गराउन सफल भएको छ ।
- सहकारी मापदण्ड बमोजिम नगद काउन्टर, भल्ट तथा ट्रान्जिट तथा सम्पत्ति बिमा गरिएको पाइयो ।

- सञ्चालक समितिको ३६% सदस्यहरुले मात्र कर्जा लिएको पाइयो ।
- ऋणको सुरक्षणका लागि राष्ट्रिय सहकारी नियमन प्राधिकरण, ललितपुरद्वारा जारी गरिएको मापदण्ड बमोजिम आवश्यक जोखिम कोषको व्यवस्था गरिएको पाइयो ।
- संस्था सञ्चालनका क्रममा हुने खर्चहरुमा मितव्यीता अपनाइएको पाइयो ।
- ग्रामीण क्षेत्रका न्यून आय भएका सदस्यहरुमाझ सेवा विस्तारको नीति सराहनीय देखिन्छ ।
- सदस्यहरुको जन्मदेखि स्वर्गसम्म हुने सुख-दु:खका हरेक क्षण तथा अन्य प्राकृतिक समस्यामा समेत सहयोग प्रदान गर्नुले संस्था नाफामुखी भन्दा पनि सेवामुखी रहेको स्पष्ट हुन्छ ।
- सरल र सहजरुपमा वित्तीय सेवाका साथै सदस्य सम्बन्ध विस्तार र आत्मीयता वृद्धि गर्दै प्रतिस्पर्धी सेवा प्रवाह गरेको पाइयो ।
- संस्थाद्वारा सञ्चालित उद्यमशीलता र स्वरोजगार सृजना शिक्षा, स्वास्थ्य, सामाजिक उत्तरदायित्व, राहत तथा सामुदायिक विकास जस्ता आदि क्रेडिट प्लसका कार्यक्रमहरुले सदस्यहरुलाई संस्थाप्रति आकर्षित गरिरहेको पाइयो ।
- संस्थाका शेयर सदस्यहरुलाई स्वास्थ्य सुविधामा सहुलियत प्रदान गर्नका लागि विभिन्न अस्पतालसँगा सहकार्य गरी छुट सुविधा उपलब्ध गराएको पाइयो ।
- सदस्य, समुदाय, नियमनकारी निकाय, छाता संघ, वित्तीय संस्थाहरू, स्थानीय पालिका, स्थानीय समुदायसँगको सहकार्यले वित्तीय कारोवार र संस्थाको साख एवम् छवि वृद्धिमा टेवा पुगेको पाइयो ।
- समय सापेक्ष आफ्ना नीति तथा कार्यविधिहरू संशोधन गरी कार्यान्वयनमा ल्याएको देखिन्छ ।
- संस्थाद्वारा गुणस्तरीय उत्पादन तथा सेवा प्रवाह, जोखिम न्यूनीकरण, वित्तीय विश्लेषण एवम् व्यवस्थापन र कारोवारको तुलनात्मक समीक्षा गर्न विषय विज्ञहरुसँग परामर्श तथा पर्ल्स पद्धतिको प्रयोग गरिएको पाइयो ।
- संस्थाले राजस्वका विभिन्न शीर्षकहरुमा यस वर्ष रू. १,७८,०४,९८२।- योगदान पुऱ्याएको देखिन्छ ।

१०. लेखा सुपरिवेक्षण समितिको तर्फबाट सुझाइएको सुझावहरूलाई सभा समक्ष निम्न बुँदाहरूमा प्रस्तुत गर्न अनुमति चाहन्छु ।

- संस्थामा अधिक तरलता र भाखा नाघेको ऋण वृद्धि हुँदै गएको पाइएकोले यसको व्यवस्थापनका लागि सञ्चालक समितिलाई विशेष भूमिका निर्वाह गर्नुहुन तथा रणनीतिक योजना तयार पारी अगाडि बढ्नुहुन सुझाव गरिन्छ ।
- भाखा नघाउने ऋणी सदस्यहरुलाई कानुन बमोजिम ऋण असुलीका लागि प्रक्रिया अगाडि बढाउनुहुन सुझाव गरिन्छ ।
- साना ऋणहरुमा जोखिम कम हुने हुँदा यस्ता ऋण प्रवाहलाई प्राथमिकता दिनुहुन सुझाव गरिन्छ ।

- संस्थाबाट लगानी गरिएका धितो कर्जामा प्रक्रियागत जोखिम नरहे पनि घर जग्गाको मूल्यमा आएको परिवर्तनले जोखिम निम्त्याउन सक्ने हुदा धितो मूल्याङ्कन प्रक्रिया र मूल्य निर्धारणमा विशेष ध्यान दिनुहुन सुझाव गरिन्छ ।
- ऋण लगानी गर्दा धेरै संस्थाहरुमा कारोबार नगरेका तथा खराब ऋणीको सूचीमा नपरेका असल ऋणी पहिचान गरी ऋण लगानी गर्नुहुन सुझाव गरिन्छ ।
- ऋण सुरक्षणका लागि संस्थाका उपसमिति एवम् स्थानीय संघ संस्था तथा व्यक्तित्वहरुसँग समन्वय तथा सूचना संकलन गरी ऋण लगानी गर्नुहुन सुझाव गरिन्छ ।
- उच्च तरलता व्यवस्थापन र ऋण लगानी वृद्धिका लागि नयाँ-नयाँ सेवा तथा उत्पादनहरुमा जोड दिनुहुन सुझाव गरिन्छ ।
- उत्पादनमूलक क्षेत्रहरुमा कर्जा लगानीलाई प्राथमिकता दिनुहुन सुझाव गरिन्छ ।
- संस्थाबाट लगानी गरिने ऋणहरुमा धितो सुरक्षणका साथ साथै आम्दानीका स्रोतहरुलाई सुक्ष्म ढंगबाट विश्लेषण गरी ऋण लगानी गर्नुहुन सुझाव गरिन्छ ।
- कर्जा विश्लेषण र सदुपयोगिता निरिक्षण कार्यलाई  प्रभावकारी बनाउनुहुन सुझाव गरिन्छ
- संस्थाका सवै सदस्यहरुलाई सक्रिय बनाई नियमित बचत गर्न प्रोत्साहन गर्नुहुन सुझाव गरिन्छ ।
- सफ्टवेयरमा भएका तथ्यांकहरुको व्यवस्थापन, उचित भण्डारण, सुरक्षण तथा गोप्यता सम्बन्धमा विशेष ध्यान दिनुहुन सुझाव गरिन्छ ।
- सदस्य गुनासो सुनुवाई सम्बन्धी व्यवस्थालाई थप प्रभावकारी बनाउनुहुन सुझाव गरिन्छ ।
- संस्थाका उप-समितिहरूलाई थप क्रियाशील र क्षमतावान बनाउनुपर्ने देखिन्छ ।
- डिजिटल सेवाहरु थप प्रभावकारी बनाउदै सो सम्बन्धमा सदस्यहरुलाई प्रशिक्षित गर्दै बढी भन्दा बढी सदस्यमाझ पुर्‍याउनुहुन सुझाव गरिन्छ ।
- कानुनले फिर्ता लिनुपर्ने भनी तोकेका लगानीहरु फिर्ता लिनुहुन सुझाव गरिन्छ ।
- संस्थामा बाल तथा युवा सदस्यता विस्तार गर्नुपर्ने देखिन्छ ।
- कृषि तथा पशुपालन क्षेत्रको प्रवर्द्धन गर्दै सदस्यहरुको उद्यमशीलता तथा व्यवसायिक विकासमा जोड दिई उत्पादन वृद्धि, रोजगारी सृजना गर्ने नीतिलाई प्रभावकारी रुपमा अगाडि बढाउनुपर्ने देखिन्छ ।
- ऋणको कारोबारलाई अझै चुस्त दुरुस्त र प्रभावकारी बनाउनका लागि क्षेत्रगततहमा ऋण हेर्ने छुट्टै ऋण विभाग स्थापना गरी ऋण अधिकृतको व्यवस्था गर्नुपर्ने देखिन्छ ।
- उत्पादनमुखी वित्तीय बजार नै संस्थाको सवल आर्थिक मेरुदण्ड भएको हुनाले सदस्यको व्यवसाय र बजारलाई चलायमान बनाउन सदस्यहरुलाई उत्पादनतर्फ अग्रसर गराउदै बजारीकरणका लागि सहजीकरण गर्ने नीति तय गर्नुहुन सुझाव गरिन्छ ।
- संस्थाका गतिविधिहरु बढी भन्दा बढी सदस्यहरु माझ पुर्‍याउनका लागि प्रभावकारी रुपमा सामाजिक सञ्जालको प्रयोगमा जोड दिई संस्थाको वेबसाइडलाई पनि अद्यावधिक गर्नुहुन सुझाव गरिन्छ ।

- संस्थामा कार्यरत कर्मचारीहरुको सेवा सुविधा तथा दिगोपनाका लागि नेपाल सरकारद्वारा सञ्चालित कर्मचारी सञ्चयकोष, सामाजिक सुरक्षा कोष आदि जस्ता कार्यालयहरुमा आवद्धता गराउनुहुन सुझाव गरिन्छ ।
- सदस्यहरूलाई वित्तीय, प्रविधि साक्षरता, विस्तारित मञ्च, सहकारी तथा ऋण शिक्षा, आय–आर्जन र उद्यमशीलता सम्बन्धी तालिमहरू प्रदान गरिए तापनि यसलाई अझ व्यापक बनाउनुपर्ने देखिन्छ ।
- संस्थाका महत्वपूर्ण कागजातहरू, सदस्य तथा संस्थाका अभिलेखहरू, ऋणको तमसुक, निर्णय, लगायत अन्य वित्तीय विवरणहरू विद्युतीय प्रविधि मार्फत इलेक्ट्रोनिक कपी सुरक्षित राख्ने कार्य पूर्ण रुपमा अद्यावधिक नभएको पाइएकोले पूर्ण रुपमा अद्यावधिक गर्नुहुन सुझाव गरिन्छ ।
- सहकारी एकीकरण कार्यलाई प्रभावकारी रुपमा अगाडि बढाउनहुन सुझाव गरिन्छ ।
- वर्तमान विषम परिस्थतीबाट सृजना हुनसक्ने चुनौतीको बीचबाट सम्भावना र अवसरको खोजी गर्ने रणनीति तय गर्न सुझाव गरिन्छ ।
- संस्थामा अहोरात्र खटेर काम गर्ने कर्मचारीहरुको उत्प्रेरणा, क्षमता विकास तथा स्थायित्वका लागि आवश्यक क्रियाकलाप सञ्चालन गर्नुहुन सुझाव गरिन्छ ।

आदरणीय शेयर सदस्य महानुभावहरु

अन्तमा हामीलाई लेखापरीक्षण क्रममा अत्यन्त सौहार्दपूर्ण वातावरण मिलाई सहयोग गर्नुहुने सञ्चालक समिति र उच्च व्यवस्थापन, रचनात्मक र सकारात्मक सुझाव प्रदान गर्नुहुने शेयर सदस्यज्यूहरु, संस्थालाई यो अवस्थासम्म ल्याउन मेहनत गर्नु हुने पूर्व सञ्चालक, वर्तमान सञ्चालक, सल्लाहकार, उप-समितिका पदाधिकारीज्यूहरू, सम्पूर्ण कर्मचारीहरू, शुभचिन्तक एवम् सम्बद्ध सबैमा हार्दिक आभार प्रकट गर्दै यो प्रतिवेदन अन्त्य गर्ने अनुमति चाहन्छु ।

धन्यवाद ! जय नवप्रतिभा ! जय सहकारी !

## सम्पर्क नम्बरहरु

| | | | | | |
|---|---|---|---|---|---|
| आरुङ्खोला | : ०७८-५५५३११<br>: ०७८-५५५३१२ | बर्दघाट | : ०७८-५८०६८२ | कावासोती | : ०७८-५४००१२ |
| सर्दी | : ०७८-५०५०१२ | रजहर | : ०७८-५४५१६५ | गिरुवारी | : ०७८-५९०१८९ |
| त्रिवेणी | : ०७८-५६००८५ | भुमही | : ९७४८४३७६६४ | डेढगाउँ | : ९७४८४३७६६० |
| बुलिङ्गटार | : ९८६१९५५५१४ | गैंडाकोट | : ०७८-५०१०५३ | सुनवल | : ९७४८४३७६६८ |
| चोरमारा | : ०७८-४१०१७५ | सेमरी | : ९८६७७८१४६७ | मित्याल | : ९८४७४३०७६३ |
| रजघरा | : ९८४१४४०००७ | पूर्वखोला | : ९७४८४३७७९० | रामनगर | : ०७१-४३७७१९ |
| बासटारी | : ०७५-४११०२८ | | | | |

# २८औं वार्षिक साधारण सभामा ऋण उप-समितिद्वारा प्रस्तुत प्रतिवेदन



ान बहादुर बाकाबल
संयोजक

यस नवप्रतिभा बचत तथा ऋण सहकारी संस्था लि. को गरिमामय २८औं वार्षिक साधारण सभाका अध्यक्षज्यू, श्रद्धेय प्रमुख अतिथिज्यू, अतिथिज्यूहरू, सल्लाहकारज्यूहरू, सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति तथा विभिन्न उप-समितिका पदाधिकारीज्यूहरू एवम् सदस्यज्यूहरूमा ऋण उप-समितिको तर्फबाट हार्दिक स्वागत तथा सहकारी अभिवादन ।

यस संस्थाले २७ वर्षको सिकाई र अनुभवहरुलाई एकिकृत गर्दै सहकारी सिद्धान्त, मूल्य मान्यता, ऐन, नियमावली, तथा नीति र विधिको परिधिभित्र रही सदस्यहरुको सेवा र सन्तुष्टिमा विशेष जोड दिई सुरक्षित र सहज, प्रक्रियाबाट सबै सेवा केन्द्र मार्फत प्रतिस्पर्धी वित्तीय तथा गैर वित्तीय सेवा प्रवाह गरिरहेको छ । संस्थाले सदस्यहरुबाट थोरै थोरै संकलन गरेको बचत रकमलाई ऋणको रुपमा परिचालन गरी क्षमता अभिवृद्धि गर्दै उद्यमशीलता र व्यवसायिकता विकासका कार्यक्रमहरुलाई अगाडि बढाइरहेको विषय यहाँहरुलाई अवगत नै छ । यस संस्थाको मुख्य व्यवसाय बचत तथा ऋणको कारोवार हो । बचत र ऋणको अनुपात सन्तुलित रुपमा व्यवस्थापन गर्न सकेमा मात्र संस्थाको वित्तीय स्थायित्व सम्भव हुन्छ । संस्थाको कूल सम्पत्तीको ठूलो हिस्सा ओगटेको ऋण लगानी प्रभावकारी र व्यवस्थित भएन र असुलीलाई नियमित गर्न सकिएन भने अन्यत्र जति सुकै उत्कृष्ट कार्य भए तापनि संस्था अगाडि बढ्न सक्दैन भन्ने विषयमा हामी सदैव सचेत र सतर्क रही कार्य गर्दै आइरहेको छौं ।

विश्व परिवेशमा देखिएको आर्थिक तथा सामाजिक चुनौतीबाट सृजित प्रतिकूल प्रभावहरुका कारण आर्थिक वर्ष २०८१/०८२ समग्र सहकारी क्षेत्रका लागि सकारात्मक बर्षको रुपमा नरहेको यहाँहरु सबैमा सर्वविदितै छ। यस्तो विषम परिस्थीतिको कारण लगानीका लागि विश्वास योग्य तथा अनुकुल वातावरण नहुनु र मौजुदा व्यापार व्यवसायमा आएको शिथिलताका कारण ऋण लगानी तथा असुली कार्य प्रभावित हुन पुग्यो । तथापि आन्तरिक तथा बाह्य तत्वको प्रभाव एवम् जोखिमहरुको मूल्याङ्कन गर्दै अस्वस्थ प्रतिस्पर्धाका वावजुद पनि सुरक्षित ऋण लगानी र ऋण असुली कार्यलाई निरन्तरता दिदै आएका छौं ।

**आदरणीय शेयर सदस्यज्यूहरु**

आ.व २०८१/०८२ मा ऋण लगानी तथा असुली सम्बन्धमा भए गरेका गतिविधिहरुको संक्षिप्तमा जानकारी गराउन चाहन्छु ।

यस अवधिमा संस्थाले जोखिम रहित क्षेत्र, स्वलागत (Equity) धेरै भएका साना उद्यमी व्यवसायी र उत्पादन क्षेत्र, उच्च प्रतिफल दर तथा नियमित आम्दानी हुने व्यवसायहरुलाई ऋण लगानीमा प्राथमिकता दिएको छ । ऋण लगानीका लागि नयाँ नयाँ क्षेत्रहरुको पहिचान, छिटो, छरितो र सहज प्रक्रिया, नियमित असुलीमा प्रोत्साहन जस्ता कार्यहरु गर्दै आइरहेका छौं । संस्थाले ऐन, नियम, मापदण्ड एवम् संस्थाको विनियम, ऋण नीतिको परिपालना गर्दै सदस्यको व्यवसायको प्रकृति, उद्देश्य तथा अनुभव, तिर्न सक्ने

क्षमता, व्यक्तिगत आचरण, नगद प्रवाह विश्लेषण, कर्जा ईतिहास, आम्दानीको स्रोतहरुको दिगोपना, धितोको स्तर र विभिन्न निकायहरुसँग समन्वय गरी कर्जा सूचना लिई ऋण लगानी गर्ने गरिएको छ । कर्जा लगानी गर्नु अगाडि ऋण सम्बन्धमा परामर्श, ऋण विश्लेषण (5c विश्लेषण) पश्चात आवश्यक कागजात संलग्न गरी लगानी गर्न योग्य देखिएमा मात्र ऋण उपलब्ध गराउने गरिएको छ । ऋण लगानी पश्चात कर्जा सदुपयोगिता निरिक्षण गर्ने गरिएको छ । वर्तमान वित्तीय बजार र जोखिमको अवस्थालाई मध्यनजर गरी स-साना कर्जाहरुलाई प्राथमिकता दिईएको छ । गत वर्षको तुलनामा यस वर्ष धितो कर्जा लगानीमा वृद्धि भएको छ । सहज रूपमा कर्जा प्रवाहका लागि रू.५ लाखसम्मको कर्जा संस्थाको ऋण व्यवस्थापन उप-समितिबाट, सो भन्दा माथिको सम्पूर्ण कर्जा ऋण उप-समितिको बैठक बसी स्वीकृत गरी लगानी गरिएको छ । ऋण लगानी प्रक्रियालाई छिटो छरितोका साथै सुरक्षित बनाउन १० लाख भन्दा कम मूल्यको धितो, धितो मूल्याङ्कन उपसमितिबाट र १० लाख भन्दा माथिको सबै ऋणहरू बाह्य संस्थागत धितो मूल्याङ्कनकर्ताबाट मूल्याङ्कन गराई लगानी गर्ने गरिएको छ । संस्थाबाट लगानी गरिएका अधिंकाश ऋण ग्रामीण क्षेत्रका विपन्नवर्ग र महिला सदस्यहरुमा केन्द्रित रहेको छ । प्रतिस्पर्धी वित्तीय बजार अनुरुप बनाउन २ पटक व्याजदर संशोधन गरिएको छ । वर्तमान समयमा संस्थाको लगानी तथा सदस्यहरुको आम्दानी वृद्धिका लागि स्थानीयस्तरमै स्वरोजगार सृजनाका लागि कृषि पशुपालन दुग्धजन्य, मासुजन्य तथा अन्य उत्पादनका क्षेत्रहरुलाई प्राथमिकता दिई ऋण लगानी गरिएको छ । कृषि तथा पशुपालन क्षेत्रका सदस्यहरुलाई सहुलियत व्याजदरमा कर्जा लगानी गर्ने नीति बमोजिम स्थानीय पालिका तथा सरोकारवाला निकायहरुसँग सहकार्य व्याज अनुदान तथा प्रवर्द्धनात्मक कार्यक्रममा सहभागी गराइएको छ । प्रत्येक सेवा केन्द्रबाट कर्जा लिई उत्कृष्ट व्यवसाय गर्ने उद्यमीहरूलाई हरेक वर्ष सम्मान गर्ने परिपाटीलाई निरन्तरता दिइएको छ । सदस्यहरुद्वारा उत्पादित वस्तु बिक्रिका लागि समेत स्थानीय पालिका तथा अन्य निकायहरुसँग सहकार्य गरिएको छ । समूहतर्फको रू. ५ लाखसम्मको चिन्तामुक्त कार्यक्रम/बिमा गरिएको छ । ऋण उप-समिति र ऋणसँग सम्बन्धित कर्मचारीहरुलाई सुरक्षित ऋण लगानी र असुली सम्बन्धी विषयमा तालिम दिई क्षमता अभिवृद्धि गरिएको छ । संस्थाबाट लगानी गरिएको ऋणको क्षेत्रगत अवस्था विश्लेषण गर्दा कृषि तथा पशुपालनमा ५०.१४%, व्यापार व्यवसाय २८.५३%, जग्गा खरिद तथा आवास निर्माण १४.१४%, लघुउद्यम कर्जा ३.५१%, शैक्षिक कर्जा २.९७%, सवारी साधन कर्जा ०.७१% रहेको छ । १५ वटा कर्जा शीर्षकहरूमा रू. १ अर्ब ७६ करोड ६ लाख ५२ हजार कर्जा लगानी, रू. १ अर्ब ७५ करोड ५० लाख २१ हजार २ सय ७४ असुली गरी २०८२ असार मसान्तमा १२९९१ जना ऋणी सदस्यहरूमा रू. १ अर्ब ९८ करोड ७८ लाख ८२ हजार ९ सय एकासी लगानीमा रहिरहेको ऋण बाँकी रहेको छ । २०८२ असार मसान्तसम्म प्रति ऋणी औषत ऋण लगानी रू. १,५३,०२०।- रहेको छ। ऋण लगानी तथा असुलीलाई थप प्रभावकारी बनाउन सञ्चालक समिति, सेवा केन्द्र व्यवस्थापन उपसमिति उच्च व्यवस्थापन तहबाट फिल्डमा अनुगमन निरीक्षण गर्ने गरिएको छ । चालु आ.व. मा ऋण लगानीलाई उद्यम र उद्यमशीलतातर्फ केन्द्रित गरिनेछ । ऋण लगानी गर्दा धितोले खाम्ने र आम्दानीले तिर्न सक्ने क्षमता (Ability to pay) लाई उच्च प्राथमिकताका साथ विश्लेषण गरी गुणात्मक र सुरक्षित (Qualitative

& Secure) लगानी गरिनेछ र ऋण लगानी पश्चात् ऋणीले पेश गरेको व्यवसायिक योजना अनुसार निरन्तर सदुपयोगिता निरीक्षण अनुगमन गर्ने कार्यलाई थप प्रभावकारी बनाइनेछ भने ऋण असुलीका लागि रणनैतिक योजना बनाई कार्यान्वयन गरिनुका साथै कानुनी प्रक्रिया अगाडि बढाईनेछ ।

अन्त्यमा संस्थालाई यस अवस्थासम्म ल्याई पुऱ्याउन सहयोग तथा विश्वास गर्नुहुने सदस्यज्यूहरुमा आभार प्रकट गर्न चाहन्छु । आगामी दिनमा संस्थालाई अझ उन्नति र प्रगतितर्फ लैजान यहाँहरुले सक्रिय भूमिका निर्वाह गर्नुहुनेछ भन्ने कुरामा म विश्वस्त छु । संस्थाले ऋणको रुपमा परिचालन गरेको रकम हामी सबैको शेयर सदस्यको दु:ख र पसिनाको कमाई हो भन्ने विषयलाई आत्मबोध गर्दै वित्तीय रुपमा अनुशासित भई समयमै ऋण भुक्तानी गरी असल सदस्यको भूमिका निर्वाह गर्नुहुन अनुरोध गर्दछु । वर्तमान अवस्थासम्म आइपुग्नका लागि मार्गदर्शन गर्नुहुने संस्थाका पूर्व सञ्चालक, वर्तमान सञ्चालक सल्लाहकारज्यूहरु, विभिन्न उपसमिति, उच्च व्यवस्थापन तथा सम्पूर्ण कर्मचारीहरुलाई हार्दिक अभार प्रकट गर्दै मेरा भनाई यहीँ अन्त्य गर्दछु ।

धन्यबाद ! जय सहकारी ! जय नवप्रतिभा !

## नवप्रतिभा साकोस नै किन ?

- ACCU, NEFSCUN, राष्ट्रिय सहकारी महासंघ र जिल्ला बचत संघबाट पुरस्कृत तथा सम्मानित संस्था भएकोले ।
- आ.व. २०७९/०८० र २०८०/०८१ मा नवलपुर जिल्लामा उत्कृष्ट करदाता सम्मान प्राप्त ।
- गण्डकी, बागमती र लुम्बिनी प्रदेशका ५ वटा जिल्ला कार्यक्षेत्र भई ग्रामीण क्षेत्र र विपन्नलाई लक्षित गरी वित्तीय तथा गैरवित्तीय सेवा प्रदान गर्ने भएकोले ।
- देशभित्र वा देश बाहिर रेमिटान्सद्वारा रकम पठाउन र भुक्तानी लिन सकिने ।
- नवप्रतिभा मोवाईल एप्सद्वारा बिल भुक्तानी तथा बैंकिङ्ग कारोवार गर्न पाइने ।
- जुनसुकै सेवा केन्द्रमा पैसा राख्न र झिक्नका लागि एबिबिएस सेवा लिन सकिने ।
- स्थानीय गाउँ, टोल र घर दैलोमा पारिवारिक वातावरणमा सेवा लिन सकिने ।
- आफ्नो चाहना अनुसारको बचत तथा ऋण सेवा सरल र सहज प्रक्रियाबाट लिन सकिने ।
- उत्कृष्ट कारोवार गरी सम्मानित हुन सकिने।
- व्यवसायी बन्न चाहनेहरुले आवश्यक परामर्श, व्यवसायिक योजना निर्माणमा सहयोग प्राप्त गर्न सकिने ।
- स्वरोजगार बन्न चाहने युवाहरुलाई स्वरोजगारका लागि आवश्यक ज्ञान तथा सिप लिन सकिने
- सामाजिक सेवा अन्तर्गत शिक्षा, स्वास्थ्य, राहत, दुर्घटना बिमा, संरक्षण, सम्मान, कृषि, खेलकुद प्रवर्द्धन आदि सेवा लिन सकिने ।
- युवा वर्गलाई सहभागी गराउँदै उद्यमशीलतातर्फ सामाजिक तथा वातावरण संरक्षणमा विशेष योगदान पुऱ्याउने संस्था भएकोले ।

# २८औँ वार्षिक साधारण सभामा प्रस्तुत शिक्षा उप-समितिद्वारा प्रस्तुत प्रतिवेदन



लेखनाथ भट्टराई
संयोजक

यस नवप्रतिभा बचत तथा ऋण सहकारी संस्था लि. को गरिमामय २८औं वार्षिक साधारण सभाका सभाध्यक्षज्यू, श्रद्धेय प्रमुख अतिथिज्यू, अतिथिज्यूहरू, सल्लाहकारज्यूहरू, सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति तथा विभिन्न उप-समितिका पदाधिकारीज्यूहरू संस्थाका शेयर सदस्यज्यूहरू एवम् कर्मचारीहरु, उपस्थित सम्पूर्ण महानुभावहरुमा शिक्षा उप-समितिको तर्फबाट सहकारी अभिवादन टक्र्याउदछु ।

सहकारी अभियान सदस्यहरुको विश्वासमा चलिरहने सदस्य केन्द्रित सामाजिक व्यवसाय हो । यसले सदस्यहरुको आर्थिक, सामाजिक र सांस्कृतिक रुपान्तरणमा महत्वपूर्ण भूमिका खेलेको हुन्छ । त्यसैगरी शेयर सदस्य सहकारीको सृष्टिकर्ता, संरक्षक र प्रवर्द्धक हुन् । शेयर सदस्यहरुको असल क्रियाकलाप र व्यवहारले मात्र सहकारी संस्थाको उन्नति र प्रगति सम्भव हुन्छ । त्यसैले सहकारी संस्थाले सदस्यहरुसँग निरन्तर सम्पर्क, समन्वय गर्दै दु:ख-सुखका क्षणहरुमा सहभागिता जनाउँदै आत्मीय र सुमधुर सम्बन्ध स्थापित गर्नुपर्दछ । सदस्यहरुलाई नियमित रुपमा सैद्धान्तिक, व्यवहारिक, प्राविधिक शिक्षा तथा वित्तीय अनुशासन, क्षमता अभिवृद्धि र उद्यमशीलता तर्फ प्रेरित गर्नुपर्दछ । जसका लागि सहकारीको पाँचौ सिद्धान्तमा रहेको शिक्षा तालिम र सूचना नियमित रुपमा आवश्यक पर्दछ भन्ने विषयलाई आत्मसात गरी आ. व. २०८१/२०८२ मा संस्थाको शिक्षा समितिले मुख्य भूमिका निर्वाह गर्दै यस क्षेत्रमा कार्य गर्दै आईरहेका छौं । संस्थाले आफ्ना सेवाहरुलाई वित्तीय र गैरवित्तीय गरी दुई भागमा विभाजन गरेर सञ्चालनन गर्दै आइरहेको छ । परिवर्तनशील समय परिवेश अनुसार सदस्यहरुको चाहना तथा अपेक्षाहरुलाई सम्बोधन गर्नु आवश्यक रहन्छ । सोही बमोजिम सबै उमेर समूहका सदस्यहरुलाई बढी भन्दा बढी सहभागी गराई, सहकारी शिक्षा, वित्तीय शिक्षा, ऋण शिक्षा तथा परामर्श, अन्तरक्रिया, अध्ययन अवलोकन भ्रमण, सम्पत्ति शुद्धीकरण तथा प्रविधि साक्षरता, सुरक्षा सम्बन्धी सचेतना, ऋण साक्षरता, विस्तारित मञ्च, विभिन्न विषयमा गोष्ठि, क्षमता अभिवृद्धि तथा सिप विकास, नेतृत्व विकास तालिम, उद्यमशीलता तथा स्वरोजगार सृजना सम्बन्धी तालिमहरु, कृषि प्रवद्धर्नात्मक कार्यक्रम, व्यावसायिकता विकास तालिम एवम् विभिन्न औपचारिक, अनौपचारिक कार्यक्रम मार्फत प्रत्यक्ष भेटघाट, विचार विमर्श, गुनासो, सुझाव, अपेक्षा र पृष्ठपोषण लिने दिने, घरदैलो भेटघाट जस्ता कार्यक्रमहरु आयोजना गरी सदस्यहरुलाई नियमित रुपमा शिक्षा, तालिम, सूचना प्रदान गर्दै आईरहेको छ । त्यसैगरी संस्थाद्वारा सञ्चालन गरिएका गतिविधिहरुको बारेमा फ्लेक्स, चार्ट, स्टिकर, क्यालेन्डर तथा वार्षिक प्रतिवेदन, सामाजिक सञ्जालको माध्यम प्रयोग गरी जानकारी प्रदान गरिदै आइरहेको छ । समुदायस्तरमा संस्थाको अपनत्व, पहिचान र छवि वृद्धिका लागि संस्थाको आन्तरिक विनियोजित बजेट, स्थानीय पालिका तथा अन्य गैर सरकारी संघ संस्थाहरुसँग सहकार्य गर्दै नियमित रुपमा कार्यक्रमहरु सञ्चालन गरिँदै आइरहेको छ जसको विवरण सचिवज्यूको प्रगति प्रतिवेदनमा उल्लेख गरिएको छ ।

सहकारी वृहत् र संवेदनशील क्षेत्र भएकोले यसको दिगो तथा सुरक्षित सञ्चालनका लागि यसका शेयर सदस्य तथा नेतृत्वदायी भूमिकामा रहने अन्य सम्पूर्ण सदस्यज्यूहरुले सर्वप्रथम सहकारीको अवधारणा, सिद्धान्त र मूल्य मान्यता बुझ्नु अत्यन्त आवश्यक रहेको छ र सोको लागि निरन्तर र नियमित सहकारी

शिक्षाको आवश्यकता पर्दछ । आ.व २०८२/०८३ मा पनि यस समितिको सक्रियतामा संस्थाका बढी भन्दा बढी सदस्यज्यूहरुलाई सहभागी गराई शिक्षा तालिम र सूचना तथा सचेतना अभिवृद्धि गराउने, विभिन्न कार्यक्रम मार्फत प्रत्यक्ष भेटघाट, विचार विमर्श, गुनासो, सुझाव, अपेक्षा लिने दिने कार्यमा सहभागी गराईनेछ । अन्तमा सदस्यज्यूहरुलाई पनि वर्तमान विश्वव्यापीकरणको समय अनुसार आफुलाई समय सापेक्ष शिक्षा, ज्ञान र सूचनामा अद्यावधिक गर्दै लैजान हुन अनुरोध गर्दछु । संस्थालाई यस अवस्थासम्म ल्याउन पुऱ्याउनुभएको योगदानको उच्च मूल्याङ्कन गर्दै सम्पूर्ण शेयर सदस्यज्यूहरु, सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति, शिक्षा उपसमितिका सहकर्मी साथीहरु, विभिन्न उपसमितिका पदाधिकारीज्यूहरु, कर्मचारी लगायत सम्बद्ध सबैमा हार्दिक धन्यवाद ज्ञापन गर्दै मेरो प्रतिवेदन यहीँ अन्त्य गर्दछु ।

जय सहकारी ! जय नवप्रतिभा !!

---

**वित्तीय स्वस्थतालाई मापन गर्ने अन्तर्राष्ट्रिय (PEARLS) पर्ल्सको सिद्धान्तअनुसार यस संस्थाको वर्तमान आर्थिक स्वस्थताको अवस्था निम्नानुसारको छ ।**

| क्षेत्र | सूचक | विवरण | लक्ष्य (%) | उपलब्धी |
|---|---|---|---|---|
| P Protection सुरक्षण | P1 | खराब ऋण सुरक्षण व्यवस्था | १०० | १०० |
| | P2 | शंकास्पद ऋण सुरक्षण व्यवस्था | ५० | ५० |
| | | कमसल ऋण सुरक्षण व्यवस्था | २५ | २५ |
| | P2x | असल ऋणको लागि गरेको व्यवस्था | १ | १ |
| E Effective Financial Structure प्रभावकारी वित्तीय संरचना | E1 | शुद्ध ऋण | ७०–८० | ५३।४९ |
| | E5 | बचत निक्षेप | ७०–८० | ६८।२१ |
| | E6 | बाह्य ऋण | बढीमा ५ | ०।०३ |
| | E7 | शेयर पूँजी | १०–२० | ११।९७ |
| | E8 | संस्थागत पूँजी | कम्तिमा १० | ७।५१ |
| | E9 | शुद्ध संस्थागत पूँजी | कम्तिमा १० | ७।५१ |
| A Assets Quality सम्पत्तीको गुणस्तर | A1 | भाखा नाघेको ऋण | बढीमा ५ | ५।६४ |
| | A2 | आय आर्जन नगर्ने सम्पत्ती | बढीमा ५ | १।६९ |
| R Rate of cost and Returns लागत र प्रतिफल | R1 | लगानी प्रतिफल | उद्यमशील दर बराबर | १३।६६ |
| | R9 | सञ्चालन खर्च | बढीमा ५ | २।५९ |
| | R10 | कूल ऋण सुरक्षण खर्च | न्युन | ०।९७ |
| L Liquidity तरलता | L1 | तरलता | कम्तिमा १५ | ४१।४० |
| S Signs of Growth वृद्धि संकेत | S10 | सदस्यता वृद्धि | कम्तिमा १० | ५।३१ |
| | S11 | कूल सम्पत्तीमा वृद्धि | कम्तिमा मुद्रा स्फीति दर | ९।५७ |

# सम्पत्ति शुद्धीकरण तथा निवारण सम्बन्धी आ.व. २०८१/०८२ को वार्षिक प्रतिवेदन

सम्पत्ति शुद्धीकरण तथा आतकंकारी कार्यमा वित्तीय लगानी सम्बन्धी अपराधजन्य गतिविधिबाट नेपाल अछुतो रहन नसकेको यथार्थ हामी सवैलाई अवगत नै छ । यसको निवारणका लागि नेपाल सरकारले सम्पत्ति शुद्धीकरण ऐन २०६४ र नियमावली २०७३ र सम्पत्ति शुद्धीकरण तथा आतकंकारी कार्यमा वित्तीय लगानी निवारण रणनीति तथा कार्ययोजना २०८१-२०८६ तर्जुमा भई लागू गरेको छ । सहकारी संस्थाहरुलाई सम्पत्ति शुद्धीकरण सम्बन्धी उच्च जोखिम क्षेत्र निर्धारण गरी त्यसको निवारणका लागि सहकारी विभागद्वारा सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी सहकारी संघ संस्थालाई निर्देशन २०७४ को (चौथो संशोधन) जारी भइसकेको छ ।

संस्थाले सहकारी विभागद्वारा जारी निर्देशन २०७४ (चौथो संसोधन) सम्पत्ति शुद्धीकरण ऐन, नियमावलीको अधिनमा रही तथा वित्तीय जानकारी एकाइले दिएको निर्देशनको कार्यान्वयनका लागि सम्पत्ति शुद्धीकरण निवारण कार्यविधि–२०७५ सो को प्रथम संशोधन २०८० तयार गरी कार्यान्वयनमा ल्याएको छ । संस्थामा वित्तीय कारोबारको स्वच्छता, पारदर्शिता एवम् वित्तीय प्रणालीलाई संरक्षण गर्न र सदस्य तथा कारोवार वृद्धिसँगै अपराधिक वा गैरकानुनी कार्यबाट आर्जित रकम संस्थामा भित्रिन सक्ने र संस्थाबाट बाहिरिने रकम पनि अपराधिक कार्यमा प्रयोग हुन सक्ने अवस्थालाई मध्यनजर गर्दै कार्यविधी बमोजिम कार्यान्वयन अधिकारी नियुक्त गरी सम्पत्ति शुद्धीकरण सम्बन्धी कार्य नियमित रुपमा गरिदै आइरहेको छ । संस्थामा कार्यरत कर्मचारीहरुको सम्पत्ति शुद्धीकरण सम्बन्धी कार्यक्षमता वृद्धिका लागि सम्पत्ति शुद्धीकरण तथा जोखिम न्यूनीकरण सम्बन्धी तालिम प्रदान गर्ने तथा आफ्ना संस्थागत जानकारी तथा वित्तीय प्रतिवेदन एवम् सदस्यहरुलाई आफ्नो विवरण अद्यावधिक गर्नका लागि सामाजिक सञ्जाल तथा समय समयमा सूचना प्रकाशन गरी कार्यसम्पादन गर्दै आइरहेको छ ।

संस्थाले सम्पत्ति शुद्धीकरण निवारण कार्यविधिको पालना गर्दै कार्यक्षेत्रभित्र स्थायी बसोबास गरेका व्यक्तिहरुलाई प्रमाणित कागजात संलग्न गरी निजहरुले गरेको पेशा सम्बन्धी पूर्ण जानकारी लिएर मात्र सदस्यता प्रदान गर्दै आइरहको छ । सदस्यता प्रदान गर्ने क्रममा पहिचान अद्यावधिक गर्ने, कारोवारको आधारमा उच्च, मध्यम र न्यून जोखिममा वर्गीकरण गरी सदस्यहरुले गरेका आर्थिक कारोवारको नियमित अनुगमन तथा जोखिम मूल्याङ्कन गर्दै आइरहेको छ । विशेष गरी अपराधिक क्रियाकलाप तथा कर छलिबाट आर्जन गरेको सम्पत्ति शुद्धीकरणका लागि संस्था प्रयोग नहोस भन्ने उद्देश्यले आवश्यक सावधानीहरु अपनाइएको छ । एकै दिनमा एक पटक वा पटकपटक गरी रू. १० लाख भन्दा बढी बचत जम्मा गर्ने सदस्यहरुको रकमको स्रोत खुलाउने र भुक्तानी लिने सदस्यहरुको उपभोगको उद्देश्यको बारेमा जानकरी लिने गरिएको छ । रू. १० लाख भन्दा माथिको आर्थिक कारोवारलाई चेकमार्फत् भुक्तानी गर्ने गरिएको छ र सकेसम्म नगद भन्दा चेक कारोवार मार्फत सदस्यहरुलाई कारोवार गर्नका लागि प्रोत्साहित गरिएको छ । संस्थाबाट खरिद गरिने सामग्रीको बिल तथा अन्य भुक्तानी गर्दा सम्बन्धित संस्था वा कम्पनीको नाममा बैंक चेक तथा भौचर मार्फत गर्ने गरिएको छ । संस्थाबाट रू. १ लाखभन्दा माथिको भुक्तानी पाउने व्यक्तिको आधिकारिक परिचय-पत्र प्रतिलिपि राख्ने व्यवस्था गरिएको छ । संस्थाबाट लगानी गरिने धितो कर्जामा कर्जाको उद्देश्य

